CC-0. In Public Domain. Digitization by eGangotri

मच्छिन्द्रनाथको सवारी

A351

राजेन्द्रकुमार आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सङ्कलन/लेखन/सम्पादन

राजेन्द्रकुमार आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतिको नाम : मच्छिन्द्रनाथको सवारी

विधा : लोककथा

संस्करण : प्रथम

प्रकाशन वर्ष : वि.सं. २०७५/ने.सं. ११३८ /इ. २०१८

सङ्कलन, लेखन तथा सम्पादन : राजेन्द्रकुमार आचार्य 'राकुआ' ९७४७०००१०८

प्रकाशक : स्वयम्

सर्वाधिकार : लेखकमा

प्रकाशित संख्या : ५०० प्रति

टङ्कण : सीता घिमिरे/मञ्जु पुन

आवरण चित्र : सुमित्रा राना

कम्प्युटर रूपाङ्कन : शालिकराम भुसाल
(९८५७०५८३७८, पाकरी डिजाइनिङ)

मूल्य : रु. १५०।–

मुद्रण : पाकरी प्रकाशन प्रा.लि.
बुटवल–११, कालिकानगर
Email: pakarigraphics1@gmail.com

Machchhindranathako Sawari
Folktales by Rajendra Kumar Acharya.

ISBN 978-9937-2-9613-7

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण



वे. लीलाधर आचार्य

(१९५८–२०३१)

यो किताब पूज्य पितामा, जसले आफ्नै बूढो घरमा दलाने पाठशाला चलाएर आइमाईलाई वेद र शूद्रलाई विद्या पढायो भनी विरोध गर्ने ठुलाठालुलाई चुनौती दिँदै ठुल्दिदी मानकुमारी (१९८७ सान्ने, अर्घाखाँची–२०७२ चप्परगाउँ, कपिलवस्तु), कन्नापरि काल्चे सार्की भनिने पुछारे ठुल्दाइ (१९९४ रानीचौर–२०७२ ऐ.) तथा कुलबहादुर घर्ती (१९६८–२०५५ रानीचौर, भिरमुनि) लाई साक्षरताको साथै क्रमश: वेद कण्डिका, सत्यनारायण पूजाविधि र पात्रो हेर्ने तरिका सिकाउनु भयो अनि मैले पनि उहाँबाटै दश वर्षतक 'सामै क'देखि 'यजुर्वेद तल्लिबिस'सम्म घोकें अनि पछिसम्म लोकाख्यानहरु सुनें-गुनें।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

– प्रा.डा. चूडामणि बन्धु

श्री राजेन्द्रकुमार आचार्यका लोककथाहरूको सङ्ग्रह "मच्छिन्द्रनाथको सवारी" आद्योपान्त पढें। विभिन्न स्रोतबाट लिइएका विभिन्न किसिमका पौराणिक कथा र किंवदन्तीलाई लिपिबद्ध गरी यो संग्रह तयार गरिएको छ। पौराणिक कथालाई कतिले मिथक पनि भनेका छन् र किंवदन्तीलाई अनुश्रुति। पौराणिक कथाको महत्त्वले गर्दा यसको विवेचना गर्ने पुराशास्त्र नै छ। पौराणिक कथा र किंवदन्तीका सन्दर्भमा लोककथाबारे चर्चा गर्नु यहाँ प्रासंगिक नै होला।

बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्रका रूपमा नेपालका विभिन्न समुदायमा लोककथाका आ-आफ्नै भाषिक तथा सांस्कृतिक परम्परा छन्। हिन्दू र बौद्धहरूको शास्त्रीय परम्पराबाट आएका कथाहरू एकातिर छन् भने भारोपेली, भोट-बर्मेली र आग्नेयवंशी भाषा-भाषीहरूका लोककथाहरू पनि छन्। नेपाली लोकजीवनमा प्रचलित काठमाडौं उपत्यका, पहाडी, तराई तथा किराँती समुदायमा लोककथाको खजाना नै पाइन्छ। यस्ता लोककथाको विस्तृत अध्ययन अझै पनि हुन सकेको छैन।

नेपाली लोककथालाई सर्वप्रथम दुई वर्गमा छुट्याउन सकिन्छ। एक थरी यस्ता कथाहरू छन् जो सधै सत्यका रूपमा सुन्ने-सुनाउने गरिन्छ। सुन्नेले कथामा विश्वास गरेर साँचो कथाको रूपमा सुन्छन् भने भन्नेहरूले ती कथालाई आस्थापूर्वक प्रस्तुत गरेर सत्य कथाका रूपमा नै भन्ने गर्छन्। सत्य कथाका रूपमा भनिने कथाहरू पनि दुई प्रकारका छन्– पौराणिक कथा र किंवदन्तीहरू। पौराणिक कथाहरू विश्व ब्रह्माण्डको सृष्टि, प्रकृति वा अलौकिक शक्ति र ईश्वरसँग सम्बन्धित हुन्छन् भने किंवदन्तीहरू चाहीं इतिहासका वीरहरू, विशिष्ट पुरुषहरू, साधु-सन्तका जीवनका घटना वा स्थानसँग जोडिएका हुन्छन्। पौराणिक कथाहरूमा काल्पनिकताको अंश प्रचुर मात्रामा भए जस्तै धार्मिक भावना र आस्था पनि मिसिएका हुन्छन् भने किंवदन्तीहरूमा केही यथार्थका साथ आस्था र कल्पनाको मिश्रण भएको पाइन्छ। कुनै कुनै समाजमा पौराणिक कथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा किंवदन्तीहरूलाई छुट्याउन गाह्रो पर्ने हुँदा एउटै कथालाई कसैले पौराणिक कथा र कसैले किंवदन्ती भनेको पनि सुनिन्छ। उदाहरणका निम्ति, पाटनको भोटो जात्रा, काठमाडौंको इन्द्रजात्रा र भक्तपुरको बिस्केट जात्रासँग सम्बद्ध कथाहरूलाई प्रस्तुत गर्न सकिन्छ। यस्ता कथालाई कसैले पौराणिक कथा भनेका छन् भने कसैले किंवदन्ती। विभिन्न देवदेवीहरू, चाडपर्व र धार्मिक स्थलहरूको उत्पत्तिसँग सम्बद्ध यी कथाहरू आस्थामूलक हुनाले सृष्टि र स्थितिको व्याख्या गरेका र ती व्याख्यालाई समाजले सत्यका रूपमा ग्रहण गरेको पाइन्छ।

पौराणिक कथा अर्थात् मिथकहरूमा समाजका मूल्य र मान्यता तथा विधिनिषेधहरू जोडिएका हुन्छन्। मिथकहरू किंवदन्ती र दन्त्यकथाभन्दा भिन्न हुन्। मिथकमा देवीदेवता आदि अतिमानवीय चरित्र हुन्छन्। यी चरित्र यथार्थभन्दा भिन्न काल्पनिक जगतका हुन्छन् तर यिनीहरूप्रति समाजको श्रद्धा हुन्छ। किंवदन्तीहरू भने मिथक जस्तै भए पनि ऐतिहासिकता ग्रहण गरेका हुन्छन् र समाजका निम्ति यी केही पवित्र र केही श्रद्धापूर्ण पनि हुन्छन्। सामान्य बोलीचालीमा मिथकलाई यथार्थभन्दा भिन्न काल्पनिक पनि भनिन्छ। संस्कृत वाङ्मय परम्परामा यस्ता कथालाई पुराण भनिन्छ। पुराणहरूको अध्ययन गर्ने विषयलाई पुराण वा पुराशास्त्र भनिएको छ। विभिन्न समाजमा रहेका मिथकहरूको तुलनात्मक अध्ययन गर्ने विषयलाई तुलनात्मक पुराशास्त्र (comparative mythology) भनिन्छ।

किंवदन्ती अर्थात् जनश्रुतिले यथार्थमा टेकेर सत्य कुरा भनेको जस्तो लागे पनि ती सबै कुरालाई सत्य प्रमाणित गर्न कठिन हुन्छ। कतिपय थाहा भएका स्थान, घटना र व्यक्तिसँग सम्बद्ध यस्ता कथाहरूमा आस्थाका अलिकति र कल्पनाका केही अंश हुन्छन्। यस्ता कथाहरूलाई लयबद्ध गरी गेय रूपमा प्रस्तुत गर्दा गाथा वा गीत भनिन्छन् र यस्ता गाथाहरू चैत, चाँचरी, भारत र कर्खाका रूपमा नेपाली समाजमा प्रचलित छन्। केही यस्ता कथाहरू नाम र स्थानसँग सम्बद्ध हुन्छन्। यस्ता कथा प्रारम्भ गर्दा प्रायः 'परापूर्वकालमा', 'अघि' अथवा 'उहिल्यैको कुरा हो' भनेर थालिन्छ। यस्ता केही कथा खास खास राजाका राज्यकालमा घटेका घटनाका रूपमा पनि प्रचलित हुन्छन्। उदाहरणका रूपमा बिस्केट जात्राको कथा भक्तपुरका राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवदेवसँग, भोटोजात्राको कथा ललितपुरका गुणकामदेवसँग, गाईजात्राको कथा कान्तिपुरका जयस्थिति मल्लसँग जोडिएका छन्। यस्ता पौराणिक तथा ऐतिहासिक लोककथाका अन्त्यमा कथ्य विषयको प्रतिपादन गरिन्छ। यस्ता कथाहरू पूजा-आजा, अनुष्ठान र विधि-विधानसँग पनि सम्बद्ध हुन्छन्।

परीकथा भनिने लोककथाहरूमा असाधारण सुन्दरी राजकुमारीहरूको खोज र प्राप्ति, अभियानपूर्ण तथा आश्चर्यजनक घटनाहरू हुन्छन्। केही कथाहरूमा नायक लामो यात्रामा निस्कन्छ, टाढा टाढा पुगेर सफलता प्राप्त गरी फर्किन्छ। राजाले जनतालाई न्याय दिने र दोषीलाई दण्ड दिने गर्छन्। राजाका धेरै रानी हुन्छन् तर कान्छी रानी, कान्छो छोरो र कान्छी छोरीहरू कुनै न कुनै रूपमा आफ्ना विशिष्टता प्रदर्शन गर्दछन्। नेपाली परीकथाहरूमा परीहरू, वीर र साहसीहरूलाई मन पराउने र सहयोग गर्ने खालका छन्। कतिपय कथाहरूमा राक्षसहरू पात्रका रूपमा छन्। काठमाडौं उपत्यका, पहाडी र हिमाली क्षेत्र तथा तराईका कथाहरूमा पनि राक्षसहरू छन्। राक्षस र राक्षसीहरूलाई डर लाग्दा दाह्रा भएका, ठूलो शरीर भएका, मान्छेका टाउकाका माला लाउने र कन्धनीमा घण्ट झुण्ड्याउने नरभक्षीका रूपमा चित्रण गरिएका छन्। राक्षसहरू मान्छेसरह मान्छेहरूसँग बोल्छन् र आफ्नो सामर्थ्य अनुसार विभिन्न रूप धारण गर्दछन्। धेरै जसो कथाहरूमा राक्षसहरूलाई मारेको, वशमा पारेको वा हराएको देखिन्छ। भूत-प्रेतका कथाहरूमा सेता र काला भूतहरू हुन्छन् र स्थानीय विश्वासअनुसार यी भूतहरू फरक फरक छन्। पौराणिक कथाहरूमा पनि देवताका गणका रूपमा भूत र प्रेतहरूको नाम लिइन्छ। तन्त्रमन्त्र, टुनामुना, झारफुक, आदि कार्यका साथै जादू गर्ने र मोहनी लगाउने कुरा पनि लोककथाहरूमा आउँछन्। अतिमानवीय चरित्र भएका परी, देवकन्या, राजकुमार र राजकुमारी जस्ता पात्रहरू र अतिरञ्जनात्मक घटनाले भरिएका कथाहरूले श्रोतालाई सम्मोहित पारेर अनौठो संसारमा लैजान्छन्।

नेपाली समाजले नीतिकथाको लामो परम्परालाई बहन गर्दै आएको छ। बृहत्कथालाई पैशाचीबाट संस्कृतमा नेपालकै बुधस्वामीले चौथो शताब्दीतिर रूपान्तरित गरेको बताइन्छ। पञ्चतन्त्र र हितोपदेशको परम्परासँग मात्र होइन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समाज आफ्नो तन्त्राख्यानको परम्परासँग पनि परिचित छ। बौद्ध जातक कथाहरूसँग पनि नेपाली बौद्ध समुदायको परिचय छ। यिनका साथै हिमाली, पहाडी र तराई क्षेत्रमा प्रचलित नीतिकथाहरू छन्। नीतिकथाहरूमा एक थरी यस्ता पनि छन् जसका पात्र पशु-पंक्षीहरू मात्र वा पशुपंक्षी र मानिस पनि हुन्छन्। लेख्य परम्पराबाट लोकमा फैलेका केही पशुकथा पनि छन् र लोकमै प्रचलित कथाहरू पनि पाइन्छन्। यस्ता पात्रहरूमा पशु-पंक्षीहरू सहायक पात्रका रूपमा आउन सक्छन्। कुनै बुद्धिमान व्यक्ति, बूढो पाको मान्छे वा बाबुले छोरालाई उपदेश दिएका धेरै कथाहरू नेपाली समाजमा प्रचलित छन्।

नेपाली समाजमा बुद्धिमानी, बठ्याइँ र चलाखीका कथाहरू त छँदैछन्, मुर्ख्याइँका कथाहरू पनि पाइन्छन्। बाठाहरूले समस्याको समाधान गर्छन् र अरूको भलो गर्छन्। केही बाठाहरू लोभी, धूर्त र ठग पनि हुन्छन्। केही लोककथामा चतुरे नामको बाठो पात्रले अरूलाई ठगेको वा उल्ल्याएको पाइन्छ भने लठेब्राहरू दयाका पात्र भएका पनि भेटिन्छन्। मनोरञ्जनका निम्ति भनिने कथाहरूमा कुनै ठाउँ, कुनै जाति र व्यक्तिसँग सम्बद्ध कथाहरू पनि आउँछन्। यस्ता कथाहरू छोटा हुन्छन् र भन्नेहरूले आवश्यकतानुसार जोडजाड र थपघट गरी भनेका हुन्छन्।

लोककथाहरूमा सरल र स्वाभाविक रूपले बोधगम्य भाषाको प्रयोग पाइन्छ। एक पटक सुनेपछि बुझिने किसिमको भाषाको प्रयोग यस्ता लोककथाहरूमा गरिएको हुन्छ। पद्यमा भनिने गाथाहरूमा भने भाषाको प्राचीन रूप भेटिन सक्छ। रहस्य, रोमाञ्च र कौतूहलको समावेश धेरै जसो लोककथाहरूमा पाइन्छ। मिथक कथा र दन्त्यकथाहरू अलौकिक तथा अतिशयोक्तिपूर्ण घटनाहरूले भरिएका हुन्छन्।

श्री राजेन्द्रकुमार आचार्यले पौराणिक कथा र किंवदन्तीहरूको सङ्कलन, तिनको पुनर्लेखन तथा सम्पादन गरी प्रस्तुत गर्नु भएको छ। यी लोककथाहरू रोचक र ज्ञानबर्द्धक छन्। नेपाली भाषी समाजले उहाँबाट यस्तै पाठ्यसामग्री पाइरहोस् भनी हार्दिक कामना व्यक्त गर्दछु।

पाल्पा, हालः सानेपा, ललितपुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यको 'मच्छिन्द्रनाथको सवारी': नेपाली लोककथाको महत्त्वपूर्ण कृति

– प्रा.डा.जीवेन्द्र देव गिर

सदस्य सचि

नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमा

अर्घाखाँची जिल्ला मच्याङ सान्ने निवासी राजेन्द्रकुमार आचार्यको सङ्कल र लेखनमा 'मच्छिन्द्रनाथको सवारी' लोककथा सङ्ग्रह प्रकाशनमा आएको छ नेपाली भाषा र साहित्यका क्षेत्रमा समर्पित लेखक आचार्यको 'केन्द्रीय नेपाल शब्दकोश' २०६० र 'पचहत्तर जिल्लाका लोककथा' २०७३ जस्ता उल्लेखनी कृति यसअगि नै प्रकाशित भइ सकेका हुन्। दुर्गमभन्दा दुर्गम ठाउँमा पुगे शोधखोजका कार्य गर्ने र समाजलाई उपयोगी कृति सुम्पने आचार्यले आफ्न गम्भीर र उत्तरदायित्वपूर्ण लेखनको परिचय दिइ सक्नु भएको छ। प्रस्तुत कृतिक लागि पनि उहाँले नेपाली वाङ्मयमा डुबुल्की लगाउनुका साथै यहाँको भूगोलक अनेक फाँटहरू चहार्नु भएको छ। समाजमा छरिएर रहेका सामग्रीको मूल्य बुझ र त्यसको जगेर्ना गर्दै समाजका पोल्टामा हालि दिने आचार्यको काम प्रशंसनी र अनुकरणीय छ। प्रस्तुत कृति प्रकाशनको यस सुखद अवसरमा म उहाँप्रे हार्दिक बधाई तथा शुभ कामना व्यक्त गर्दै यो कृति समाजमा ज्ञानको विस्तार ग र लोकप्रियता प्राप्त गर्न सफल हुने विश्वास प्रकट गर्दछु।

लोकवार्ताका क्षेत्रमा लोक साहित्यको विशिष्ट महत्त्व छ र लो साहित्यको एक चर्चित विधा लोककथा हो भन्ने कुरा हामी सबैलाई था छ। मौखिक परम्परा अन्तर्गत भन्दै र सुन्दै आइएका लोककथाको संरक्ष समाजबाट नै हुँदै आएको छ। वर्तमान मुद्रण युगले तीमध्ये कतिपयला लिखित रूप दिए पनि अझै ठुलो सङ्ख्यामा ती मान्छेका मुखमै झुन्डिएक छन्। अझ कतिपय त पुस्तान्तरण हुन नपाई समयका गर्भमा विलीन हुन पु पुगेका छन्। अतः तिनको सङ्कलनको काम मात्र पनि विशेष अर्थपूर्ण छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न भाषा र भाषिकामा कथिन्छन्। त्यसैले भाषिक अध्ययनका दृष्टिले पनि तिनको महत्ता रहेको छ। तिनमा समाजका सुखदुःख, आरोह अवरोह, सङ्घर्ष सम्मिलन, उथलपुथल, उन्नति अवनति आदिका मार्मिक घटनाहरू उनिएका हुन्छन्। त्यसैले इतिहासका कैयन् पानाहरू त्यहाँ सुरक्षित भेटिन्छन्। अनेक व्यक्ति र तिनका थातथला चहार्दा इतिहासका कतिपय तथ्यहरू फरक पर्न सक्छन् तापनि त्यहाँ प्राप्त हुने ऐतिहासिक सामग्रीले इतिहासलाई बुझ्न ठुलो मद्दत पुऱ्याउँछन्। संस्कृतिका कैयन् विशेषताहरू तिनले आत्मसात् गरेका हुन्छन् जसले कुनै पनि समाजका विशेषता बुझ्न ठुलो सघाउ पुग्छ। यसरी नै धार्मिक पौराणिक अनेक विषयहरू तिनमा अन्तर्निहित हुन्छन्। अतः कुनै पनि समाजलाई बुझ्न लोककथाको आँखीझ्याल विशेष सहयोगी बन्दछ।

'मच्छिन्द्रनाथको सवारी' लोककथा सङ्ग्रहका लेखकले यहाँ सङ्कलित लोककथाहरूको सङ्कलनका लागि धेरै ठाउँको फन्को लगाएको पाइन्छ। कहिले बैतडी, कहिले पनौती, कहिले जुम्ला, कहिले हेटौँडा, कहिले कोसी अनि कहिले काठमाडौँका विभिन्न ठाउँ र कहिले आफू हुर्केबढेको सेरोफेरोका साथै अन्य ठाउँहरूमा पनि उहाँ पुग्नु भएको पाइन्छ। इतिहास, पुराण, किंवदन्ती र धर्मशास्त्रतिर पनि उहाँका आँखा पुगेका छन्। कसैले यहाँ सङ्कलित कथाबारे कतै केही उल्लेख गरेको पाइएमा त्यसलाई पनि इमानकासाथ अङ्कित गर्ने काम उहाँले गर्नु भएको छ। अतः सङ्कलित सामग्रीको विश्वसनीयताका दृष्टिले भर पर्न सकिने तुल्याउन उहाँले परिश्रम गर्नु भएको छ।

यी लोककथाहरू पढ्दा कैयन् रहस्यहरू खुल्ने भएकाले यी रोचक छन्। कतिपय पर्व मनाउनुका कारण यिनमा फेला पर्छन्, कतिपय ठाउँका नामकरणका आधार यिनले खुलस्त पारि दिन्छन् भने अन्य अनेक जिज्ञासा मेटाउने काम यिनले गर्दछन्। असनको अन्नपूर्ण मन्दिरको माछो किन पुजियो, राजा र मन्त्री जस्ता व्यक्तिमा कस्ता कमजोरी पाइन्छन्, टुनामुनाका बलले मान्छे किरो (बाघ) मा कसरी परिणत भयो, हाँडीगाउँको गहना पोखरी नामको अन्तर्यमा के छ, मान्छेको मृत्यु निम्त्याउने कालेश्वर कसरी अस्तित्वमा आए, बादल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र बाढीले कसरी साउने सङ्क्रान्तिलाई कालो सङ्क्रान्तिमा परिणत गरे जस्तो कुराका उत्तर यिनमा पाइन्छन् । बालकको मृत्युशोकमा छटपटाएकी आमा पिर बुद्धले कसरी अन्त्य गरे, कोरले गलेकी रोहिणीको असल विचारले कसरी उनको उद्धार भयो, कोर जस्तो रोग जडीबुटीले निको पारी काशीराज र कोसल राजपुत्रीका कारण कोलीय जनपदका देवदह र रामग्राम कसरी खडा भए, गजुलकोटमा तुथासेन कसरी सजिलैसित राजा भए, गढीमाईँको उत्पत्ति कसरी भयो भन्ने कुराको नालिबेली पनि यहाँ पाइन्छ ।

यहाँका कथामा घुम्टेको लेकमा भीमसेनको बल परीक्षण, बर्जुताल यक्षराज र युधिष्ठिरको सबाल जबाफ, कर्णाली प्रदेशको एउटा गाउँको नाम चिलखाया हुनुको कारण, चोभारमा आदिनाथको स्थापनाको रहस्य, सतीदेवीको लासका अङ्गहरू झरि सकेर महादेवको जिउ छ्याङ्ङ भएको आँधीखोला छ्याङछ्याङ्दी तीर्थको उदय र मान्छेले जनै लगाउन सुरु गर्नुका कारण जस्ता विषयहरूले पनि स्थान पाएका छन् । मानसरोवर वा कैलाश यात्राको विकट टौदहका कर्कोटक नागको शक्ति, पहाडका ठाउँमा अनिकाल पर्दा बेसाहा लागि बेहोर्नु परेको सास्ती, बैतडीकी त्रिपुरा सुन्दरीको उदय र महिमा, कुल राजाहरूले प्राचीन कालमा गर्ने अत्याचार, बलात्कार र त्यसले निम्त्याउने यु तथा त्यसका परिणाम जस्ता कुराहरूको वर्णन यहाँ भेटिन्छ ।

'मच्छिन्द्रनाथको सवारी' कथा सङ्ग्रहभित्र स्वर्गका चर्तिकला, बुद्ध प्रभाव, नदीखोलाको वार्तालाप र क्रियाशीलता, इन्द्रको छल, गुरुवा परम्पर गृहिणीको धुत्याइँ, भीमफेदी र भैँसेको नामकरण, भुरेटाकुरे राजा छान्ने प्रचलन मच्छिन्द्रनाथको रथयात्राको महिमा जस्ता विषयले प्रवेश पाएका छन् । यसक साथै यहाँका कथाहरूमा पौराणिक पात्र मन्दोदरीको जन्म र कर्म, काठमाडौँक टोखाका मसानकाली र चण्डेश्वरीको उत्पत्ति, हरिसिङ राजाले बनाउन लगाएक हरिकोट र रामबारीको निर्माण, इन्द्रको आदेशमा प्रम्लोचा अप्सराद्वारा रुरुक्षेत्रम देवदत्त ऋषिको तपस्या भङ्ग र प्रणय लीलाको परिणाम, मूर्ख चेलाका कारण गुरु भोगेको यातना, कोसी प्रदेशको वराह क्षेत्रसँग सम्बन्धित पौराणिक प्रसङ्ग, ब

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोभ गर्दा ठुलो उपलब्धि गुमाउनु परेको पछुतो र हेटौँडा एवम् त्यहाँका भुटन देवी था हेडम्बीका सन्दर्भसँग पाठकलाई नजिक्याउने प्रयत्न गरिएको छ। समग्रमा ी कथाहरूले नेपाली जन जीवनका भोगाइ, सोचाइ र परिवेशलाई टिपेका छन् मनोरञ्जनका साथै शिक्षा प्रदान गर्दै महत्त्वपूर्ण जानकारी पस्कने काम गरेका छन्। कथाहरू पठनीय र रुचिकर छन्। नेपाली समाजलाई चिन्न यिनले सहयोग ्याउँछन्। समाजमा के छ भन्ने थाहा भएपछि नै त्यसलाई रूपान्तरण गर्न के गर्नु र्छ भन्ने कुराको निधो गर्न सकिन्छ। त्यस दृष्टिले पनि यी उपयोगी छन्।

यी कथाहरूले नेपाली समाज र यहाँको इतिहास, संस्कृति एवम् ूगोलका विभिन्न तथ्यहरूसँग हामीलाई परिचित गराएका छन्। यहाँ यात्रा निबन्धका ाँटले पनि कतिपय वर्णनहरू प्रस्तुत छन्। स्थानीय बोलीका शब्द, वार्तालाप, टुक्का ादिमा नेपाली भाषाको विविधतामय स्वाद यहाँ चाख्न पाइन्छ। यी लोककथाहरूलाई ाधार बनाएर विभिन्न पक्षबाट नेपाली समाजको अध्ययन गर्न सकिन्छ। समाज ास्त्रीय र मनोवैज्ञानिक ध्ययन गर्नेहरूले पनि यिनमा र्याप्त खुराक फेला पार्ने छन्। स प्रकारका सामग्री नेपाली ाङ्मयलाई सुम्पने लेखक ाचार्यका पाइलाहरू ज्ञानको ोजीमा निरन्तर अगि बढि हून्। यही मेरो हार्दिक भकामना!



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक लोककथाका रहमा नाकेबुडी खेल्दा

■ उत्तरकुमार पराज

कुराको कोथो :

राजेन्द्रकुमार आचार्य, कस्तै विषय परिवेशमा पनि सिर्जनालाई छाडेर खुम्च्याएर बस्न नसक्ने व्यक्तिको नाम हो। जीवनमा थुप्रै उकाली-ओह्राली सिर्जनाको फुड्किले लौरो टेक्दै विभिन्न बिसौनामा पसिनाका छाप छो हिंड्न उहाँ सफल हुनुहुन्छ। शिक्षाशास्त्रमा मूल्याङ्कन र शिक्षणविधि विषय पाठ्यक्रममा आधारित पाठ्यवस्तु प्रकाशन गरेर सम्बन्धित विद्यार्थीको जित्नु भएका आचार्यले मध्यपश्चिमतिरको बसाइका क्रममा 'केन्द्रीय नेपा शब्दकोश' प्रकाशन गर्नुभएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानमार्फत् २०७० 'पचहत्तर जिल्लाका लोककथा'को शोध तथा २०७३ मा प्रकाशन गरिस भएका आचार्य अहिले ऐतिहासिक लोककथा सङ्ग्रह 'मच्छिन्द्रनाथको सव लिएर पाठक बजारमा आउने तयारीमा हुनुहुन्छ। साह्रै खुसीको कुरा!

लोककथासम्बन्धी केही कुराः

लोककथा त लेखिने शब्द हो, हाम्रो गाउँघरमा चलनचल्तीको शब्द सास्तर हो, कथा हो। कालिकोट, हुम्ला-जुम्लातिर साइतर भन्ने रहेछन्। दुई दुईभन्दा बढी मानिसको फुर्सदिलो जमघटमा रमाइलोसित समय कटाउन य सामग्री निकै घतलाग्दा हुन्छन्। कृषि तथा पशुपालनले व्यस्त ग्रामीण जीव गोठालो जाँदा, ढाक्रे जाँदा, जन्त जाँदा, घाटमा जाँदा, सामूहिक मेलामा क गर्दा (रोपाइँ गर्दा, गरा गोड्दा, कोदो रोप्दा, दाइँ हाल्दा, धान काट्दा.....) य कथाले कामदारको जाँगरलाई सधै ताजा राख्न सघाउँछ। भजन-कीर्तन भजनेले भजन बिसाएको बेलाको समयलाई रमाइलो पार्न पनि लोककथाले सघाउँछन्। सामान्य संवाद बुझ्ने भैसकेका नानीबाबुहरूलाई रमाइलोसँग भुला बहुमूल्य अस्त्र हुन्छ सास्तर। साँझमा भट्ट ननिदाएर हैरान पार्ने नानीहरूका ल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नि लोककथा निदरीको अचुक ओखती बन्छन्। भदौको चर्को गर्मीमा दिनभरि कै भाँच्ने कामको थकाइले पलस्त परेका अवस्थामा राती अबेरसम्म तिनै दिउँसो ाँचेका मकै खोसल्ने, नङ्ग्याउने, खोल्याउने वा झोंता पार्ने कामलाई रमाइलो पारी द्रा भगाउन पनि लोककथाको विशिष्ट सहयोग हुनेगर्छ। त्यसैले लोककथा हाम्रो ीवन सञ्चालनको हतेरो बनेको छ, झिक्रो बनेको छ।

लोककथा कहने इतिहासलाई खोज्दै जाँदा महर्षि वाल्मीकिद्वारा रचित हारामायणसमेतको नामले चिनिने योग वाशिष्ठको तेस्रो प्रकरण (उत्पत्ति प्रकरण) ो १०१ औं सर्गमा धाई आमालाई बालकले कथा हाल्न (भन्न) भनेको सन्दर्भ छ। लकको आग्रह अनुसार धाई आमाले एउटा रमाइलो कथा हाल्छिन्। त्यो कथा ै पौराणिक वा ऐतिहासिक सन्दर्भको नभई वास्तवमा बालबालिकालाई रमाइलो ाग्ने खालकै लोककथा छ। सो कथा सकिएपछि "यस्तै कथा राम्रोसँग जान्ने बुझ्ने ाऱ्यौ भने पण्डित हौला" भनी बालकलाई हौसाएको वा उत्प्रेरित गरेको सन्दर्भ पनि हाँ छ। यो त भयो परापूर्वकालको संस्कृत भाषाको चलनचल्तीका बेलाको कुरा।

नेपाली भाषा चलनचल्तीमा आएपछि आफ्ना पूर्खाबाट श्रुति परम्परामार्फत् ान्तरित हुँदै आएका श्रुतिकथाहरू नेपाली भाषामा रूपान्तरित भई सुनाइँदै आए। ख्य प्रमाण नभएका यस्ता कथालाई दन्त्यकथा भनियो। अहिले पनि पौराणिक थाको सन्दर्भमा लेख्य प्रमाण बाहेकका थपथाप गरी भन्नुपर्दा दन्त्यमा यस्तो कुरा ो पाइन्छ भनी पण्डितहरूले भन्ने गर्छन्। पौराणिक ग्रन्थहरूमा आधारित भजनहरूमा न यस्तै थुप्रै दन्त्य प्रसङ्गहरू पाइन्छन्। यसरी दाँत र कानका भरमा बाँचेका नेपाली थाहरूलाई लेख्य रूपमा सङ्ग्रह गर्ने कामको सुरुवात महानन्द पौडेलको हाम्रा ी लोककथाहरू (१९९०), बोधविक्रम अधिकारीको नेपाली दन्त्यकथा (१९९५) व भएको पाइन्छ। नेपाली भाषा प्रकाशिनी समितिले नेपालका विभिन्न भागका ककथाहरूको खोजी तथा सङ्कलनका लागि विशेष जोड दिँदै मिति १९९९/० २९ मा "उप्रान्त नेपाली भाषाको उन्नतिका निमित्त दन्त्यकथा सङ्ग्रह गरी पठाउनू" ेसमेतको व्यहोराको पत्र गढी, गौंडा र गोश्वारालाई पठाएको पाइन्छ। यसपछि लतजङ्ग सिजापतिको दन्त्यकथा माला (२००३), सुवर्ण शमशेरको दन्त्यकथा ००५), जुजुराम कुस्लेको सुनौलाकथा (२०१६), इमानसिँह चेमजोङको किराँती

छन्द्रनाथको सवारी (लोककथा संग्रह)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दन्त्यकथा (२०२१), करुणाकर वैद्यको नेपाली दन्त्यकथा सङ्ग्रह (२०२४), पा गोपर्माको बुहारी (२०२४), प्रदीप रिमालको कर्णाली लोक संस्कृति खण्ड (२०२८), तुलसी दिवसद्वारा सम्पादित नेपाली लोककथा (२०३१), अरूणा उप्रेती लोककथा (२०३६), विजय चालिसेको डोटेली लोक संस्कृति र साहित्य (२० आदि मुख्य छन्। यसपछि पाठयक्रम विकास केन्द्र सानोठिमीले वि.सं. २०५० दशकमा बालबोध नामको शृङ्लाको रूपमा प्रकाशित बाल पाठ्य सामग्रीमा लोककथाहरू प्रकाशित गरेको छ भने डा.चूडामणि बन्धुको नेपाली लोकस (२०५९), उत्तरकुमार पराजुलीका प्रचलित लोककथाहरू (२०६१) र प्रचलित लोककथा (२०७१) पनि नेपाली लोककथाका क्षेत्रमा आएका केही नवीन कृति अहिले पनि देशका विभिन्न ठाउँमा कैयौँ लोककथा सङ्कलकहरूले लोककथ पुस्तकहरू प्रकाशन गरेका होलान्। पत्र-पत्रिकामा फुटकर रूपमा प्रकाशित भ लोककथाहरू कति छन् कति। साझा प्रकाशन, नेपाल प्रज्ञा प्रतिष्ठान, जनक शि सामग्री केन्द्र, पाठयक्रम विकास केन्द्र जस्ता निकायहरूले त्यस्ता छरिएर कृतिको सङ्ग्रह गर्ने नीति बनाउने हो भने पाठकलाई कृति प्राप्त गर्न सजिलो ह सङ्कलकलाई दोहोरिएर हैरानी हुने झमेला पनि नहुने हुन सक्थ्यो। यो लोककथ क्षेत्रमा गर्न बाँकी रहेको काम हो।

सामाजिक ऐनाको रूपमा लोककथा–

लोककथा लेख्नेलाई लोककथा लेखक नभनेर सङ्कलक भन्ने गरिन्छ। य लोककथा क्षेत्रमा लागी गाउँघर, सहर बजारमा श्रुति परम्परामा बाँचेका कथाहरू लिपिबद्ध गर्ने व्यक्तिको गुरुत्व हलुङ्गिएको जस्तो लाग्न सक्छ। तर लोककथ प्रथम सर्जक निरक्षर वा सामान्य साक्षर व्यक्ति पनि हुनसक्ने भएको र तिनीह त्यस्तै व्यक्तिहरूलाई श्रुति परम्पराबाट हस्तान्तरण गर्दै आएका कथालाई उनीह भाव र भावनालाई नखल्बल्याइकन लेख्नु झनै चुनौतीपूर्ण छ भन्ने कुराको हे सबैले राख्नु पर्ने हुन्छ। यो सङ्कलक उपाधिले ती अमुक प्रथम सर्जकको सि अधिकारलाई सुरक्षित राखेकोमा सबैले गौरव गर्नुपर्छ। यस कुराले साहित्य सि अक्षरद्वारा होइन विवेकद्वारा हुने कुरा हो भन्ने मूल्य-मान्यताको स्थापना गरेको छ मानव मात्रको लागि खुसी र सधै सम्झिरहने विषय हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजेन्द्रकुमार आचार्यज्यूको चालीसवटा कथाको सङ्क्षिप्त नालीबेली लगाउन खोज्दा बाह्रवटा सांस्कृतिक फाँटका, एघारवटा पौराणिक सन्दर्भका, छवटा ऐतिहासिक कोटीका, चारवटा जातक वर्गका र सातवटा सामान्य खालका भन्न सकिन्छ। धेरै जसो कथा हालका स्थाननामसित सम्बन्धित भएको र अझ कतिपय स्थाननाम नै कथाका विषयवस्तुले स्थापित गरेको उदाहरण चिलखाया, जोगीगौंडो, सुनदह, भैंसे, रामबारी जस्ता कथा शीर्षकले दिएका छन्। त्यसैले यस सङ्ग्रहको नाम ऐतिहासिक लोककथा सान्दर्भिक देखिन्छ।

लोककथामा देशका पूर्व, पश्चिम, उत्तर, दक्षिणका धेरै ठाउँ समेटिनु यस सङ्ग्रहको एक महत्त्वपूर्ण विशेषता हो। लोककथामा विभिन्न भाषिक क्षेत्रका भाषिकाको प्रयोग जस्ताको तस्तै हुनु यसको अर्को विशेषता हो। सङ्ग्रहको अन्तमा विभिन्न भाषिक शब्दका मानक नेपाली भाषामा अर्थ गर्नु यसको अर्को विशेषता हो भने विभिन्न क्षेत्रका जानकार व्यक्तिसँगको साक्षात्कार तथा सन्दर्भ-स्रोतको उल्लेख गर्नु यसको अर्को विशेषता हो। यी कुराहरूले यो लोककथा सङ्ग्रह अन्य लोककथा सङ्ग्रहभन्दा पृथक ढङ्गले आएको छ।

लोककथाहरूमा सन्देशमूलक विषयवस्तु हुन्छन् र यसमा रहेका केही सन्दर्भहरू कोट्याउने प्रयास गरिएको छ। 'अन्नपूर्णाको माछो' शीर्षकको कथाले आफूभन्दा सानाको कुरा पनि पत्याउनु पर्ने सन्देश दिएको छ भने 'आँप टिप्ने मन्त्र'ले तन्त्रमन्त्रको रमाइलो दिएको छ। 'औंठी लाएको किरो'मा पनि तन्त्रमन्त्रकै रमाइलो छ र थप कुरा त कथाको प्राचीनता र बटौलीको आधुनिकताको अनौठो संयोजन यसमा रहेको छ। 'कालो सङ्क्रान्ति' तथा 'कृशा गौतमी'का पीडा र 'कोर सञ्चो भयो' को आनन्द सम्झन लायक छ। 'चिमडीदह अर्थात् बर्जुतालमा यक्ष'को विषयवस्तु पश्चिमको खल्लागाडको विषयवस्तुसँग मिल्न गएको छ। लोककथाहरूमा यस्ता कुराहरू यदाकदा मिल्नुलाई स्वाभाविकै मानिन्छ।

'चिलखाया' कथाले आफ्नो व्यवहारअनुसार अरूले प्रतिक्रिया दिन्छन् भन्ने ज्ञान दिन सफल छ। 'जनैको कथा' भौतिकवादी विश्लेषणका आधारमा कति यथार्थपरक छ। व्रतबन्धको बेला कुशको जनै लगाउने सन्दर्भ कति प्रतीकात्मक रहेछ भन्ने झझल्को दिने खालको छ। 'जोगीगौंडो' कथाले हाम्रो देशका पश्चिमी क्षेत्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको प्रतिनिधित्व गरेको छ र प्रस्तुति पनि प्रशंसनीय छ। 'ठुल्लुम्पेकमा पि सकिँदा' शीर्षकको कथाले गुल्मी र त्यस्तै पहाडी जिल्लाको प्रतिनिधित्व गरेको छ "लुम्पेक गयो पिठो सकियो, अस्लेवा गयो धर्म सकियो, लिम्घा गयो बाटो सकि जोहाङ गयो न्याय सकियो, बम्घा गयो बोली सकियो, दौँघा गयो पानी सकियो, लग्यो सबै सकियो" भन्ने प्रत्येक भनाइका त्यस्तै व्याख्या होलान्। यो गुल्मीमा चल्ने भनाइ हो। 'त्रिपुरासुन्दरीको उदय' कथाले शक्तिपीठहरूको प्रादुर्भावको छनक दिएको छ। 'नहुषलाई इन्द्रासन' कथाले पृथ्वीमै स्वर्ग रहेको अर्थपूर्ण व्या गरेको छ। 'बाठी बूढी' कथाले 'पाहुना तर्साउनू, खेतारा पल्काउनू' भन्ने कथनला छर्लङ्ग पारेको छ। 'भैयाद राजा' शीर्षकको कथाले इतिहासमा अरिदेवले मात्रै मल्ल उपाधि पाएका होइनन् भन्ने प्रमाण पेस गर्न सफल छ। 'मच्छिन्द्रनाथको सवा कथाले मच्छिन्द्रनाथलाई किन सहकालका द्यौता भनिएको रहेछ भन्ने तथ्य स पारेको छ। 'मन्दोदरीलाई फक्कैमा गाल' कथा भने विभिन्न शंकाका घेराबाट गुज्रे छ। 'रामबारी' शीर्षकले आफ्नै स्थाननामको र रुरुले रुरुक्षेत्रकै इतिहास बोलेको 'हेटगौंडा'बाट हेटौंडा नामकरण भएको तर्क निकै स्वाभाविक छ।

अन्त्यमा,

लोककथा कथ्य शैलीमा भन्दै, सुन्दै आइएको र लेख्दा हुबहु कथ्य शै प्रयोग गर्न गाह्रो पर्ने भएकाले सुन्दै आएको कथा पुस्तकमा पढ्दा केही फरक ज पनि लाग्न सक्छ। यो लोककथा पठनका सन्दर्भमा जहाँकहीं देखिने समस्या लोककथाका पाठक यस्तो सामान्य पृथकतामा अभ्यस्त हुनुपर्ने हुन्छ।

कृतिकार राजेन्द्रकुमार आचार्यका सफल प्रस्तुतिले युक्त यो लोककथा ग्रहको सफलताको कामना गर्दै नेपाली समाजको स्वरूप जस्ता यस्तै विविधता युक्त अन्य सङ्ग्रहहरू पनि आऊन् भन्ने कामना गर्छु।

सन्धिखर्क/बुट

हाल: शिक्षा मन्त्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्व कथन

■ राजेन्द्रकुमार आचार्य

नेपाली लोकजीवनका रोचक कथा-कुथुङ्ग्री, पण्डितहरूले जुराएका पौराणिक सन्दर्भहरूसित जोडिएका उटुङ्ग्याहा किस्सा, जात्रापर्वसँग गाँसिएका आंशिक इतिहास बक्ने किंवदन्तीहरू, जीवन-गाथासम्बन्धित तथ्यसमेत ओकल्ने कथ्यहरू मैले चालिसको दशकदेखि नै बटुल्दै गरेको थिएँ। गाउँले किसानी र पशुपालक जीवन पद्धति, प्रायः डाडु-पनियो समाउँदै खरी घोट्नु परेको व्यस्त नोकरी, बाउआमा चाँडै बितेर जेठासी सम्हाल्नु परेको अवस्था, पउल पैसोको अभाव आदि कारणले यी सामग्री समयमा प्रकाशित हुन सकेनन्। चालु दशकको सुरुमा, २०७० मा बल्ल यौटा लोककथा नेपाल प्रज्ञा प्रतिष्ठानको पुछे कार्य-योजनामा पऱ्यो र परार २०७३ मा 'पचहत्तर जिल्लाका लोककथा' नामले छापियो।

यसपालि, २०७२ सालमै पाण्डुलिपि तयार भएका ४० ओटा लोककथाहरूको यो बिटो ढिलो गरी आफै छपाउने सुरमा लागेको छु।

लोकसाहित्यका अग्रज विज्ञहरू प्रा.डा. चूडामणि बन्धु र प्रा.डा. जीवेन्द्रदेव गिरी तथा अनुज मर्मज्ञ उत्तरकुमार पराजुलीले मेरो अनुरोधलाई स्वीकार गरी सारगर्भित भूमिका लेखिदिनु भएकोमा उहाँहरूप्रति हृदयैदेखि कृतज्ञता प्रकट गर्दछु र ढिलो हुनगएकोमा क्षमा माग्न चाहन्छु। श्रुतिस्मृति सँगालेका जुन जुन व्यक्तिबाट मैले यी कथाहरू पाएँ, उहाँहरूप्रति हार्दिक रूपमा आभारी छु। जे जे स्रोत र अनुष्ठानबाट मलाई सामग्री उपलब्ध भए, ती स्रोत र अनुष्ठानका प्रस्तोताप्रति उत्तिकै नतमस्तक छु। स्रोत व्यक्ति र सामग्रीहरूलाई पुछारतिर राखेको पनि छु।

पहिले टिपेका कथाका स्रोत व्यक्तिहरूमध्ये केहीका नाउँ बिर्सिए, ऐले राख्न पाइएन। त्यसकालागि आफ्नै काँचो बुद्धिलाई अपजस दिनुबाहेक के पो हुन सक्छ र ? केही कथा संवादकै रूप-शैलीमा सुनेको र त्यहाँ प्रचलित केही भाषिका शब्द-लवजहरू सामान्य पाठकलाई 'अर्थ न बर्थ गोविन्द गाई' हुन्छन् कि भनेर मानक नेपाली अर्थ पनि दिने प्रयत्न गरेको छु।

यीमध्ये अधिकांश कथाहरू फुटकर रूपमा विभिन्न पत्र-पत्रिकाहरूले छापिदिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि छन्। तिनलाई पढेर मन पराई प्रतिक्रिया दिनु हुने तथा पुस्तकाकारमा छपा हौस्याउनु हुने विज्ञ तथा पाठकहरूलाई धन्यवाद दिन चाहन्छु। यो पुस्तकाकार कृ छापिएर तपाईंको हातमा परेपछि पढेर, रैछ भने रसास्वादन गरेर टिप्पणी-समीक्षासहि मलाई सुझाव दिनुहुन बिन्ती बिसाउँदै त्यसो भएमा यसैको आगामी संस्करण तथा अ पुस्तकाकार सामग्रीमा तिनलाई गुरुमन्त्रको रूपमा उपयोग गर्न पाउने छु।

सृजनारत रहन मलाई सम्मानित, पुरस्कृत एवम् अभिप्रेरित गर्ने लोकवार्ता परि नेपाल, नेपाल प्रज्ञा-प्रतिष्ठान, लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपाल, प्रेमा वाङ्मय प्रतिष्ठ नवलपरासी, पाणिनि साहित्य प्रतिष्ठान अर्घाखाँची, बुटवल साहित्य कला संस्कृ प्रतिष्ठान, साहित्य सङ्गम बुटवल, पोखराथोक साहित्य सङ्गम, तरङ्ग साहित्य स गम दमकडा, सुब्बेनी आमा रतनबाई खाती प्रतिष्ठान, शिवगढी साहित्य सङ्ग कपिलवस्तु, वाणगङ्गा पुस्तकालय तथा साहित्य प्रतिष्ठान, दधि स्मृति प्रतिष्ठ कपिलवस्तु, नव प्रतिभा सम्मान कोष बिसुनपुर, भिक्षु स्मृति प्रतिष्ठान, सिद्धार्थ साहि परिषद् सिद्धार्थनगर, सिर्जनशील साहित्य समाज भैरहवा, नागार्जुन साहित्य प्रतिष्ठ काठमाडौँ, साहित्य सन्ध्या काठमाडौँ, मनोहरा साहित्य समाज, रापती साहित्य परिष लावा डग्गर दाङ, देवदह साहित्य सङ्गम, अनुराग साहित्य सङ्गम देवदह, नेपा कमर्सियल आर्टिस्ट सङ्घ रूपन्देही, छन्दवादी समाज नेपाल, गज़ल सागर नेपा दरम बडीगाड साहित्य सङ्गम, पल्लव साहित्य प्रतिष्ठान चितवन, हेटौँडा साहित्य स गम, नारायणी साहित्य परिषद्, सुरभी साहित्य सङ्गम काठमाडौँ, कोहलपुर साहि सङ्गम, स्याङ्जा साहित्य प्रतिष्ठान, अर्घाखाँची रूपन्देही सम्पर्क समाज, मरेङ रूपन्दे सम्पर्क मञ्च, नयागाउँ मावि गुल्मी, वीरेन्द्र शिक्षा क्याम्पस अर्घाखाँची, महादेव मा हुम्ला, आश्रित प्रतिष्ठान नेपाल, साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पा, पाल्पा वा मय प्रतिष्ठान, वाटिका, पाणिनि, गोधूलि, मधुपर्क, सुलेख, दायित्त्व, हाम्रो गोरेट दैनिक पत्र, बुटवल टुडे, लुम्बिनी, हाम्रो पुरुषार्थ, लाली गुराँस, मेरा अग्रज एवम् अनु साहित्यिक मित्रहरू, परिवारजन र कुटुम्बीजनमा समेत साधुवाद। सामग्री टङ्कणव लागि सीता र मञ्जु, रूपाङ्कनका निम्ति शालिकराम भुसाल, आवरण चित्रका ला सुमित्रा राना र छपाइका लागि पाकरी प्रकाशन परिवार बुटवललाई धन्यवाद।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

क्र.सं.	लोककथाक्रम	पृष्ठ
१	अन्नपूर्णाको माछो	२१
२	आँप टिप्ने मन्त्र	२३
३	औंठी लाएको किरो	२५
४	कहीं नभएको जात्रा हाँडीगाउँमा	२९
५	कालेश्वर	३१
६	कालो सङ्क्रान्ति	३३
७	कृशा गौतमी	३५
८	कोर सञ्चो भयो	३७
९	कोलीय देवदह र रामग्राम	३९
१०	गजुलकोट	४१
११	गढीमाईं	४३
१२	घुम्टे र भीम	४५
१३	चिमडीदह अथवा बर्जूतालमा यक्ष	४७
१४	चिलखाया	५१
१५	चोभारमा आदिनाथ	५४
१६	छ्याङछ्याङ्दी	५६
१७	जनैको कथा	५८
१८	जोगीगौंडो	६१
१९	टौदहका कर्कोटक	६४
२०	ठुल्लुम्पेकमा पिठो सकिँदा	६६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१	त्रिपुरासुन्दरीको उदय	६९
२२	नर्केको अत्याचार	७१
२३	नहुषलाई इन्द्रासन	७३
२४	निग्रोधाराम विहार	७६
२५	निस्ती, छल्दी र पनाहागाड	७९
२६	पनौती र इन्द्रेश्वर महादेव	८१
२७	बाघ, किन्नु र सुत्केरी	८४
२८	बाठी बुढी	८६
२९	भीमफेँदीको कथा	८८
३०	भैँसी हराएको भैँसे	८९
३१	भैयाद राजा	९१
३२	मच्छिन्द्रनाथको सवारी	९४
३३	मन्दोदरीलाई फक्कैमा गाल	९७
३४	मसानकाली र चण्डेश्वरी	१००
३५	रामबारी	१०२
३६	रुरु	१०४
३७	ला तेरो गोडो !	१०८
३८	वराहका सँगीहरू	११०
३९	सुनदहमा सुनैसुन	११२
४०	हेटगौंडा, भुटनदेवी र हेडम्बी	११४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौंमा भनिने किंवदन्ती

अन्नपूर्णाको माछो

असनमा रहेको अन्नपूर्णा मठमा उहिले एक जना मछुवारलाई माछो चढाउने हुटहुटी जागेछ। त्यसका लागि उसले बागमती नदीमा जाल हान्यो। जाल तानेर हेर्दा त एउटा ठुलै जातको माछो अल्झिएको ? चाँदी झैं पेट टल्काएको माछो मसार्दै उसले कल्पना गऱ्यो–

"अन्नपूर्णा माईं राम्रो माछो पाएर कति खुसी होलिन् है ? भूईंबाट ता जसले पनि चढाका छन्। मैले अनौठो काइदाले चढाउनु पऱ्यो। अथवा आकाशमार्गबाट चढाउँदा माईं बढी खुसी होलिन् कि ?"

जुन ठाउँबाट आकाशतिर फाल्दा माछो अन्नपूर्णा माईंको मठभित्र खस्नसक्छ, त्यो ठाउँको अनुमान गरी मछुवारले चिनो लगायो। घरबुढी र छोरासित सल्लाह लियो–"मेरो अनुमान सही हुन सक्ने वा नसक्ने के ठान्छौ हँ ?"

घरबुढीले तर्कवितर्क नगरी आफ्नो पोइको अनुमानलाई नै सही थापी। मछुवारको छोरो पढेलेखेको थियो। उसको मनमा तर्क उठ्यो–"बाबुको अन्दाजमाथि यसै के राय दिनू ?" त्यसको पुष्ट्याइँका लागि नापजाँच र हिसाब गर्दा बाबुको भन्दा फरक बिन्दुमा अडकल आयो। उसले बाबुलाई यसो भन्यो–

"बा, तपैंले अड्कल काटेको थलाबाट माछो सुइँकाएर माथि फ्याँक्दा मठभन्दा टाढा गएर खस्ने छ। त्यसकारण तपैंले लगाएको चिनोबाट नफाल्नुस्। मैले लगाएको चिनोबाट फ्याँक्ने हो भने मठको ठ्याक्कै ढोकामा खस्ने छ।"

बाबु होरट्टे थियो आफ्नै जिद्दी गर्ने। उसले छोराको अड्कललाई सही मानेन। घरबुढीले पनि यसो भनेर उक्साई– "हो, यो दुधे बाल्खले के जान्दो हो बिचरा! तिम्रै अड्कल ठिक होला नि बुढामाउ!"

छोराले कति नै तर्क गरे पनि बुढाबुढीले उसको कुरो टिपेर फाले। मछुवारले माछो हातमा लियो। तन्त्रमन्त्र गुनगुनाउँदै सुइँकाएर माथि फ्याँक्यो। "ला, माछो त मठको ढोकाभन्दा टाढै पो गएर खस्न पुग्यो! हिस्स बुढा खिस्स!" छोराले ओंठ लेप्र्यायो।

टाढै खसे पनि अन्नपूर्ण माईंलाई आकाशमार्गबाट चढाएको त्यो माछो सार्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्नथ्यो। उसले आरी ल्याएर सुस्तरी माछालाई आसन बसाईवरी फुलले ढाकिदियो। उनीहरू घर गए। मछुवारको मनमा छोराले भनेको नमानेकोमा पछुतो परिरह्यो।

कालान्तरमा त्यो माछो राखेको थलोमा माछाकै आकारको शिला देखा परेछ। त्यसलाई अन्नपूर्णा माईँको माछो भन्दै स्याहार-सम्भार गर्न थालिएछ। कुल्चियो भनेर नगरवासीले त्यसको वरिपरि बारबन्देज गरेछन्। अन्नपूर्णाको दर्शन गर्न आउने भक्तजनले माछालाई पनि ढोग्न थालेछन्।



बुद्धिमान छोराछोरीका कुरा सुन्नुपर्छ।

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँप टिप्ने मन्त्र

एकादेशमा एउटा राजा थियो। उसले आफ्नो बगैंचामा आँप लगाएको थियो। आँप लटरम्म फलेका र असल जातका थिए। एक दिन एउटी किसान महिला बजारमा किनमेल गरेर त्यतैबाट घर फर्कंदै थिई। हाँडीबर्ने भए पनि उसको नाउँ अतिरूपा थियो। रुखभरि आँप देखेर अतिरूपाको मुखमा पानी भरियो। घर पुगेर उसले आफ्नो लोग्नेलाई सो कुरा बेलीविस्तार गरी। लोग्नेले यसो भन्यो– "राजाका आँपको के कुरा गर्छेस्, चुप लाग्।" तर उसले मानिन। उसको लोग्ने बुढो भएर रुख चढ्न नसके पनि हाँगा नुगाउने मन्त्र जानेको थियो। त्यसैले मन्त्रको बलले सुटुक्क आँप टिपेर ल्याउन उसले लोग्नेलाई कर गरी। उछार नपाएर लोग्ने चाहीँ साँझ परेपछि लुरुलुरु आँपको बगैंचातिर गयो।

सबभन्दा आकर्षक हाँगो रोजेर हातमा एकमुठी माटो लियो किसानले। त्यो माटो मन्तरेर हाँगामा हान्दा त हाँगो लुपुक्क नुग्यो। झमक्क साँझ परिसकेको हुनाले हेरालु फर्किसकेको थियो, अरू कसैले पनि देख्न पाएन। एक कुम्लो आँप टिपेर ऊ घर फर्क्यो।

अतिरूपा साह्रै खुसी भई। पल्ला बजारमा लगेर बेच्दा मोल पनि राम्रो पाई। 'भोलिपर्सि पनि यस्तै बेच्न पाए ता गहना बनाउने थिएँ" भन्ने सोंचेर त्यो साँझ पनि आँप ल्याइदिन भनी। पहिले त लोग्नेले मानेन तर निकै कर गरेकीले 'विनाशकाले विपरीत बुद्धि' गुनगुनाउँदै जाने विचार गऱ्यो।

एका बिहानै उठेर राजाको हेरालु आँप हेर्न जाँदा त एउटा हाँगो रित्तै! त्यो सुनेर राजाले हेरालुलाई राती चियो बसेर चोर पक्रन अह्रायो। त्यसैअनुसार हेरालु साँझ परेपछि चियो गर्न बगैंचाको कुनामा बस्यो। झमक्क अँध्यारो हुनासाथ आँपको भरिलो हाँगामा स्यार्र माटो बजेको सुनेर हेरालु सुटुक्क उतै गयो। अनौठो चाल, ठाडो हाँगो त लपक्क नुगेर भुइँ छोला जस्तो! चोरले फटाफट आँप टिपेर कुम्ल्याउँदै गर्दा उसले रङ्गे हात चोर समातेर राजाकहाँ पुऱ्यायो। राजा रिसले चूर भई चोरको हात काटिदिन तम्सेको थियो तर हेरालुले रोकेर उसको चर्तिकला सुनाउँदै मन्त्र सिक्न फाइदा हुने बतायो। त्यसअनुसार राजाले मन्त्र सिकाउन आदेश गरेकाले चोरले मन्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिकायो। हेरालुको सल्लाहमा चोरलाई माफी दिएर छाडिदियो।

मन्त्रीका आँप अचाक्ली मीठा थिए। त्यसैले राजालाई त्यो मन्त्र प्रयोग ग जाँच्ने र आँप पनि खाने विचार आयो अथवा, एक पन्थ दुई काजको उपाय सुझ्यो त्यसअनुसार साँझ परेपछि राजा सुटुक्क मन्त्रीको बगैंचामा आँपको हाँगो नुगा गयो। भने जस्तै मन्तरेर माटोले हान्यो तर हाँगो नुगेन। ऊ फर्क्यो र चोरप्रति आक्रोशि भई अर्को बिहानै लिन पठायो। राजाले यसरी हकार्‍यो– "गतिलेरी सिकाइदिन्छन् जिब्रो थुतिदिऊँ ?" चोर डरले थुरथुर काँप्दै हात जोरेर रुन थाल्यो– "प्रभु! मैले जानेको छु, त्यही सिकाएको छु, क्षमा पाऊँ।"

"त्यसो भए किन मैले मन्त्र गर्दा मन्त्रीका आँपको हाँगो नुगेन ?"

त्यसै वेला हेरालुले राजालाई बिन्ती गर्‍यो– "महाराज, मन्त्र सिकेप गुरुलाई ढोगिदिनुपर्छ, नत्र मन्त्र लाग्दैन।" मन्त्र सिक्ने धुनमा राजाले मुर्मु चोरलाई ढोगिदियो। बिचरा चोर भने राजाले मार्ने भयो भन्ने ठानेर थचक थेचारिएर पिसाप गर्न पुगेछ। तापनि अब मन्त्र लाग्ने र आफ्नो योजना फत्ते ह विश्वासले राजाले कुनै दण्ड नदिई पठायो।

साँझ मन्त्र प्रयोग गर्न राजा पुनः सुटुक्क निस्क्यो। तर मन्त्रीले अघिल्लो साँ चोरको पाइलो परेको चाल पाएर त्यस ठाउँमा दुम्सी फँसाउने जस्तो खाल्टो ख स्याउलाले पुरेर राखेको थियो। राजाले माटो मन्तरेर मन्त्रीको आँपको हाँगा हान्छु भन्दा त ह्वात्तै खाल्टाभित्र जाकियो। राजा आत्तिएर चिच्याउँदा मन्त्रानी "आँपचोर! आँपचोर! पक्र" भन्दै गुहार मागिन्। उत्तिखेरै छरछिमेकका थुप्रै मा जम्मा भए। आँपचोरको रहेछ भनी राँकाले हेर्छन् त खाडलभित्र राजा! धुलैफु भएर खुरिखेलेको। विचरा रानी, स्वर चिनेर गुहार दिन आएकी त त्यस्तो अपगाल खाल्टोबाट निस्कन पाए मार्छ भन्ने डरले मन्त्री भने सुइँकुच्चा ठोके। आँप ख नपाएका गाउँबासी र छिमेकीहरूलाई मौका पर्‍यो। राजा र मन्त्रीका आँप टपाट टिपी कुम्ल्याएर आ-आफ्ना झुपडीतिर लागे।

लोभले लाभ लाभले विलाप।

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धुरकोटे सास्तर

औंठी लाएको किरो

छल्दीको पाखामा एउटा खुबै खेतीपाती हुने थलो थियो। त्यहाँ गुरुवा अथवा धामीको परिवार बस्थ्यो। गुरुवाले त्यहीं आफ्ना इष्ट देउताको कोट स्थापना गरे। गुरुवाले स्थापना गरेकाले कोटको नाम गुरुवाकोट रहेको रे। विस्तारै त्यस वरिपरिको बस्तीलाई पनि गुरुवाकोट भन्न थालियो। उनी लाउने-खाने उमेरमै प्याट्ट बिते। उनकी दुलहीलाई पर्नु पीर पर्‍यो। दुःख र सास्ती उस्तै पाइन्। लालाबाला साना। तै केही वर्षपछि जेठो छोरो सेरु हुर्केर आमालाई काममा सघाउन सक्ने भयो।

एक दिन सेरुको मनमा पैसा कमाउन परदेश जाने विचार आयो। दिउँसो गाई-बाख्रा चराउन वनमा गएका बेला अरू गोठाला साथीहरूसित पनि उसले सल्लाह गर्‍यो। उनीहरू जान राजी भए। बेलुका उसले आमालाई आफ्नो विचार सुनायो।

"बाबु सानैमा बिते। तँ हुर्केको छस् र बल्ल मैले सास फेर्न भ्याएकी छु छोरा! यतै दुःखजेलो गरेर निर्वाह गरौं। भाइबैनी साना छन्। मैले कसरी घर चलाम्ला।" यसो भन्दै आमाले आँसु खसालिन्। बाबुको सतगत गर्दा भएको खेतको टुक्रो बन्धकी दिएका थिए। त्यो फर्काउन पनि परदेशबाट पैसा कमाएर ल्याउनै पर्थ्यो। नजिकमा पैसा कमाउने कुनै काम पाइन्नथ्यो। त्यस कुरामा आमा पनि सहमत भइन्।

आमाले मकै र भट्ट भुटिदिइन्। सेरुले थैला सिलायो। एउटा थैलामा मकै र भट्टको अर्नी, अर्को थैलामा आटो र अझ अर्को थैलामा मस्यौरा, नुन, गुटन, खुर्सानी, बेसार आदि पनि हालेर झोला कँस्यो। जैसीले भोलिपल्ट बिहानैको साइत निकालिदिएका थिए। अरू ठिटाहरूसँग पनि यति बेला हिँड्ने भनेर सल्लाह भएको थियो।

आमाले राती नै चार गास उमालिदिइन्। मुलाका चानाको झोल पकाइदिइन्। भात पस्केर दुई थुर्मी घिउ र झोल खन्याइ दिइन्। सेरुले सरापसुरूप भात खायो। भाइबैनी उठेका थिएनन्। उनीहरूलाई यसो मुसार्‍यो। पूर्वीतिर उज्यालो ... [partially cut] छोरो परिसकेको थियो। आमाले साइतको आमखराभरि पानी भरेर फुलपाती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखिदिइन् । झोला बोकेर सेरुले आमालाई टप्प ढोगिदियो । आमाको मुटु भक्कानो छुट्यो तैपनि आफुलाई सम्हालेर "राम्ररी जाऊ, छोरा, कुनै विघ्नबा नपरोस्" भन्दै बिदा दिइन् । सेरुले आमखराको पानी शिरमा छर्केर अचाउँदै हिं यो । बाटामा सल्लाह गरेका सँगी भेटिए ।

रिडी खोलो तर्दा गाई बाँध्ने बेला भएको थियो । उनीहरू अर्गली र साँचा हुँ लौवा निस्केर वास बसे । अर्को दिन बिहानै उठेर उकालो चढी हार्थोकको छैंडो का चकल्दी, मस्याङ, सिस्ने हुँदै दोभानमा वास पऱ्यो । अर्को दिन त्यहाँबाट नुवाक निस्केर एक-एक लर्को हुलाकी खेप झारा तिरी बटौली झरे । सेरुले पहिलोप बटौलीमा झिलिमिली भाँडा टल्केको देख्यो र आफ्ना घरतिर गाउने गीत सम्झ्यो-

"बटौलीका बजारैमा झिलिमिली भाँडा,
मेरी स्वास्नी कति राम्री तेरी स्वास्नी गाँडा ।"

सेरु फिस्स हाँस्यो, "राम्री स्वास्नी ल्याउने बेलाँ ता परदेश पो हिंडियो उनीहरूले बटौलीहाटमा खाँड, गडी र बदामे मिठाई किनेर खाए । उनीहरू त्यहाँब दखिखनतिर लागे । पहाडको उकालो-ओरालो र भीर-कान्लो हरायो । अब सम्मै-सम्मो । माटाका भित्तामाथि धेरैजसो खरका, कतै पराले छाना त कतै खपटा छाएका घरहरूको गुजुप्प बस्ती देखेर अनौठो माने । कतै खेतैखेत त कतै जङ्गलैज अनि पट्यार लाग्दो तर्सेतेर्सो बाटो । पहाडका जस्ता रातमाटे र कमेरे घर देखिएन उनीहरूले नियास्रो माने । प्रकृति अर्कै, मानिस अर्कै, लबाइखबाइ अर्कै । बोली ख नबुझिने । जहाँतहाँ पानी नपाइने । पाइए पनि पानीमा माटोमाटो हस्को आउने । दखिखन गएपछि त ठाडो घाँटी लगाएर लोटाले पानी खान नहुने रे! अनि लो माझेर मात्र फिर्ता गर्नु पर्ने रे! बाटो सोध्दै र यस्तै अनुभव बटुल्दै केही दिनमा उनीह परदेशको ठुलो सहरमा पुगे । त्यहाँ उनीहरूले काम पनि पाए ।

परदेशको सहरमा रहँदा बस्दा सेरुलाई एउटी ठिटीले आँखा लगाई । ठिटी रा नभए पनि हाउभाउ र कटाक्षले गर्दा सेरुको उर्लंदो बैंस कुतकुतायो । ठिटी ज नजिक-नजिक हुन्थी, सेरु उति नजिकिँदै गयो । गोरो र सुन्दर ठिटोलाई ठिट प्रेमजालमा बाँधिहाली । जवानीको जोसमा होस रहेन । दुबैको बीचमा कुनै दूरी रहे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेरु फँसिसकेको थियो। त्यसैले बाठी ठिटीले अब उसको कमाइ अँठ्याउन थाली।

घरको समस्या सम्झेर ठिटीसँग लुकाएर मात्रै उसले केही पैसा जम्मा गऱ्यो। साथीहरूले पैसा राखिदिए। छुट्टीमा घर जाँदा केही पैसा साथीसँग पठाइदियो। ठिटीले पूरा हिसाब नदिएको भनेर सेरुलाई सताउन थाली। आजित भएर बचेको पैसा कम्मरमा बाँधीवरी ऊ ठिटीसँग फुस्केर हिंड्यो। ठिटीले भागेको चाल पाइहाली। उसले आफ्ना बाबुबाट तन्त्रमन्त्र सिकेकी थिई। त्यसैले मासचामल मन्तरेर सेरुको नाम उच्चारण गरी ऊ घर फर्कने बाटो उत्तरतर्फ फाली। "मलाई छलेर घरतिर भागेको सेरे, अब उप्रान्त किरो भइगएस्"–भनी। सेरु त साँच्चै नै बाघ पल्ट्यो। उसलाई अचम्म लाग्यो– "म त बाघ जस्तो पो भएँ।" हातको घडी छाम्यो, औंलामा औंठी छाम्यो र लगाएको कपडा मसाऱ्यो। सबै चिज उस्तै छन्। शरीर मात्रै बाघको जस्तो। केही दिनको पैदल यात्रापछि ऊ घर पुग्यो।

हातमा औंठी र घडी लगाएको तथा जिउमा खुम्रे कमेच र जाँगे लगाएको किरो देखेर गाउँलेहरू तर्से। ऊ भने यताउता नहेरी सरासर घर पुग्यो। पिँढीमा झोला थ्याच फालेर आमालाई बोलायो। आफ्नो मुटुको टुक्रा जस्तो छोराको बोली कतिका वर्षपछि सुन्दा अँगेनुमा बसेकी आमा ह्वात्तै बाहिर आइन्। हेर्छिन् ता किरो!

उनी तर्सेर भित्र पस्नै लाग्दा छोराले कुरो बुझायो। एक छिन ता उनी ट्वाल्ल परिन्। उसले त्यसै बेला आमाको गोडामा टपक्क ढोग्यो। रूपले आमाको जिउ सिरिङ्ग पाऱ्यो तर वचनले मोहित। उसले पैसाको थैलो र ल्याएका अरू चिज आमालाई बुझायो। दाजुको बोली सुनेर भाइ र बैनी बुर्कुसी मार्दै आए। तर, किरो देख्नासाथ तर्सेर चिच्याउँदै आमाको धोतीमुनि लुक्न पुगे।

"कलौटीका सङ्गतले मेरो यो गति भयो। न तर्स भाइबैनी हो। मेरो रूप मात्र किराको भयो तर अरू बोली-व्यवहार त तिम्रै दाजूको छ नि! अब म यहीं बसेर दुःख, सुख गर्छु। आमालाई सघाउँछु। तिमीहरूलाई मेसामा लाउँछु।"

आफ्नो घरमा त सबै उसँग रतिए। गाउँघरमा भने "फलानी राँडीकहाँ किराको वास छ, त्यहाँ कोही नजाओ" भनेर हल्ला पिटियो। ऊ सितिमिति घरआला बाहिर जाँदैनथ्यो। संयोगले उनीहरूको घरबारी र खेतबारी जोडिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। पँधेरो पनि आफ्नै जग्गाभित्र। यत्तिकै निकासतिर जाँदा पनि गाउँ केटाकेटीहरू चिच्याउँदै दुगुर्थे भने पाकाहरू ढुङ्गा फाल्दै सुइँकिन्थे। आमा जेनतेन बन्धकी गएको खेतको टुक्रो फर्काइन्।

फुर्सदको दिन सेरु सिकार खेल्न जान्थ्यो। पाए सिकार खेल्ने, नपाए दा ल्याउने भनेर एक दिन ऊ वनतर्फ लागेछ। त्यहाँ त साँच्चैको किरो (बाघ) भेटिएछ। धन्नै झम्टेको, ऊ फुत्त रुखमाथि चढ्यो र पो! एकछिन बाघले तल बस्यो। सेरुले त्यतिन्जेल सुकेका दाउरा झार्ने र त्यसलाई तर्साउने जुक्ति निकाल्य ऊ माथिमाथि चढेर हाँगा हल्लाउने र सुकेका हाँगाबिँगा भाँचेर तल बाघलाई ता ठोक्ने गर्न थाल्यो। एकदुई थप्पर खाँदासम्म बाघ झ्यारङुर गर्दै र डुक्रँदै रुखको फेँ दुईचार हात चढ्यो। तर धेरै चोट लागेपछि के गरोस्, पुच्छर हल्लाउँदै र डुक्रँदै भ पऱ्यो। आखिर बुद्धिमानको अगाडि मुर्ख के टिक्थ्यो!

ससाना चितुवाहरू लड्न आउँदा सेरुले खुर्पाले हान्थ्यो। ऊ सुरिँदै ठुला चि र बाघसँग पनि भिड्न थाल्यो। बाघ झम्टन आउँदा धारिलो खुर्पाले छप्काउँथ्य त्यो सुनेर गाउँलेहरू अचम्म मान्न थाले। उसले रतुवा, घोरल र चराहरू धनुकाँ मार्थ्यो। त्यसैले त्यताका जङ्गलमा सिकारको अभाव भयो।

सेरु खजुरेको जङ्गलतिर पसेर अन्य जनावरको सिकार खेल्यो। त्यतातिर सिको पातलिएपछि पनाहागाड तरेर भ्वानपानी र लामडाँडाको पुछारका जङ्गलमा पस्यो त्यहाँका मान्छेले उसलाई देखेछन्। "लौ अनौठो भयो, हातमा घडी, औंलामा सु औंठी र जाँघे लाएको किरो हाम्रो जङ्गलमा आओ छ है" भनेर झ्याली पिटेछन्। टिप्न र दाउराको लागि जङ्गल जान बन्द भयो। जो तो पस्न सकेनन्।

यस्तैमा तलमाथिका बन्दुकेहरू जुटेर बन्दुक भरीवरी जङ्गलमा चियो झरेछन्। सेरुले चाल पायो र सुत्त पनाहागाड तरी खजुरेका वनतिर निस्किहाल बन्दुकेहरूले औंठी र घडीको लोभ गरेका थिए, हिस्स परे। वारिबाट त्यो निस्केको देखियो। पछि ऊ फर्केन।

खराब सङ्गतले दुःख।

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहीँ नभएको जात्रा हाँडीगाउँमा

उहिले हाँडीगाउँमा एउटी देवी थिइन् रे! उनको खास नाउँ वैष्णवी देवी भए पनि टुँडालदेवी भनेर प्रचलित थियो रे! उनी टुँडाल अथवा टेकासीमा बसेर रमिता हेर्थिन् रे। बटुवा हिँडेको, पँधेर्नीले कम्मरमा गाग्रा अँठ्याएर पानी बोकेको, चोकको ओखलमा चिउरा कुटेको, तान लगाएर कपडा बुनेको, चर्खा घुमाएर वा ताकु बटारेर धागो काती बाटेको हेर्ने गर्थिन् रे! त्यसैले उनलाई पहिले टुँडालेदेई र पछि टुँडालदेवी भन्न थालियो।

टुँडालदेवीका अरू छिमेकी दिदी-बैनी र सँगीहरू पनि थिए रे! तिनीहरूमध्ये नक्सालदेवी र भाटभटेनीदेवी मुख्य पर्थे रे! यी तिनोटी देवीहरू जम्मा भएर चौर-चौरमा सँगै खेल्ने, खोलाखाली माछा मार्न जाने, सिमस्यारतिर निउरो, जलुका, खोलेसाग जस्ता निउनपात टिप्न निस्कने गर्थे। जङ्गलतिर दाउरा बटुल्न, स्याउला काट्न र पात टिप्न जाने गर्थे।

एक दिन यी तिनोटै देवीहरू सिँगारपटार गरी फुटेका कुर्कुच्चा घोट्न हाँडीगाउँको पोखरीमा गए। पोखरीको डिलमा बिछ्याएका च्याप्टा छपनीढुंगामा बसेर कुर्कुच्चा घोट्ने र पखाल्ने गरेर राम्रा बनाए। सङ्लिएको पानीमा आफ्ना अनुहार हेरे। 'कोभन्दा सिको राम्री, तँभन्दा म राम्री' भन्दै चल्दै गर्दा टुँडालदेवीको गहनो कानको कुण्डलु पसोखरीमा खस्यो। पहिले टुँडालदेवीले जामा छोडाएर मुजेत्रो बेरी छाती र पुँठो सुम्ताकिन्। सुस्तरी पानीभित्र पसेर कुण्डल खोजिन् तर भेटाउन सकिनन्। त्यसपछि नक्सालदेवी र भाटभटेनीदेवी पनि पोखरीको पानीभित्र पसेर खोज्न थाले। पहिले बुट्टाले र पछि डुबुल्की मारेर हातले छमछमाए तर भेटाउन सकेनन्। उनीहरूलाई जाडोले थुरथुर कँपायो। डिलमा बसेर मुजेत्रा निचरी एक छिन पाहार तापे।

वरपरका अरू केटाकेटीहरू पनि जम्मा भएर खोज्न थाले। टुँडालदेवीको गहनो पोखरीमा खसेको कुरा हाँडीगाउँभरि फैलियो। घरमा भएका सबैजसो गाउँलेहरू जम्मा भए। पाकाहरू एक ठाउँमा जुटेर सल्लाह गर्न थाले। पोखरीको पानी फालेर खोज्न सजिलो हुने निर्णय भयो। त्यस अनुसार तमौरा, ताप्के र गाग्रा बटुली सबैले पोखरीको पानी फाल्न थाले। 'एक थुकी सुकी, सय थुकी नदी' भने झैं पोखरीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पानी गाउँभरिका मान्छेहरूले फाल्दा घट्दै गयो।

अब त यत्तिकै निहुरी परेर हातले छामी-छामी खोज्न सकिने भयो। त्यतिन्जेल झम्मक साँझ परिभ्यायो। "भोलि बिहान घामका झुल्का गहनो खो थाल्ने, आजलाई बिदा" भन्दै सबै तितरबितर भए।

अर्को बिहान घाम झुल्किन लाग्दा सबै गाउँलेहरू जम्मा भए। धेरै ज पसेर खोज्दा एक त धमिलिएर, फाँडिएर नभेटिने र अर्को भेटिए पनि द हुने जलतरास! त्यसैले टुँडालदेवीलाई नै खोज्न पठाइयो। उनी बाहुला पल् जामाको फेरो माथि सारेर पटुकीले कँसी पोखरीभित्र बिस्तारै पसिन्। अरू स वरिपरि डिलमा उँभिएर हेरे। पानीमा डुबुल्की मार्नै परेन। पानी र हिलोमा छाम पार्दापार्दा आखिर उनले गहनो भेटाएरै छाडिन्। खुसी भएर कसैले 'स्याबास' भ ताली पिटे त कसैले साप्रा ठटाए। हराएको गहनो बडो जुक्तिले भेटिएकोले त पोखरीको नाउँ 'गहनापोखरी' रहन गयो।

चैते पुन्युका दिन गहनो हराएको र भोलिपल्ट पऱ्याका बिहान भेटिएको थिय गहनो भेटिएको खुसियालीमा प्रत्येक वर्ष सोही दिन टुँडालदेवीलाई खटमा र बोक्ने गरियो। माला-टीका लगाइदिएर बाजा बजाउँदै हाँडीगाउँका वरिपरि घुमाउ पोखरीमा हराएको गहनो खोज्न लैजाने गर्न थालियो। टुँडालदेवीको कारणले गाउ रोगव्याधि उति न आउने, सहकाल लाग्ने र सुखशान्ति छाएको अनुमान गरियो। य उनी त्यो गाउँक्षेत्रकी इष्टदेवी भइन्।

टुँडालदेवीको शेषपछि त झन उनको पूजा गर्न थालियो। उनको पुत्लो(प्रति खटमा राखेर बाजागाजाका साथ गाउँवरिपरि घुमाई पोखरीमा गहना खोज्न लग खेला-जात्रा देखाउने गरियो। टुँडालमा उनको आंकृति कुँदेर सम्झन थालि गहना खोज्न पोखरीमा पठाउने जात्रा अन्यत्र कतै प्रचलनमा थिएन। त्यसैले अन्य मानिसहरूले त्यसलाई अनौठो काइदा ठानी 'कहीं नभएको जात्रा, हाँडीगाउँमा' भ थाले। अरूले जेसुकै भने पनि हाँडीगाउँबासीले त्यो खेला-जात्रा चलाउँदै गए।

मौलिक परम्परा

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

<u>ललितपुरको पुराकथा</u>

कालेश्वर

उहिले बागमती नदीभन्दा माथि कासुन्द नामको पर्वत शिखरमा भस्मासुरद्वारा लखेटिएका महादेवले विश्राम गरेका रे ! मनमोहक लेकाली चौरमा आराम गर्ने त मन थियो तर भस्मासुरले पछ्याएको थियो। त्यसैले महादेव फुलचोकीस्थित गुप्तेश्वर गुफामा लुके। त्यहाँ पनि उसले धर्ना दियो। ऊ यसो कन्दमूल र सिकारको खोजीमा अलि पर गएको मौका छोपी महादेव पूर्वको सुरक्षित गुफा हलेसीतिर लागेछन्।

कासुन्द पर्वतको त्यो सुन्दर चौरमा कालपुरुष आएर महादेवको तपस्या गर्न थालेछन्। बाह्र वर्ष लामो उनको कठोर तपस्याबाट खुसी भई भस्मासुरदेखि मुक्त महादेव हलेसीदेखि आएर त्यहीँ उपस्थित भई यसरी वरदान माग्न भनेछन्–

"ए मेरा भक्त कालपुरुष बाबु ! तिम्रो कठोर तपस्यादेखि म अति खुसी भएँ। तिमीलाई इच्छा भएको वर माग।"

कालपुरुषले षाष्टाङ्ग दण्डवत् गरी महादेवसँग यस्तो वर मागेछन्– "हे देवाधिदेव महादेव ! यो पृथ्वीमा जन्मेका सबै मानिसलगायत प्राणीहरू अमर भए भने कालान्तरपछि बस्ने-टिक्ने ठाउँ रहने छैन। त्यसैले जन्मेपछि मर्नै पर्ने बाध्यात्मक व्यवस्था आउनुपर्छ। अथवा भगवान्‌ले जन्मसँगै मृत्यु पनि अनिवार्य गरिदिनै पर्छ। साथै मृत्यु गराउने अधिकार मलाई प्रदान गरियोस्।"

महादेवले आफ्ना प्रिय भक्त कालपुरुषले मागेका दुबै कुरा पूरा गर्नका लागि 'तथास्तु' भनिहाले। त्यसपछि मृत्युको जिम्मेवारी कालपुरुषले पाए। उनले मानिसको आयु निर्धारण गर्ने र आयु सकिएपछि कुनै कारण बनाएर वा घटना घटाएर उसको मृत्यु गराउने काम थाले। यसरी संसारभर जनसंख्या नियन्त्रणमा आयो। कालपुरुषले भक्तहरूलाई दुर्घटना तथा आँधी-व्याधिबाट बचाएको र अकालमा मर्न नदिएको विश्वास गरी उनलाई कालेश्वर भन्दै पूजा-प्रार्थना गर्न थालियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



केही कालपछि त्यहाँ कालेश्वरको स्थापना भयो। आफु कुनै दुर्घट नपरियोस् र अकालमा नमरियोस् भनेर मानिसहरूले कालेश्वरलाई खुसी पार्न गरे, पाठ लगाए, बलिभाग दिए र ढोग गर्न थाले। गणहरूले शिवलिङ्गको स्था गरे! शिवलिङ्गको वरिपरि क्रमैसित धेरै शिलामूर्ति, त्रिशूल र घण्टाहरू चढाए।

कालेश्वरलाई महादेवकै रूपमा पुज्न र मानितो गर्न थालिएपछि उ महिमा चारैतिर फैलियो। कासुन्द पर्वतलाई नै कालेश्वर भनेर चिन्न थालि कासुन्द नाम बिस्तरिँदै गयो।

कालेश्वरका भक्तजनहरू झन्डै दुई कोस तल रहेको वैतरणीघाट तीर एकाबिहानै नुहाउन र शुद्ध भई माथि निस्केर कालेश्वर महादेवको दर्शन गर्न थाले। आफु र आफ्नो परिवारमाथि कुनै दैवी दुर्घटना नपरोस्, आँधी-व्याधी नलागोस् र अकालमा मर्न नपरोस् भनेर पूजा लगाए। रुद्रीपाठ र दान-दछिना गर्ना

जन्मेपछि मर्नै पर्ने !

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोल्पाली किंवदन्ती

कालो सङ्क्रान्ति

अघि रोल्पातिर असार महिना जाने र साउन लाग्ने दोसाँधी साउने सङ्क्रान्तिमा अचम्म भएको रे ! कहिले मुसलधारे त कहिले सातदिने झरी लागेर किसानहरूलाई हैरान पारेको रे ! आरीले घोप्ट्याए जस्तो पानी परी भयङ्कर बाढी आएर खेतमा पसेको र भर्खर रोपेको खोलाखेत पुरेर फेरि बगर तुल्याएको रे ! बारी खोलेर डौंडारा पारिदिएको रे ! रुखसहितको पहिराले साँघु र झोलुङ्गे पुलसमेत बगाएको रे ! मकै ढालेर सोत्तर पारिदिएको र भिरकान्लामा भएका घरबारी सोहोरिदिएको रे ! मानिस पनि कति जना परेका रे !

साउने सङ्क्रान्तिमा चाडपर्व भनेर टाढा-टाढादेखि खोला-जङ्घार तर्दै आउने जाने चेलीबेटीहरू त के तिनलाई लिन जाने बलिया-बाङ्गा ठहरिएका मानिससमेत भेलमा परेर बग्नु परेको रे ! बेसीखेत रोपाईँ गर्न गएका हली, खेतारी, ठँगारे र गोरुसमेत बाढीमा गर्ल्याम-गुर्लुम बगेका रे ! हाट गएका हटारू भेलमा परेर बेपत्ता भएका रे ! बाटामा हिँड्दा-हिँड्दैका बटुवा पहिराले घ्याच्च च्याँपेर गुहार त के आमा भन्न समेत नपाएका रे ! ठुला घाट तार्ने कुमाल जस्ता सुरा व्यक्तिहरूको पनि केही जोर नचलेको रे ! कुलाका बाँध जम्मै सोहोरेर थात न थलो गराइदिएको रे ! हिउँदभरि दुःख गरेर सोहोरेका पधेँरा, पोखरी र इनारहरू लेहला-पहिराले सासमुम पुरिदिएको रे ! साउने पानीका मूल फुटेर हिंडिसक्नु नाइँ !

छाना चुहेर किसानहरू रातभरि स्याउँ ओढेर सुत्नु परेको । रुघा-काँसो तथा फैलिएर महामारी । त्यसै भएर साउने सङ्क्रान्तिलाई कालो कोर जस्तो भनी गाली गर्दै कालो सङ्क्रान्ति नाम राखिदिएका रे ! कालो बादलले डम्म ढाकिरहने, अथवा झरी लागेर अँध्यारो देखिने हुनाले पनि कालो सङ्क्रान्ति भनिएको हो कि ! कालो सङ्क्रान्तिमा एउटा यस्तो घट्ना घटेको रे !

असार मसान्तका दिन सबेरै चार गास टिपेर एउटा बुढा खोलापारि छोरी लिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिँडेछन्। झरी लागेकै थियो त्यसैले उनले स्याउँ ओढे। खोलो बढेको थियो। उ खोलामा सानैदेखि खेलेको हुनाले तर्न उस्तो सकस भएन। मझधारमा कम्मरमुनिमु आएर भेलले उनको धरो पनि रुझाइदियो। उनी छोरीकहाँ दिउँसै पुगेर रुझे लुगा आगामा सेकाए। त्यस दिनभरि झरी लागेर उघारै भएन। सम्धी र सम्धिना पनि पाखुरामै समाएर उघार दिएनन्। भोलिपल्ट बिहानै हिँड्ने योजना गरी बेलु खानपिन गरीवरी सुते। झरी रातभर पनि थामिएन।

सङ्क्रान्तिका बिहान पनि पानी परेको पऱ्यै। सम्धी र सम्धिनाले बुढाल नहिँड्न भनेर बिन्तीभाउ गरे! तर 'चाडपर्वका दिन छोरीको घरमै बसेर के कस खानू' भनेर हिँड्न कँसिए। छोरी पनि सानो नानीलाई काँधीकुरी बोकेर स्याउँ ओ बाबुको पछि लागिन्। उनीहरू खोलाका किनारमा झरे।

बुढा अलि बैंस छँदा त त्यो खोलो जत्रो बाढी आए पनि झ्यास्सै तर्थे। त्यसै त्यस दिन पनि तर्ने हिम्मत निकालेर छोरीको पाखुरो दह्रो गरी समाई खोलामा प आफु बुढो, खोलो दह्रो, छोरी र नाति पनि साथै भएको कुरा उस्तो ख्याल गरेनन्।

मझधारमा पुग्दा ढल्पलाएर छोरी ग्वाम्मै बुढामाथि परिन्। बुढाले था सकेनन्। फलस्वरूप बाढीले तिनै जनालाई पल्टाएर लग्यो। सम्धीले मा डाँडाबाट खोलो तरेको हेर्दै थिए। उनको देखादेखै प्यारी बुहारी, नाति र सम्धी उर्लंदो बाढीमा! सम्धी बुढा छाती पिटेर रुँदै घर फर्के।

रुँदै आएको देखेर सम्धिनाले बिस्फारित आँखाले हेर्दै सोधिन्–"हैन, भओ र?" घटना सुन्नासाथ उनी चित परिन्। सम्धी बुढाको मुखबाट यस्तो ब निस्क्यो– "पाजी कालो सग्राती केला आउँदो हो! कठै बरै, मेरो जाहात डुबो!"

त्यसपछि दुर्घटना निम्त्याउने अँध्यारो दिन साउन १ गतेलाई 'कालो सङ्क्रा र साउन महिनालाई 'कालो महिना' भन्न थालियो।

दुस्साहसले ज्यान लियो।

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृशा गौतमी

शाक्य गणराज्यमा कृशा गौतमी नाउँ गरेकी एउटी दुब्ली-पातली नारी इन्। दुब्ली र खिनौरी हुनाले उनको नाम नै कृशा चल्ती भएको थियो। नलाई पछिसम्म सन्तान भएनन्। खिल्टिएकी हुनाले र सन्तान नपाउनाले सू-ससुरा, नन्द-आमाजू र छरछिमेकीहरूले समेत हेपाहा व्यवहार गर्थे। ठ्युँ पछाडि त 'बाँठी, ठेट्टर, सुकुटे' आदि भनेर सराप्थे।

कालान्तरपछि संयोगले उनी गर्भवती भइन्। महिना पुगेपछि पुत्ररत्न जन्म्यो। को लोग्ने मात्र हैन घर-परिवारका सबैजना, बन्धु, इष्टमित्र, छरछिमेकी र लनातासमेत निकै खुसी भए। शिशुको धुमधामसित छैंटी र न्वारन गरियो। कृशा ने फस्टिइन्। त्यो शिशु 'दिन दुगुना, रात चौगुना' हुँदै हुर्क्यो। तर दुर्भाग्यवश त्यो लकलाई कडा बेथा लाग्यो। लोग्ने र कृशा मात्र नभई सबै परिवारजन ओखती-चारमा लागे। जडीबुटी र धामीझाँक्री गर्दा पनि सञ्चो भएन। नाउँ चलेका गुरुवा बजुवालाई पनि देखाए। तर केही उपाय लागेन। आखिर बालक बित्यो।

बितेको आफ्नो छोराको लास काखमा राखेर कृशा गौतमी डाँको छोडी-डी रुन थालिन्। छरछिमेकी र बन्धु जम्मा भए। सतगत गर्नका लागि लिएर न मृत बालकलाई मागे। तर उनले पटक्कै दिइनन्। उनी र उनका लोग्ने मिलेर नी-मण्डली र देवीदेउतालाई बचाइदिन हारगुहार गरे, भाकल गरे तर केही देश-उदेस लागेन। अन्तमा उनीहरूले जेतवन विहारमा बस्नु भएका सिद्धार्थ तमसित पुगेर बालकलाई बचाइदिन अनुरोध गरे।

पहिले सिद्धार्थ गौतमले सम्झाउन खोज्नुभयो तर उनीहरूले मानेनन्। होऱ्याई-तेहऱ्याई सम्झाउँदा कृशाका पतिले त चित्त बुझाए तर उनले निनन्, छाती पिट्दै रुँदै गरिन्। अन्त्यमा सिद्धार्थ गौतमले यसो भनेर तिमाल्न ज्नु भयो– "बालिके, गाउँ-बस्तीभरि डुलेर पाँच मुठी पहेंलो सर्स्युं खोजेर ाऊ। म त्यसैबाट ओखती गर्ने प्रयास गरुँला। तर त्यो सर्स्युं त्यस्तो घरको पर्छ जहाँ कोही मरेको नहोस्।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओखतीमूलो हुने
सुनेपछि गौतमी खुसी भइ
बच्चाको शव लोग्नेको काख
फालेर उनी गाउँबस्तीभरि स
खोज्नका लागि डुल्न थालि
सस्युँ दिन त कसैले पनि गाउँ
मानेनन् तर, मरी नपरेको घर गेर
कतै भेटिएन। उनी निराश भुव
फर्किन्। उनी फेरि शाक्य
बुद्धसँग पुगिन् र गुनासो पोखितर
"हे भगवान्, मरी नपरेको घाढा
सस्युँ कहीं पाइएन। म दुखित छु

"बालिके, जसरी
घरमा मृत्यु पुगेको छ, त्यसरी
प्रत्येक व्यक्तिसँग पनि मृत्यु पुग्छ। जन्मेपछि जोसुकै पनि मर्नैपर्छ। मात्र ढिलो-च
हो। तिम्रो पुत्रको आयु त्यत्ति नै रहेछ। उसप्रतिको आशक्ति छाडी तिमी आफु
सम्हाल्न सक्नेछ्यौ।"

पुत्रशोकले विह्वल बनेकी नारी कृशा गौतमी शाक्य मुनि बुद्धबाट ज्ञान र उ
प्राप्त गरेपछि क्रमशः आफुलाई सम्हाल्दै गरिन्। उनी गृहस्थी कर्ममा लागिन्।
गौतमीलाई कुनै चिन्ता र आशक्तिले सताएन। उनी पञ्चशील, अष्टमार्ग लगाय
बौद्ध उपदेश र शिक्षा ग्रहण गरी भिक्षुणी बनिन्। आफु जस्ता रोग, भोक र शो
ग्रस्त मानिसहरूलाई सान्त्वना दिँदै र बुद्धका उपदेश सुनाउँदै हिँडिन्। कालान्त
उनी सक्षम बुद्धमार्गी मात्र हैन, उच्चस्तरकी बौद्ध प्रशिक्षक बन्न सफल भइन्।
आजीवन बौद्ध शिक्षाको प्रचार गर्दै निर्वाण प्राप्त गरिन्। उनका शिष्यहरूले उ
योगदानको कदर गर्दै उच्च सम्मान प्रदान गरे।

अजम्बरी को छ र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपिलवस्तुतिर प्रचलित बौद्ध कथा

कोर सञ्चो भयो

उहिले कपिलवस्तु शाक्य गणराज्यमा एउटी कोढी केटी थिइन्। तिनको नाउँ रोहिणी थियो। तिनलाई बाल्यावस्थादेखि नै कोर लागेको थियो। तिनको कोर सञ्चो गराउन वैद्यहरूकहाँ पुऱ्याएर धेरै खाले ओखतीमुलो गरियो। धामी, झाँक्री र बिजुवा कहाँ लगेर यसरी भाकल पनि गरियो–

"हे परमेश्वरी, यो नानीको कोर सञ्चो होस्। कोढी भन्ने कलङ्क हटोस्। हातखुट्टा निका हुन्। तिम्ला मैले धूप-ध्वाँर दिम्ला। धजा बाँधूँला, त्रिशूल र घण्टा चढाम्ला। एकबर्ने पाठाको भोग लगाम्ला। परमेश्वरी! सरन परेँ, सन्च गराइदेऊ।"

अहँ, भाकल गरेर पनि केही लागेन। जतिजति उनी तरुनी हुँदै गइन् झन हातखुट्टाका औंला खसे। मुख पनि बाङ्गो र विरूप भयो। थुतुने केटाकेटीले 'कोऱ्याही' भनेर हेप्न थाले। बाबु-आमा र दाजुलाई अति चिन्ता भयो। यसैगरी धेरै दिन बित्दै गए। उनी बुढीकन्या हुन पुगिन्। न रोग निको हुन्छ, न बिहाबारी हुन्छ। बरु छिमेकी उँलेहरूकै दबाबमा छुट्टै कुटी बनाएर अछुट्ट राखियो।

रोहिणी विस्तारै बुद्धधर्मतिर आकर्षित भइन् र उपासिका बनिन्। एउटा विहार बनाएर बुद्ध र संघलाई दान गर्ने इच्छा भयो उनलाई। आमाबाबु त वृद्ध भइसकेका थिए, तिनले यो उपासना गर्न के सक्थे र? दाजु भने हट्टाकट्टा र मोटा किसान थिए। केही खेत पनि थियो उनीहरूको। त्यसैले उनले दाजुसित आफ्नो इच्छा व्यक्त गरिन्। दाजुले आफ्नी प्यारी अपाङ्ग बहिनीको इच्छा पूरा गरिदिन वचन दिए। त्यसै अनुसार विहार बनाउने जग्गाको बन्दोबस्त गरियो। काठ काटियो, इँटा पथाएर पोलियो र अरू आवश्यक सरसामानको जोहो गरियो। सिपालु कर्मीहरू खोजिए। स्थानीय बासिन्दाहरूले पनि खुलेर झारा (श्रमदान) दिई सहयोग गरे। देखादेखै सुन्दर विहार तयार भयो।

त्यतिवेला शाक्यमुनि बुद्ध कपिलवस्तुतिरै हुनुहुन्थ्यो। उहाँलाई निमन्त्रणा गरियो। उहाँ आफ्ना भिक्षुहरूलाई लिएर त्यहाँ आउनु भयो। उहाँहरूको भव्य स्वागत गरी नवनिर्मित विहारमा भोजन गराइयो। तत्पश्चात् विहारको दान ग्रहण गर्न बुद्धलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



आग्रह गरियो बुद्धले यस्तो जिज्ञ
राख्दै प्रश्न गर्नुभयो–

"यस सुन्दर विहारको दात
हो खै ?"

रोहिणीका दाजुले जवाफ दि

"शास्ता, यो विहार मेरी ब
रोहिणीले बनाउन लगाएकी र
गर्ने इच्छा गरेकी हुन्। कुष्ठ
गर्दा मान्छेहरूको समाजमा दे
अप्ठ्यारो मानेर उनी नआएकी।

बुद्धले दाता स्वयं उपि
भएर दान गर्न उत्तम हुने बत
भयो। त्यसै अनुसार रोहिणी
त्यहाँ बोलाइयो। उनी जे
बुद्धको सामुन्ने उपस्थित
अभिवादन गरिन्। विहारको
स्वीकार गर्न आग्रह गरिन्। बुद्धले संघका लागि स्वीकार गर्दै त्यसको संरक्ष
नित्य लिपपोतको लागि उनलाई खटाउनु भयो। आफ्ना लिँडे हातले पनि उ
नित्य सफाइ र लिपपोत गर्न थालिन्। संघमा भएका वैद्यले जडीबुटी चिन
उपचार विधि पनि बताएर सहयोग गरे। निरन्तरको उपचार र परिश्रमले गर्दा
निको हुँदै गइन्। सबैले खुबै जाती माने। उनकै नाउँबाट विहारको नाम 'रो
विहार' प्रचलित भयो। रोहिणी विहारमा बौद्ध भिक्षु-भिक्षुणीहरू आउने
गरे। बर्खामा विहार भरिभराउ हुन थाल्यो।

शुद्ध मनले तन शुद्ध।

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपन्देही-परासीतिरको जनश्रुति

कोलीय देवदह र रामग्राम

उहिले काशी राज्यमा राजा रामले राज्य गर्थे। अयोध्याका राजा दशरथका पुत्र भएर यी छुट्टै राम थिए। तिनलाई कोरले समात्यो। त्यहाँका वैद्यहरूसँग ओखतीमुलो गराए तर निको भएन। गुरुवा-बिजुवालाई तान्त्रिक मन्त्रद्वारा झार-फुक गराए। घटेन, कर्म बढ्दै गयो। उनी चिन्ताले दुब्लाउँदै गए। राजकाजमा मन लाग्न छोड्यो।

उता काशीकै छिमेकी कोसल राज्यमा राजा ओक्काक राज्य गर्थे। उनकी ठुली छोरीको नाउँ प्रिया थियो। प्रियालाई पनि कोर देखा पऱ्यो। उनलाई पनि वैद्य, बिजुवा, धामी आदिले अनेक यत्न गरे तर सञ्चो भएन। उनकी बहिनीको बिहा भयो तर उनी त्यत्तिकै रहिन्। राजाकी छोरी जसतसलाई दिन नसुहाउने। कुनै राजपुत्रले त्यस्ती खोंटी राजकुमारी किन बिहा गरोस् ? प्रिया दिनदिनै चिन्ताले दुब्लाउँदै गएर ख्याउटे बनिन्।

काशी नरेशले कोसल राजकुमारी प्रिया पनि कोरबाट पीडित छिन् भन्ने कुरो थाहा पाएर भेट्न गए। दुबैको रोगको प्रकृति उस्तै देखियो। त्यहाँ उत्तरतर्फको शाक्य राज्यबाट कुम्ले व्यापारीहरू पहाडिया काम्ला, पाखी, शिलाजित, कस्तुरी आदि सामान लिएर व्यापार गर्न डुल्दैथिए। उनीहरूले त्यो कुराको चाल पाएर काशी र कोसल नरेशहरूलाई भेटी आफुहरूकहाँ उपचार हुने कुरो बताए। कोसलराज ओक्काकले तिनीहरूलाई चाँडै फिर्ता गर्न तिनका सबै समान बिकाइ दिए। सँगै उपचार गर्न जाने बथ गरेर काशी नरेश घोडा कँसी उहाँ पुगेर राजपाट छोरालाई सुम्पे। धनदौलत र केही सेवकहरू लिएर तुरुन्त कोसल राजधानी अहिच्छत्र फर्के। शाक्य देशका व्यापारीलाई राम्ररी खानपिन गराई सामल-तुमल दिए। आफ्नी ठुली छोरी प्रियालाई सुसारे र सिपाहीका साथ बिदा गरे। त्यो हुल बाटा लाग्यो। केही दिनको हिंडाइपछि तिनीहरू बघेला वा रोहिनी नदीको तिरैतिर केरवानी आइपुगे। व्यापारीहरूले त्यहाँका गुरुवासँग भेट गराइदिए। आफूहरू आ-आफ्ना बाटा लागे। केरवानीका गुरुवाले व्याघ्रपुर अथवा देवदह नजिकको कलोउको वृक्षको बोक्रो पचेर त्यसको रसमा अन्य जडीबुटी मिलाएर सेवन गर्न लगाए।

कलोउ वृक्षको बोक्रो र अन्य जडिबुटी खाने र लाउने गर्दै जाँदा काशीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा राम र कोसल राजपुत्री प्रियालाई बिसको उन्निस हुन थाल्यो। गुरु
लामो समयसम्म बसेर उपचार गर्न सल्लाह दिए। त्यस अनुसार उनीहरूले सुसा
सिपाहीहरूलाई आ-आफ्ना राज्यतर्फ फर्काइदिए। त्यसपछि कम खर्चले गुजारा च
भयो। उनीहरू कुटी बनाएर बसे। कोर निको पार्नसक्ने गुण भएको कलोउ वा
वृक्षको प्रसिद्धि झन् फैलिँदै गयो। त्यस क्षेत्रकै नाम कोलीय भनेर कहलिन थाल

प्रिया र रामसँगै रहँदा-बस्दा एक अर्कोप्रति आकर्षित भए। एउटी नारी र ए
पुरुष लामो समयसम्म सँगैजसो बस्दा त्यसो हुनु स्वाभाविकै थियो। स्थानीय किस
गोठालाहरूले पनि दुबैलाई जोईपोइ सरह भएको अड्कल काटे। उनीहरूले आखिर
गरेर समाजको अगाडि घरजम गरेको देखाए। रामका छोरा काशीराजले आफ्ना बाबुको
निको हुँदै गएको थाहा पाएर घोडचढी दूत र सिपाही खटाई लिन पठाए तर, रामले नफ
भनेर तिनीहरूलाई फिर्ता गरे। पछि छोरा आफै आएर पनि कर गरे तर रामले मानेनन्। छो
बरु बाबुको लागि पण्डितपुरमा महल बनाइदिए। त्यो महल बनेपछि रामले जनपद स्था
गरे। महल बनेको थलो उनकै नामबाट रामग्राम कहलिएर प्रचलित भयो।

उता कोसल नरेशले पनि आफ्नी ठुली छोरी सञ्चो भएको र काशीराज
बिहा गरेको गाहा पाएर थुप्रै दाइजो पठाइदिए। रामग्रामस्थित उनीहरूको म
भरिभराउ भयो। गोठ बनाएर गाईभैंसी पनि पाल्न थाले। पोखरी खनाएर माछा पा
हरवा-चरवा र घरेलु कामदार पनि राखेर दरबारिया ढाँचा निकाले। उनीहरू
सन्तान पनि भए। राजखलक हुनाले शाक्यहरूसँग सोलीडोली चल्यो।

कोलीय जनपदका दुइवटा नगरबस्ती फैलिए– एउटा देवदह र अ
रामग्राम। कपिलवस्तुका शाक्यवंशको विशाल राज्य थियो। कपिलवस्तुका श
र कोलीयहरूबीच लेनदेन भयो। मामाचेली र फुपूचेलाको सोलीडोली चल्ने हु
कञ्चन र सिंहनुका पुत्र शुद्धोदनको बिहा कोलीय जनपदका राजा अञ्जनकी
मायादेवीसँग भएको थियो। सिंहनुकी पुत्री अमिता शाक्यसँग सुप्रबुद्धको लगन
कँसिएको थियो। त्यसरी नै पछि शुद्धोदन र मायादेवीका पुत्र सिद्धार्थ गौतमको
कोलीय राजकुमारी यशोधरा अथवा मामाचेलीसित सम्पन्न भयो।

कोलको प्रभाव

— ० ० —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम राप्ती र पूर्व भेरीतिर प्रचलित जनश्रुति

गजुलकोट

उहिले नयाँ बनेको छानामाथि सुनको जलप लगाएको गजुल जोडेर झल्काएको देखेपछि हटारु, बटुवा, कुम्ले व्यापारी, तीर्थयात्रु आदिले त्यस थलाको नाउँ 'गजुलकोट' राखेछन्। स्थानीय गोठाला, सिकारी र किसानले पनि त्यो नाउँ मन पराए छन्। आखिर त्यो थुमे राज्यको नाउँ नै गजुलकोट भनेर प्रसिद्ध भएछ।

एकपल्ट गजुलकोटमा राजा नभएर गद्दी खाली भएछ। काजी त्यहीँ पोखरी खनाउने काममा जुटेका थिए। त्यसैबेला उनले त्यहाँका भैभलाद्मी, थरी, मुखिया, कटवाललाई जम्मा गरेर चौपारीमा कचेडी बसाली छलफल चलाए। छलफलबाट यस्तो निर्णय भएछ–

"राजगुण भएको व्यक्ति आई शिरको फेटा वा पगरी फुकालेर यो चौपारीमा जो बस्ला त्यसैलाई राजा बनाउँला। यो गुप्त सल्लाह भयो। कसैले बाहिर फयल्ल नगर्नू, पञ्चखत लाग्ला।"

उता जाजरकोटको जक्तीपुरमा तुथासेनले राज्य गर्थे रे। त्यहाँ उनका भाइको आकस्मात् मृत्यु भएछ। भाइलाई उनी साह्है माया गर्थे। भाइको ठुलो आड भरोसा पाउँथे। उनको हरै भाँचिए जस्तो भयो। उनकी विधवा भाइबुहारी पनि बुद्धिमती र असल थिइन्। तुथा राजाले भाइबुहारीको सल्लाहले राज्य चलाउन थाले।

तुथा राजा धार्मिक प्रवृत्तिका हुनाले भाइबुहारीप्रति नराम्रो दृष्टि राख्दैनथे तर, भारदारहरूबाट भाइबुहारीलाई स्याहारेर रानी बनाई राजकाज चलाउनु पर्ने दबाब आयो। उनले भाइबुहारी स्याहारेर रानी बनाई राज्य गर्नुभन्दा छोडेर हिँड्न उपयुक्त माने। त्यस अनुसार दानपुण्य गरी जक्तीपुर राज्य छाडेर मुक्तिनाथको दर्शन गर्न भनी पूर्वतर्फ प्रस्थान गरे।

चार दिनको यात्रापछि उनी गजुलकोट पुगे। त्यहाँको चौपारीमा टुस्स बसी पगरी फुकालेर राखे। चौपारीको छेउँतिर कटुवाल बसेका थिए। कटुवालले मनमनै विचार गरे- "ए, यिनी ता अँस्तिन बथ गरेअनुसार राजगुणले भरिपूर्ण जस्तो पो देखिन्छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ए! काजीलाई ख
दिनुपऱ्यो।"

कटवाल जुरु
उठेर तिन फड्क
काजीसँग पुगी
कुराको जनाउ दि
दुबै जना छिन्भ
चौपारीमा आ
काजीले चौपारी
पगरी फुकालेर को
परेका तुथालाई नियाले। उनमा राजगुण भएको लच्छिन देखियो। उनीसँग काजी
सोधपुछ गरे। उनी जक्तिपुरका राजा भएको र राजपाट त्यागेर तीर्थयात्रामा हिँडे
कुरा प्रष्ट भयो। काजीले उनलाई त्यहीँ गजुलकोटको राजा भएर बस्न भ
आफू विरक्तिएर हिँडेकाले राजकाजको इच्छा नभएको कुरा तुथाबाट आयं
कटवालले अरू भैभलादमीसमेत जुटाए। सबैले तुथालाई गुजलकोट थुम
राजा भइदिन कर गरे। धेरै कर लगाएपछि उनले नाइँको नास्ति गर्न सके
उनलाई अभिषेक गरेर राज-पगरी गुथाइयो। रुकुम दरिजेनमका थुमे राजा
छोरी तुरूपावतीसित उनको बिहा भयो। अठार गाउँ-मौजा भएको गजुलथुम
राजा भएर तुथा सेनले राज्य गरे। उनी शान्त प्रकृतिका भएकाले भलाप
थरी, कटुवाल आदिको सल्लाहले राम्ररी राज्य शासन चलाए। तुरूपावती रा
र उनलाई सन्तान पनि भए। उनका सन्तानहरूले भने काजी, थरी, कटुवाल
अरू भलामान्सलाई राजा छान्ने अधिकार दिएनन्। आफ्नै भाइ-भतिजाहरू
भैयादी सभा बनाएर खास निर्णय लिने गर्न थाले। काजीमा आफ्नै भैयादल
राख्न थाले। बेला-मौकामा विभिन्न थरका प्रमुख थरी, भलापाँच र कटुवाल
सल्लाह लिने र विशेष काम पर्दा कचेडी लगाएर सुनुवाइ भने लिने गर्थे रे।

कटुवालको कति जिम्मेवारी!

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारा-पर्सातिर कहिने किंवदन्ती

गढीमाई

उहिले बारियारपुर भनिने गाउँमा भगवान् चौधरी नाम गरेका एकजना थारु किसान थिए रे। तिनी गाउँमा ठुलाठालुमै गनिने रहेछन्। गाउँघरका सानातिना झैंझगडा र कचिङ्गलहरू उनकै पहलमा त्यहीं नै मिलाइन्थे रे! मेलमिलाप गराउँदा कहीं दुबै त कहीं कम्तीमा एक पक्ष त टेढिइहाल्ने।

"फलानाको मुख डढेर मलाई उँधो पारिदियो" भन्दै गुनासो गर्ने। यसरी नै भगवान् चौधरीलाई पनि भलापञ्च भएर मिलापत्र गराउँदा एक पक्ष रिसाएर मुद्दा गर्न पुगेछ। कुरो मौजाका पटवारी र जमिनदारकहाँ हुँदै आखिर मकवानपुरे राजाकहाँ गएछ। त्यहाँ उनले मुद्दा हारेछन्।

मकवानपुरे राजाले उनलाई कैद गर्छन्। उनी झेलखानभित्र कैदी भएर रहँदा अरू कैदीसँग कुराकानी हुनु स्वभाविकै हो। स्थानीय एकजना पाका कैदीले यस्तो सल्लाह दिए– "आफ्नो पक्षमा मुद्दा छिनालेर कैदबाट छुट्न मकवानपुर गढीकी माईंको स्तुति गर्नुस्।" उनले स्तुति गरे। स्तुतिबाट प्रशन्न भएकी देवीले चौधरीलाई दर्शन दिइछन्। चौधरी साह्रै खुसी भएर आफुलाई छुटाइदिन र बरियापुरको सुन्दर गढीमा गई बसिदिन अनुरोध गरेछन्। उनको अनुरोधलाई माईंले यसरी जवाफ दिइछन्–"भक्त चौधरी, यस कुरामा म पछि विचार गरूँला, पहिले तिमी कैदबाट मुक्त होऊ।"

उनले पाले-पहरेदारहरूलाई लठ्ठ पारेर तालाचाबी खोलिदिइछन्। चौधरी सुटुक्क निस्केर माईंलाई पछ्याएछन्। उनले अनेक तरहले फकाएछन्। आखिर माईंको मन पग्लिछाडेछ। चौधरीले बाटाको अगुवाई गरेछन्। उनीहरू केही दिनको आरामदायी यात्रापछि जंगलको गोप्य बाटोहुँदै बरियारपुर पुगेछन्।

बरियारपुरमा भुरे राजाको गढी थियो। सुन्दर निकुञ्जभित्रको त्यो शीतल गढी, गढीसँगै जोडिएको विशाल पोखरी, वरपरका उर्वर खेतखलिहान आदिले उनलाई आकर्षित गरेछन्। चौधरीका दाजुभाइ-दिदीबहिनीहरू, हरपति महाराज, गुरुवा, बिजुवा, धामीलगायत अन्य जातजातिका किसान, गोठाला, मछुवार, सिकारी,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्थरकट्टा, तेली, धोवी आदिले समेत कोसेली लिएर आई ढोगदर्शन गरेछन् । माईं
खुबै मानमनितो गर्दै सधैंभरि सोही गढीमा बसिदिन आग्रह गरेछन् ।

सबैको आग्रहलाई टार्न नसकेर माईँ त्यहीं बस्न राजी भइछन् । सबै गाउँले
जुटेर उनलाई बस्न सुन्दर कुटी र मन्दिर निर्माण गरिदिएछन् । एउटा भक्त द्वारपाल भ
बस्नु रुजु भएछन् । उनका लागि पनि नजिकै कुटी तयार गरिएछ ।

माईँको अनेक तरहले सेवा-सत्कार गरिएछ । नियमित बलिभाग दिइएछ । उ
त्यहाँ बसेपछि महामारीले हुने मानिस र पशुप्राणीको क्षति कम हुँदै गएछ । झैंझग
घटेर मेलमिलाप बढ्दै गएछ । कहीं कतै सानातिना कचपाईं भइहाले पनि माईं
रोहबरमा गाउँका भैभलाद्मी बसेर नियाँनिसाफ गरिदिएछन् । नजिकमा मात्र
दूरदराजका गाउँ-जिल्लासम्म माईँको कीर्ति फैलिँदै गएछ ।

यसै त गढीबाटै आएकी देवी, अझै बरियारपुरगढीमा जमेर बस्न थालेप
त उनको नाम नै 'गढीमाईँ' चलेछ । उनको आश्रयमा विभिन्न कुटी र धर्मशाला
बनाइएछन् । भक्तहरूको चहलपहल बढ्दै गएछ ।

उत्तरनाथबाबाको साथै अन्य साधुसन्त र धामी-गुरुवाहरू पनि भजन-की
गरेर बस्ने गरेछन् । ब्राह्मणहरू बसेर ब्रह्मयज्ञ गर्न ब्रह्मस्थान बनाइएछ । हरप
महाराजको गादी पनि सँगै राखिएछ । उनी पनि माईँको अनन्य भक्त बनेछन् । उन
शेषपछि उनले जोत्ने गरेको, सुनले फाली मोरिएको हलो गादीमा राखेर पुज्ने गरिए

सेमरावनगढकी कालीमाईँ, मकवानपुरगढीकी माईँ, चुरेडाँडाकी चुरियामा
दक्षिणकी जुरलाही माईँ आदि देवीहरू उनका सँगीसाथी थिए । दक्षिणमाईँको शेषप
पनि उनको मूर्ति बनाएर ठुलो सम्मानपूर्वक राखियो । भाकल गरेको जे कुरा पनि पु
भनेर मानिसहरूमा झनझन विश्वास बढ्दै गयो ।

टाढाटाढादेखि पनि भक्तजनहरू बलिभाग लिएर आउने क्रम घटेन । मन पराए
भनेर भगवान चौधरीकै सन्तानले उनको समखान र पूजा चलाउने गरे ।

माई त भक्त चौधरीका पछिपछि !

—०○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

<u>बागलुङतिर प्रचलित पुराकथा</u>

घुम्टे र भीम

उहिले महाभारतकालमा पाँच पाण्डवहरू कुरुक्षेत्र-हस्तिनापुरदेखि मुक्तिक्षेत्रको तीर्थयात्रामा हिंडेका रहेछन्। उनीहरू घुम्दै श्रावस्ती, कपिलवस्तु शाक्य गणराज्य, उलुक छत्रराज्य हुँदै निस्कुट राज्यभित्र पर्ने गलकोटको पाण्डुखानीमा आएर बसेछन्। त्यहाँ उनीहरूले धातु वा धाउका नमुना भेट्टाए छन्। स्थानीय जनहरूको सहायताले धाउखानी निकाले छन्।

पाण्डवहरूको सिपबाट खानी चलाइएकोले त्यस ठाउँको नाउँ पाण्डवखानी रहन पुगेछ। त्यहाँ बस्दा पाण्डवहरू दरमखोलामा माछा मार्न झर्थे। दरमखोलामा उत्तरपट्टि घुम्टेको लेक ठिङ्ग उभिएको थियो। त्यसमा प्रायः बादल या कुहिरो लागेको हुन्थ्यो। सधैं घुम्टो ओढे जस्तै देखिने हुनाले मान्छेहरू 'घुम्टे' भन्ने गर्थे।

पाँच भाइ पाण्डवहरूमध्ये माइला भीम सबभन्दा बलिया थिए। उनलाई बल जाँच्न मन लाग्यो। त्यसैले एक दिन उनी सामुन्ने उभिएको घुम्टेमा फटक्क फट्केर चढे। यसभन्दा पहिला उनी एकै फट्कोमा चढेको ठाउँलाई 'भीमफट्का' भन्न थालिएको थियो।

"ओहो! यो ता अलि अँस्ति डुलेका गाँजा, झुले आदिभन्दा ता अल्को र राम्रो पो रैछ।" उनले उत्तरतर्फ चाँदी जस्तो हिमालय हेरे। धौलागिरि, नीलगिरि, मुकुट, चुरेन, अन्नपूर्णा र माछापुच्छ्रेलाई ताकेर मटेङ्ग्रा हाने। मटेङ्ग्राले ती चुचुरालाई ट्वाक्क-ट्वाक्क हान्दा उनलाई अझै मज्जा लाग्यो।

यस्तैमा वारि झुलेको लेकमा बस्ने वराहले त्यो देखेछन्। त्यति साना मटेङ्ग्रा फालेको देख्दा उनलाई हाँसो उठ्यो र भने–"ए भिउसिङ, के त्यति स्याना मटेङ्ग्रा फाल्छौ ? ठुला ढुङ्गा फाल न।"

भीम के कम र! उनले भने– "ए वराह, साँच्चै बल जाँच्ने ? लौ तो तिम्ले त्यो ठुलो ढुङ्गो तेताबाट दरमखोलाको त्यो ठुलो रहमा फाल, । मैले यताबाट यो ठुलो ढुङ्गो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छेलो बनाएर त्यही रहमा फाल्छु।"

भुलेको लेकबाट वराहले ढुङ्गो मच्चाएर फालेछन्। त्यो ढुङ्गो उही
नेटाका पाखामा खसेछ र फुर्लुङ-फुर्लुङ पल्टँदै लम्पसार परेर अडिए छ। आफ
नसकेपछि भीमले पनि सक्दैन भन्ने ठाने वराहले तर, भीमले घुम्टेको लेकमा घुँ
धसेर ढुङ्गाको ठेलो फाल्दा त अचम्म!

ढुङ्गो आकाशमै फुटेर एक टुक्रो हलुवा खोलामा र अर्को टुक्रो दरमखोला
ठुलो भ्यागुते रहमा बज्रिन पुगे। मानिसहरूले अचम्म मानेर त्यो भीमकाय ढुङ्गोल
पुज्न थालेछन्। त्यो ठुलो भ्यागुते रहको नाउँ 'भिउसिङ रह' राखेछन्।

उता घुम्टेको लेकमा भीमका घुँडा धसिएर ठुला खाडल बने। ती खाड
घुम्टेका दुई काँध बन्न पुगे। तल्लो घुम्टेमा भीमले लौरो ठड्याएका थिए। त्यहाँ
सुरिलो थुम्किलोलाई 'भिउसिङको लौरो' भन्ने गरियो। त्यसपछि पाण्डव
मुक्तिक्षेत्र र दामोदरकुण्डतिर लागे।

घुम्टेमा पछि ठुला सिद्ध आई बसेर शिवको तपस्या गर्न थाले। उन
तल लेक-बेसी र पाखातिरका जन-गणलाई रोगव्याधिबाट बँचाए। आपस
काटमार गर्न नदिएर सत्मार्गमा लगाए। त्यहाँ ठाडो सुरुङ्ग थियो। भक्त
भक्तिनीहरूले त्यो सुरुङ्गबाट तामाका पैसा खसालि दिन्थे। खसालेका ती पै
खन्द्रयाङ्-खन्द्रयाङ् गर्दै कति हो कति तल झर्ने!

सिद्धको सम्झनामा स्थान बनाइदिए। त्यहाँ पताका, धूप आदि चढा
थाले। बडेमानको रोट बनाएर प्रसाद छुवाउने र आफुहरूले बाँडेर खाने चल
चलाए। हरेक वैशाखे पूर्णिमाका दिन टाढा-टाढाबाट उपासकहरू जुट्ने, ढु
पूजा हुने र भव्य मेला लाग्ने गर्न थाल्यो।

पछिका केही मानिसले त घुम्टेलाई नै भीम हुन् भनेर पनि विश्वास गर्न था
हुन पनि मानिस गजधम्म बसे जस्तै देखिने पो घुम्टे त!

मानेसि ढुङ्गा नि द्यौता!

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनसरीतिर प्रचलित जनश्रुति

चिमडीदह अथवा बर्जूतालमा यक्ष

जुवामा सर्वश्व हारेपछि पाँच पाण्डव र द्रौपदी वनवासमा गए। काम्यकवनमा झुपडी बनाई सिकार, वनतरुल, फल र माछाका भरमा उनीहरूले निर्वाह चलाउन थाले। बाह्र वर्षपछि गुप्तवासका लागि दुर्योधनले थाहा नपाओस् भनेर सुटुक्क निस्के। भेष बदली जमुनाको किनारैकिनार पूर्वदक्षिण हानिएर सुदूर कोसी र गंगाको सङ्गमतिर पुगे।

त्यहाँदेखि कोसीको किनारैकिनार उत्तर निस्की विराटराजाको राजधानीनजिक पुगे। हतियार लुकाई विराटको दरबारमा गुप्त भेषमै प्रवेश गरे। आफुहरू पाण्डवका नोकरचाकर भएकाले दरबारिया कामहरू जानेको बताएपछि उनलाई काममा जुटाइयो। त्यसपछि उनीहरूलाई खान र बस्न कुनै दुःख भएन।

फुर्सदमा पाण्डवहरू सिकारमा निस्कन्थे। घोरल, रतुवा, चित्तल, बँदेल, खरायो आदि वनका जनावर र अनेक जातका चराहरू ल्याएर विराट राजालाई दिन्थे। दरबारमा वनका सिकारहरूको ठुलो भोजभतेर चल्थ्यो। आफुकहाँ काम गर्न बसेका मानिसहरू यतिविधि सिपालु भएकामा विराटराजा मख्ख थिए। उनको गल्ती भए पनि राजाबाट माफी मिल्थ्यो।

विराट अथवा कोचराज्यभित्र चिमडी नाम गरेको दह पर्थ्यो। विराट राजधानीभन्दा पश्चिमतर्फ पर्ने विशाल चिमडीदहको किनारमा गोठाला, मछुवार र सिकारीहरूले एउटी बुढी बर्जूलाई देखे।

स्याउले छाप्रामुनि मुढा जोरेर आगो बाली वनतरुल पोल्दै र खाँदै गरेर बस्थिन् उनी। सिकारी र मछुवारहरूले सिकार र माछाको भाग दिने पनि गर्थे। उनले त्यहीँ नै जिन्दगी बिताएकी थिइन्। बिरामी जस्ती देखिने तिनै बुढी बर्जूको नामबाट त्यस चिमडीदहलाई पछिपछि 'बर्जूताल' पनि भन्न थालियो।

एकपल्ट पाँचभाइ पाण्डवहरू वनमा सिकार खेल्न निस्केका थिए। सिकार खोज्दै जाँदा उनीहरूलाई तिर्खाले सतायो। युधिष्ठिरलाई एउटा बुके खोलामा आराम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न छाडी बाँकी चार भाइहरू माइला भीमसेन, साइँला अर्जुन, काइँला नहकुल र कान्छा सहदेव एकएक गरी पानी खोज्दै जाँदा चिमडीदह अथवा बर्जूतालमा पुगेछन्। त्यहाँ त्यतिखेर यक्षगणको राजा बस्ने रहेछ।

तिर्खाले आत्तिएका पाण्डवहरूले पानी खानै लाग्दा यक्षराजाले रोकी आफुले सोधेका प्रश्नहको उत्तर दिएर मात्र पानी खान भन्यो। तर, उनीहरूले त्यसको वास्तै नगरी पानी खाए। भनेको नमानेकाले यक्षराज मनमनै रिसायो र उसले तिनीहरूलाई नशालु चिज ख्वाएर बेहोस पाऱ्यो।

उता जेठा युधिष्ठिर आफ्ना भाइहरू आउने आसमा पर्खिरहे। बाटो हेर्दा आँखा पाट्टिए तर उनीहरू फर्केनन्। त्यसैले पाइला पच्छ्याउँदै उनी भाइहरूको खोजीमा हिंडे। खोज्दै जाँदा तालको किनारमा भाइहरू आनन्दले सुतेजस्ता देखिन्थे। उनले भाइहरूलाई जगाउन खोज्दा जागेनन्। त्यसैबेला यक्षराज आएर सामुन्ने उभियो। युधिष्ठिरले उसलाई नमस्कार गरी आफ्ना भाइहरू बेहोस् हुनाको कारण सोधे–

"यक्षराज, यी मेरा भाइहरू किन जाग्दैनन् ? यिनले केही हराम-बिराम गरे कि ? कसरी होसमा आउलान् ? तिर्खाले आत्तिएकोले मैले पानी खान पाउँछु कि ?"

यक्षराजले भन्यो– "मैले तिम्रा भाइहरूलाई मेरा प्रश्नका उत्तर दिएर मात्र पानी खान भनेको थिएँ। उनीहरूले टेरपुच्छर लगाएनन्। मैले तिमीलाई पनि प्रश्न सोध्छु, तिनको उत्तर दिएपछि मात्र पेटभरि पानी खान पाउने छौ। अहिले घाँटी सुकेको भए एक अँजुलो पानी खाएर घाँटी रुझाउन सक्छौ।"

एक अञ्जुली पानी खाएर युधिष्ठिर उत्तर दिन तयार भए। उनीहरूबीच यस्तो प्रश्नोत्तर चल्यो–

यक्षराज : केले मानिसलाई महान बनाउँछ ? धर्मको स्थान केमा छ ?

युधिष्ठिर : ध्यानले मानिसलाई महान् बनाउँछ। धर्मको स्थान उद्योगमा छ।

यक्षराज : सबभन्दा ठुलो सम्पत्ति के हो ? सबभन्दा उत्तम धर्म कुन हो ?

युधिष्ठिर : सबभन्दा ठुलो सम्पत्ति ज्ञान र सबभन्दा उत्तम धर्म साँचो बोल्नु हो।

यक्षराज : राम्रो साथी को हो ? कोसँगको मित्रता स्थिर रहन्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युधिष्ठिर : राम्रो साथी धैर्य हो। सज्जनसँगको मित्रता स्थिर रहन्छ।

यक्षराज : सबभन्दा ठुलो शत्रु को हो ? कसलाई वशमा पार्नाले शोक हुँदैन ?

युधिष्ठिर : सबभन्दा ठुलो शत्रु रिस हो। मनलाई वशमा पर्नाले शोक हुँदैन।

यक्षराज : सबैभन्दा ठुलो आनन्द केमा छ ? अभिमान के हो ?

युधिष्ठिर : सबभन्दा ठुलो आनन्द खुसी रहनुमा छ। आफैलाई ठुलो मान्नु अभिमान हो।

यक्षराज : सबभन्दा ठुलो खुसियाली केले ल्याउँछ ?

युधिष्ठिर : सबभन्दा ठुलो खुसियाली असल चरित्रले ल्याउँछ।

यक्षराज : सबभन्दा ठुलो नाफा के हो ? परदेशको मित्र के हो ?

युधिष्ठिर : सबभन्दा ठुलो नाफा निरोगी हुनु हो। परदेशको मित्र धन हो।

यक्षराज : सबभन्दा ठुलो सुखी को हुन्छ ? रोगीको मित्र को हो ?

युधिष्ठिर : सबभन्दा ठुलो सुखी अऋणी हुन्छ। रोगीको मित्र वैद्य हो।

यक्षराज : पृथ्वीभन्दा पनि ठुलो को हो ? घरको मित्र को हो ?

युधिष्ठिर : पृथ्वीभन्दा पनि ठुली आमा हुन्। घरकी मित्र पत्नी हुन्।

यक्षराज : स्वर्गभन्दा पनि उच्च को हुन्छ ? अमृत भनेको के हो ?

युधिष्ठिर : स्वर्गभन्दा पनि उच्च बाबु हुन्छन्। अमृत भनेको विचार हो।

यक्षराज : हावाको भन्दा पनि छिटो गति केको हुन्छ ?

युधिष्ठिर : हावाको भन्दा पनि छिटो गति लोभको हुन्छ।

यक्षराज : अनन्तकालसम्मको रोग कुन हो ? प्रकाशलाई केले रोक्छ ?

युधिष्ठिर : अनन्तकालसम्मको रोग लोभ हो। प्रकाशलाई अन्धकारले रोक्छ।

यक्षराज : केले धन्यवाद कमाउँछ ? के गर्न लाज मान्नु पर्छ ?

युधिष्ठिर : बुद्धिले धन्यवाद कमाउँछ। खराब काम गर्न लाज मान्नु पर्छ।

आफ्ना प्रश्नहरूको सही उत्तर पाएपछि यक्षराज सन्तुष्ट भई युधिष्ठिरलाई धाप हान्यो। उनलाई पेटभरि पानी खान सङ्केत गऱ्यो। छालाका थैलाबाट बुटी निकाली बेहोस भएकाहरूलाई ख्वाइदियो। तिनीहरूको जिउमा पानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छर्किदियो। उनीहरू जागे र हाइ गर्दै उठे।

यक्षराज र पाण्डवहरूबीच मित्रता भयो। पाण्डवहरू फेरिफेरि चिमडीदहतिर सिकार खेल्न आउँदा पानी खान कुनै रोकटोक भएन, बरु यक्षले आफुकहाँ केही खानेकुरा भए उनीहरूलाई दिएर सत्कार गर्नथाल्यो। उनीहरूले पनि सिकार मार्न सकेमा यक्षराजालाई पनि बिलो दिने गरे। कहिलेकाँही चाडपर्वका बेला ऐरा खेल्दा मनचिन्ते सिकार मार्न पाएमा पाण्डव र यक्षगण मिलेर सँगै खाजा पनि खाने गर्थे। खाजा वा वनभोज खाँदा चाहिने लौके चिन्डा, काठका आरी, माटाका हाँडी, ताँबाका ताबा, नरिवलका बटुका, ढुङ्गे सिलौटा, बाँसका ढुङ्ग्रा आदि भाँडाकुँडा यक्षबाट निकालिन्थ्यो।

पाण्डवहरू कोच-विराटबाट हस्तिनापुर फर्केपछि पनि अन्य कबिला-गणले यक्षगणसँग जाल बुनी पासो थापेर ऐरा खेल्ने, सिकार पार्ने जस्ता सहयोग गर्थे रे। टाढाका मित्र कबिला-गण आएर भोजभतेर लाउँदा स्थानीय यक्षगणका भाँडावर्तन मागेर चलन गर्थे।

कालान्तरपछि गोठाला-किसानहरूले वनभात खाँदा पनि यक्षकहाँ भाँडा माग्ने गर्थे रे। त्यसरी मागेका भाँडा चोख्याएर भाँडाको भागगुरो समेत राखी बुझाउँथे रे। त्यहाँ पुगेर भाँडाकुँडाको लागि चिताएमा आफै भाँडा निस्कने रे। ती भाँडामा पकाए खाएपछि वा सुमरेपछि राम्ररी माझेर जहाँको तहीं राख्दा कसैले सुटुक्क थन्काउने गर्थ्यो वा भाँडा गायव हुने गर्थे भन्ने अरे अरे पनि सुन्नमा आए।

पछि चिमडीवरपर बस्ती बसेपछि त गोठाला किसानहरू झन आउन थाले। बरु यक्षराजको गण कुसुण्डा कहलिएपछि गोठालाका गाई-भैंसी जाती नमान्ने हुनाले अन्यत्र सऱ्यो।

मान्छे र पशु मात्र नभई चिमडीदह अथवा बर्जूताल त स्थानीय र हिमालपारिदेखि आएका कराङ्कुराङ चराहरूको समेत बस्ने फिर्ने रमाइलो थलो पो बन्नपुग्यो!

कुसुण्डा मामा कति बुद्धिमान् ?

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालीकोट्या साइतर

चिलखाया

शिरस्थानको आश्रममा एकजना जोगी बस्थे। उनले धेरै तीर्थहरूको दर्शन गरिसकेका थिए। मानसरोवर तीर्थ गर्ने धोको भने बाँकी थियो। मानसरोवरको यात्रा चानचुने नहुने। उहाँ पुगेर आएका पाका जोगीले उनलाई यसो भनेका थिए–

"हेर साधु, मानसरोवर तीर्थ गर्नु मामुली हैन। पहिलो कुरा, खुट्टा दरा हुनुपर्छ। दोस्रो, प्रशस्त लुगा चाहिन्छन्। तेस्रो, सामलतुमल र धन चाहिन्छ। जानू, बुढिइसकेका छैनौ।"

ती शिरस्थाने जोगीसँग सुन थियो। उनले त्यो सुन आफ्नो लौराभित्र हालेर जमाए। बाहिर हेर्दा कसैले नदेख्ने भयो। दुःख पर्दा त्यो सुनले जहाँ पनि काम दिने। फेरि सुनकै भरले मात्र कहाँ होला र ? भिक्षा नपाएर सामल किन्नुपर्दा नगदै चाहिने। त्यसैले उनले नगद पैसाको पनि जोहो गरे। घरबुना ठेटुवा किनेर लाउने लुगा बाक्ला सिलाए। ओढ्ने बाक्लो पाखी कुम्लामाथि हाले।

यो सबै बन्दोबस्तीपछि जोगीले झिसमिसेमै साइत गरे। शिरस्थानबाट दैलेखको डाँडामा निस्के। तेर्सै छान्नाहुँदै महाबैको फेँदीमा अर्नी खाएर उकालो चढे। महाबै र जगन्नाथको दर्शन गरीवरी साँझ जसोतसो डिल्लीकोट झरे। त्यहाँको एउटा घरमा उनको वास पऱ्यो। तै साँझको जोगी भनेर पेटभरि गास पनि दिए। कडा हिँडाइले लखतरान परेका जोगी निदाइहाले।

अर्कोदिन बिहानै त्यस घरकालाई आशीरवाद दिँदै बिदा भए। केही घर डुलेर चामल बटुले। घुँडै दुखाउने डिल्लीकोटको लामो ढुङ्गेनी ओरालो उनी नआत्तिई बिस्तारै झरे। पाद्मघाटको साँधु तरेर एउटा घरमा भात पकाइदिन भने। भात पाक्दै गर्दा उनी एक झप्को निदाएछन्। त्यहाँ भात खाएर उनी फेरि ढुङ्गेनी उकालो निस्कन थाले। त्यस दिन बेलैमाथि उनी चिलखाया पुगे।

चिलखायाको विशाल फाँटले उनलाई छक्कै पाऱ्यो। खेतभरि धान हल्केको थियो। गाडकुला चलेका थिए। हाँडे माटो हुनाले भिजेका आली चिप्ला थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभन्दै उनी चिप्लिएर लोटे। दैलेखतिर हटारूले सुनाएको उखानको सम्झना भयो- "चिल्खायाकी बैकिनीका खुर कराएँ (चिलखायाका आइमाईका खुट्टा बाङ्गा)।"

कुलामा हिलो पखाल्दै उनी खिस्स हाँसे–"यस्तो हाँडे हिलोमा पानी बोकेर घर निस्कनुपर्ने! आइमाईहरूका खुट्टा लोटीलोटी बाङ्गा भएका होलान् बिचरा!" त्यही उखानको अर्को अंश सम्झे–"जुबिथाका पहरीका पुँछ कराएँ।" खेतमा पानी लगाउने पनेरुलाई उनले सोधिहाले– "हैन, यो जुबिथा कता पर्छ र त्यहाँका पहरीका पुच्छर किन बाङ्गा हुन्छन् हँ ?"

पनेरुले जवाफ फर्कायो– "बाटामाथि पड्डो जुबिथा। भोल देखन्या छौ। वाँपुडो ज्याद्दी बतास लाग्दो।"

"ए बतास लागेको लागि गर्दा भालेका पुच्छर बाङ्गिने पो रहेछन्। भोलि हेरम्ला।" उनी लुरुक्क गाउँतिर पसे। एउटा घरमा वास मागे। उनलाई मानसरोवर पुगेर आउने एउटा साथी चाहिएको थियो। उनले कुराको गाँठो फुकाए। ज्यालामा त्यसै घरको छोरट्या (ठिटो) जाने भयो। भोलि बिहानै हिंड्ने तयारी भयो।

सुनको लौराले वेलावेलामा जोगीलाई झस्काउँथ्यो–"यो लौरो कतै बाटामा बिर्सियो भने ? राखेको थलाबाट कसैले लगिदियो भने ? अहँ, अब यो लौरो लाँदिनँ यसै घरमा छाड्छु।" उनले घरबेटीसित भने–"हेर, यो लौराभित्र सुन छ। बाटामा हराउने डर हुन्छ। त्यसकारण धनसारमा लुकाएर राखिदेऊ। म फर्केर आई लैजानेछु।"

घरबेटीले सुनको लौरो धनसारमा लगेर राखिदियो। जोगी र ठिटो अर्को बिहानै भात खाइवरी बाटा लागे। जोगीले ठिटालाई 'लरिका' भन्थे। तिलाको बाङ्गो साँघुमा जोगीका खुट्टा काँपे। लरिकाले उनको पाखुरामा समाएर साँघु तार्‍यो। त्यसपछि उनीहरू तिलाको किनारै-किनार उकालो लागे। बतास चलिरहने जुबिथा पनि आइहाल्यो। पानीको धारा नजिकै छहारीमा बसेर उनीहरूले तिलोटसित रोटा चपाउन थाले। जोगीको नजर कुखुराका बथानतिर पर्‍यो। भालेको पुच्छर बतासले साँच्चै बाङ्गिएको ?

उनीहरू तिला छाडी सिंजादराभित्र पसे। सिंजाको विशाल फाँटले उनलाई लोभ्यायो। बसेरो पनि त्यहीं पर्‍यो। अर्कोदिन भुलभुले, घुच्ची, पिना हुँदै गम खोला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तरेर वास बसे। चङ्खेली, दार्म, मेल्छाम, गोठी, मार्गोर, सिमकोट, केर्मी, मुचु, यारी र ताक्लाखार हुँदै नौ दिनपछि उनीहरू मानसरोवर पुगेर नुहाए। नजिकै रहेको कैलासको समेत दर्शन गरेर फर्के।

जडानमा भाषाको समस्याले गर्दा भिक्षा मिलेन। गोजाकै पैसा खर्चेर बेसाउनु पऱ्यो। चौघानफया पुग्दा त खल्ती रित्तै! त्यहाँदेखि तल भने टोपीटालेहरूले अलिअलि भाषा बुझ्ने भएकाले भिक्षा दिए। बाटाको गर्जो टऱ्यो।

चिल्खाया आइपुग्ने बेला लरिका पल्लो गाउँकी फुपूकहाँ पस्यो। जोगी भने सरासर उसको घर आए। घरबेटीलाई राख्न दिएको सुनको लौरो मागे। घरबेटीले भने यस्तो जवाफ दियो–

"साधु महाराजौ, तुम्मो लौडो धनसारभित्त घुनले खाइदियो। मेरो छोरट्ट्या काँपुडो छाड्यौ ?"

जोगीलाई उसले जाल गऱ्यो भन्ने स्पष्ट भयो। त्यसैले उनले पनि तारे सबालको तिल्के जवाफ फर्काए–

"हेर घरबेटी बाबा, मेरो लौरो घुनले खाए जस्तै तिम्रो छोरो चिलले खाइदियो।" घरबेटीले अचम्म मान्दै भन्यो– "क्या भन्दा, मेरो छोरट्ट्याकन चिल खाया ?"

"अँ, चिल खाया।" त्यो दोहोरी सुन्ने गाउँलेहरूले "छोरट्ट्याकन चिल खाया रे चिल खाया।" भन्दै हाँस्न थाले। कुरो चर्काचर्की पऱ्यो। सुन्ने पाका साछीले जोगीलाई एकान्त लगी सोधे–

"साँच्ची छोरट्ट्या काँपुडो छ ? उइकन ल्याऊ, मो सुनालौडा फिर्ता गर्न्या छु।"

त्यति बेलै छोरट्ट्या आइपुग्यो। साछी बसेकाले जोगीको सुनको लौरो फिर्ता गराए। त्यसपछि त्यो छोरट्ट्यालाई सँगीहरूले 'तौंकन चिल खाया ?' भन्दै गिज्याए। सुस्तसुस्त गाउँलाई नै 'चिलखाया' भन्न थालियो।

ढाँटेको कुरो र फाटेको टोपी लुकाएर लुक्दैन।

—०○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चोभारमा आदिनाथ

उहिले ललितपुरको सानागाउँमा लोकेश्वरको मन्दिर थियो। लोकेश्वरलाई जति मानमनितो गर्दा पनि त्यहाँका किसान गोठालाहरूलाई रोगव्याधिले छोडेन, अशुभ बढ्दै गयो। त्यसैले रिसाएर उनीहरूले वास्ता गर्न छोडे। एउटा किसानले त मूर्ति नै उखेलेर छाड्यो रे!

एकपटक त्यहाँ मुसलधारे वर्षा भएछ। त्यो वर्षाको कारण ठुलो बाढी आएछ। त्यहाँ रहेको लोकेश्वरनाथको मन्दिर भत्केछ। बाढीले लोकेश्वरनाथको मूर्तिलाई बगाएछ। एउटा गोठालाले त्यो मूर्तिलाई बाग्मती र नख्खुखोलाको दोभानमा भेटाएछन्। उनले त्यो मूर्ति लुकाएर राखे। उनी चोभारमा आए सबैलाई त्यस कुराको खबर गरे।

चोभारवासी र छिमेकीहरू जम्मा भएर बाजासहित गोठालाको नेतृत्वमा मूर्ति लुकाएको थलोमा गए। पहिला लोकेश्वरनाथको त्यो मूर्तिको पूजा गरियो। पूजापछि बढाईं भयो। त्यसपछि त्यो मूर्ति ल्याउने जात्राको थालनी गरियो। त्यो मूर्ति चोभारको थुम्कोमा स्थापना गरियो। त्यहाँ सुन्दर मन्दिर बनाएर पूजाआजा गर्न थालियो।

नख्खुखोला र बाग्मती नदीको सङ्गमदेखि सुरु भएको जात्रा। नख्खुको नेख्खु जात्रा भनिएछ। चैते अष्टमीका दिन लोकेश्वरनाथको जात्रा हुने। पुरुष र नारीको जन्मदेखि मृत्युसम्म गरिने सबै संस्कारहरू केही दिन पहिलादेखि देखाउन थालिएछ। नेवाः भाषामा नारी र पुरुषको संस्कार बताउने त्यो जात्रालाई 'हक लुइगु' भन्ने गरिएछ।

लोकेश्वरनाथलाई वारि चोभारतिरका स्थानीय जनले पहिला आएका सिद्ध ठानेर आदिनाथ भन्न थाले। ती आदिनाथ सिद्धलाई खुबै मान्ने र पुज्ने गरे। आदिनाथको मानमर्यादाले गर्दा ती गोठाला र तिनका सन्तानहरूको उन्नति हुँदै गयो। स्थानीय चोभारवासी र छरछिमेकीहरूलाई पनि भलो भयो।

त्यसैले प्रत्येक वर्षको चैते दशैं र रामनवमी पर्व पारेर नेखुल-नख्खुबाट पूजाहारी झिकाई आदिनाथको दश जातक कर्म गरी भित्र्याउन चोभारमा नेख्खु जात्रा निकाल्न थालियो। आदिनाथ सिद्धलाई सम्झेर वार्षिक रूपमा जातक संस्कारसहित नख्खु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



जात्रा देखाउने चलन चल्यो। चोभारमा नख्खुजात्रा निकाल्ने चलन पछि गएर एउटा परम्परा बन्न पुग्यो।

आदिनाथ मन्दिरको आँगनमा चोभारको गल्छी काट्न नेतृत्व गर्ने मञ्जुश्रीको धर्मधातु मण्डल निर्माण गरियो। द्वारमातृका, नाग, गन्धर्वेश्वर महादेव, अमृतानन्द विहार र स्तुपहरू स्थापना गरिए। कोजाग्रत पूर्णिमादेखि कार्त्तिक शुक्ल पूर्णिमासम्म पनि नित्यपूजाको परम्परा बस्यो।

कुनै गोठालाका ढुङ्गा, कसैका देउता!

—०○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्याङ्जातिर प्रचलित दन्त्यकथा

छ्याङ्छ्याङ्दी

अघि कुनै वेला महादेव आफ्नी प्यारी पत्नी सतीदेवीको लास बोकेर विरह-वेदनाले छट्पटिँदै र भौंतारिँदै हिँडेका थिए। धेरै दिनसम्म डुलाउँदा सतीदेवीको लास फतक्क गलेर खस्दै गयो।

मासुका पिण्ड खसेका विभिन्न थलाहरूमा अनेक शक्तिपीठहरू बने। चाक खसेको थलो पछि गुह्येश्वरीको नाउँले प्रसिद्ध भयो।

सतीदेवीको लासका सबै खण्डहरू खसिसकेका थिए। उनले यसो आफ्नो काँधमा हेरे–“सतीदेवीको सबै जिउ खसिसकेको हो र ? छामछुम पार्दा ता कङ्काल बाहेक केही छैन ?”

बल्ल उनले आफ्नो भारी हलुङ्गिएर छ्याङ्ङ भएको महसुस गरे। उनको होस पुरा खुल्यो।

अहिलेसम्म महादेवलाई भोक, प्यास, निद्रा, थकाइ केही लागेको थिएन। अब होस फिरेपछि उनलाई प्यास लागेछ। कालीगण्डकीनजिकै एक ठाउँमा उनले पानी रसाएको देखे। उनले धनुको टुप्पो र काँणले खोलेर पानी राम्ररी निकाले।

कुन्टो बनाएर पानी सङ्लन दिए। सङ्लिएपछि टन्न पानी खाई त्यहाँ कहरा (कफेरा)मा कोल्टे परेर आराम गरेछन्। केही समयको आरामपछि उनी त्यहाँबाट हिँडे।

महादेवले आराम गरेको थलामा चिल्लो र लिङ्ग जस्तो आकारको चट्टाने ढुङ्गो थियो। उनी त्यहाँ नरहे पनि त्यस ढुङ्गालाई स्थानीय जनहरूले शिवलिङ्ग मान्न थाले। त्यहाँ भक्तजनहरूले त्यो शिवलिङ्गमा दुध ल्याएर चढाउने, जलधारा लगाउने, पूजा गर्ने र ढोग्ने गर्न थाले। नजिकै पानीको छहरी छँदै थियो। त्यो वालिङभन्दा पश्चिम-दक्षिण झरेर आँधीखोलामा मिसिन्थ्यो।

त्यहाँ महादेवका भक्त र दर्शनार्थीहरू आएर खासगरी शिवरात्रीमा ठुलै मेला लगाउन थालेछन्। अन्य शुभ पर्व र उत्सवहरूमा पनि दर्शनार्थीहरू आउने गरेछन्। पछि त्यहाँ मन्दिर र पौवा पनि बनाइदिएछन्। नित्य पूजा हुन थालेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महादेवद्वारा बोकिएकी सतीदेवीका शरीरको भारी सकिएर छ्याङ्ङ भएको कुरा स्थानीय मगर कविलाले थाहा पायो। लासको भारी सकिए छ्याङ्ङ भएको थलामा दी(पानी) निस्केको देखेर उसले पहिले छ्याङ्ङे दी र पछि छ्याङ्छ्याङ्दी भन्नथाल्यो।

अरू ससाना कबिलाले पनि पनि छ्याङ्छ्याङ गर्ने पानीको छहरी देखेर त्यो थलाको नाउँ कसैले छ्याङ्छ्याङ्ङ पानी र कसैले छ्याङ्छ्याङ्ङ छहरा भने। मगर कबिला ठुलो हुनाले उसले भन्ने गरेको उच्चारण नै बढी चलनमा आयो। पछि ता सबै कबिला-गणले त्यो थलीलाई छ्याङ्छ्याङ्दी भन्न थाले।

विरह वेदनाले रन्थनिने-भौँतारिने !



—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनैको कथा

ढुङ्गे जुगमा मान्छेले धेरै कुरा सिक्न र अनुभव गर्न पाएको रे। ओडारमा बस्ने मान्छेहरू बाँदरका जस्तै बगाल भएर सिकारमा हिँड्थे रे। सिकार भेट्दा चारैतिरबाट घेरा हाली ढुङ्गाले हिर्काई-हिर्काई मार्थे रे। कहिलेकाहीँ महसुर मानिस एक्लै-दोक्लै पनि मृग, खरायो, बँदेल आदि पाहारमा लट्ठ परेर सुतेको मौका छोपी धारिला ढुङ्गाले हानेर मार्ने गर्थे रे।

एक दिन दुइटा सुरा सिकारीहरूले एक जोडी मृग मारेछन्। धारिला ढुङ्गाले भोँक्रो फुटालेर टन्न रगत पिएछन्। भुँडी रेटेर लादी फालेछन्। मुटु-कलेजो झिकेर खाएछन्। काँधमा बोकेर बसेरो वा ओडारतिर हिँडेछन्। सप्रेका मृग हुनाले काँध पाट्टिएर बिसाउँदै हिँड्दै गर्नुपर्ने।

एक ठाउँ बिसाएको बेला भिरमा बाबियो लरक्क परेको देखेछन्। भिरगौँडामा हिँड्दा बाबियाका गाँज समाएर झुन्डिँदा पनि नछिनेको सम्झना भएछ। अलिबेर त्यसमा हेरेपछि एउटालाई अक्कल आएछ र अर्का साथीलाई 'त्यो बन्कसी उँखेलेर बन्धन बनाऊँ है' भनेछ। अर्का सिकारीले सही थापेछ। दुबैले मस्तै बाबियो उँखेलेछन्। एक-एक मुठी बाबियो गाँसेर लामो बन्धन बनाएछन्। त्यसमा मृगको घाँटी बाँधेर लतारेछन्। काँधीकुरी बोक्नभन्दा लामो बन्धनले बाँधेर ओरालोमा लतार्न धेरै सजिलो भएछ।

ओडारमा पुगेपछि कबिलाकी माताका अगाडि सिकार पल्टाएछन्। अघिल्ला दिनहरूमा काँधमा बोकेर या खुट्टामा समाई लतारेर ल्याउँने गरेको सिकार त्यस दिन बन्धनले बाँधेर लतार्दै ल्याएको देख्दा महामाताले अनौठो मानिन्। ती दुई तन्नेरी छोराछोरीलाई संकेत गर्दै भदाभदै र नातिनातिनाहरूलाई देखाइन्। नयाँ जुक्तिले सिकार लतारेको देखेर सबैले अचम्म माने।

महामाताले यसो घोरिएर अझै अक्कल लगाइन्। त्यो बाबियो हत्केलामा बाटेर डोरी बनाउने अभ्यास गरिन्। अरूले पनि त्यसै गरे। अब तिनीहरूले महामाताको नेतृत्वमा डोरी बाट्न सिके। भोलिपल्ट त्यस्ता चार-पाँच हाते डोरी बायाँ काँधदेखि दायाँ हातमुनि भिरेर हिँड्न तयार भए। ती डोरी भिरेका ज्यानहरू देखेर अरू सहायक माता, लोग्नेहरू, ठिटाठिटी र केटाकेटीहरू दङ्ग पर्दै मुस्कुराए। डोरी प्रथम जनै र ती सिकारी जवानहरूको सिकार यात्रा-साइत प्रथम बर्तन उत्सव हुनपुग्यो। ती डोरीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाउरा बटुलेर बिटा बाँध्न सकिने।

त्यतिकै अँगालोमा ल्याउने गरेका भन्दा तेब्बर-चौबर दाउरा बिटो बाँधेर ल्याउन सकिने। मुढा बाँधेर ल्याउन सकिने। मुढा बाँधेर लतार्न उस्तै सजिलो। उनीहरूले रसीको टुप्पामा ढुङ्गा अड्काएर घुयँत्रा फ्याँकेर जङ्गली फलहरू खाइदिने बाँदर र ढेँडुवाहरू धपाउन र शत्रु कबिलामाथि मारण प्रहार गर्न सफल भए। सिकार खेल्दा घाइते हुने साथीलाई बोक्न सजिलो भयो।

अब प्रत्येक कबिला सदस्यले वनकसीको डोरी बाटेर तिनलाई काँधदेखि कम्मरसम्म छड्के जनै-डोरीको रूपमा भिरेर हिंड्ने गर्न थाले। हुँदाहुँदा त्यस्ता रसीका ठुल्ठुला जाल बुन्न सिके। रहमा जाल हानेर जालमा माछा पार्न कति जाती! धेरै जालहरू जोडेर ऐरा-खेदो गर्दा कोकोहोलो गरी सिकार बल्भाउन पनि सिकिछाडे। बाबियो नहुने थलामा चाम्रो खाले कुश वा घाँस प्रयोगमा ल्याइयो।

तराईमा पहाडको फेँदीभिरबाट बाबियो ल्याउन टाढा पर्ने हुनाले कुश-घाँस प्रचलनमा आयो। कुशका रसी जनैका रूपमा पुरुष र नारी दुबैले भिर्ने गरे। पछि कुश वा घाँसभन्दा बलियो रुखको लोक्ता-पटुवा प्रयोगमा ल्याएर डोरी बाट्न सिके। भर्ला वा मालुका रसीहरू निकै बलिया साबित भए। अभ्र पछिपछि ताम्र-लौह युगमा आइपुग्दा हतियारले काटेर निकालिएका छाला-नर्कटका अति बलिया डोरा-रसी प्रयोगमा ल्याइए। भेँडा-च्याङ्ग्राका भुत्लाका पनि खास गरी हिमाली क्षेत्रमा तान बाटेर रसी, लिउ, फेरे र काम्ला बुन्न सिके।

अझै पछि जङ्गली कपासलाई खेती गरेर कपास वा सुतो निकाल्ने, तान भिक्ने, ताकुबाट तान बाट्ने र मसिना डोरा बनाएर कपडा बुन्न समेत सिकिभ्याए। कपासको आविष्कारले छाला र रौंका वस्त्रमा निर्भर रहनु पर्ने बाध्यतामाथि आमूल परिवर्तन गऱ्यो। महादेवको शैलीबाट राम-कृष्ण शैलीको जीवन विकसित भयो। प्राकृतिक आश्चर्य र घटनाहरूबाट मानिस डराउँथ्यो र सावधान हुन्थ्यो। सूर्य, चन्द्र, ग्रह, तारा, पृथ्वी, समुद्र, नदी, हिमाल, छहरा, पहरा, ठुला रुख, बिजुली, बादल, वर्षा, ग्रहण, चिर्को(वज्र), जाडो, गर्मी, डढेलो आदिलाई अनौठो शक्ति र घटनाका रूपमा मानितो गर्न थाल्यो। प्राकृतिक घटनाबाट जोगिन निश्चित संस्कार र आचार अँगाल्यो।

त्यस्ता संस्कार र आचारहरूमा निरन्तर डोरी भिरेर हिंड्ने पनि एउटा थियो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि कुश बाबियो, पटुवा, ऊनी, छाला वा कपासका डोरी भिर्ने आदतलाई संस्कार र रीतिको रूपमा ग्रहण गऱ्यो।

डोरी-रसीको पनि वर्गीकरण भयो। कपडाभित्र रीतिको रूपमा लगाउने र कपडाबाहिर भारी बाँध्न, बोक्न, लतार्न, धुयँत्रा बनाउन, जाल बुन्न आदि कामका लागि रसी, डोरी, बरिया, नाम्ला इत्यादिको हिसाबले भिर्ने गरे। गह्रौं ढुङ्गा खोपे तामा, लोहाका औजार-हतियार बनाउन सिकेपछि खुर्पेटोमा खुर्पा र काँधमा बरियो डोरी वा नाम्लो सिकारी जीवनको मात्र नभई कृषि तथा पशुपालक जीवनका पनि अत्यावश्यक साधन बन्न पुगे।

लुगाभित्र लगाउने जनैलाई पछिपरन्त निश्चित संस्कार मान्ने ब्राह्मण र छेत्रीका सबै पुरुष तथा नेवार जातिका केही उपल्लो पुरुष थरमा मात्र सीमित गरियो। यसरी समाजमा मानिसहरू दुई वर्गमा विभाजित भए– तागो(धागो) वा जनै लगाउने तागाधारी र नलगाउने गैर तागाधारी।

तागाधारीलाई मदिरा वर्जित गरियो। तागो नलगाउनेले मदिरा खान पाए मतवाली भए। ब्राह्मण र छेत्री-ठकुरीका नारीहरूले तीज तथा ऋषि पञ्चमी व्रत गर्दा मात्र कुशको जनै र उँखुका पातको कन्धनी लगाएर एक दिने संस्कार सम्पन्न गरे। अन्य जात-जातिहरूले लुगाभित्र तागो वा डोरी(जनै) लगाउने संस्कार नअपनाई लुगा बाहिर भारी बाँध्ने, बोक्ने, लतार्ने, कम्मरमा कँस्ने, मह काढ्दा हाँगामा झुन्डाउने लगाम लाउने, खोकन बनाउने आदि कामका लागि डोरी, बरिया, नाम्ला जस्ता साधन प्रयोगमा ल्याए। बाहुन, छेत्री र उपल्ला थरी नेवार जातिका पुरुषहरूलाई भने दोहोरा डोरा भिर्नु पर्ने अवस्था बन्यो : एउटा सांस्कारिक डोरीको रूपमा जनै र अर्को व्यावहारिक डोरीको हिसाबमा नाम्लो वा बरियो। यसरी ढुङ्गे जुगदेखि सुरु भएको जनै-डोराको कथा यहीं सकियो।

'सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला, यो कथा कैलासाँ जाला। भन्ने बेलाँ खुरुक्क आला।'

आवश्यकता नै आविष्कारकी जननी !

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुम्ली साइतर

जोगीगौँडो

एउटा जोगी मानसरोवर जानका लागि तराईबाट उँभो लागेछन्। उनी भावर छिचोल्दै बबई र भेरी नदी डुँगाबाट तरी सुन्दर सुर्खेत उपत्यकाभित्र छिरेछन्। त्यहाँको बुलबुलेमा नुहाईवरी देउतीबज्यै र काँक्रेविहारको दर्शन गरेछन्। त्यसपछि उनी रातानाङ्लाको उकालो चढ्न थाले। उकालैको भट्टीपसलमा उनको वास पऱ्यो।

कहिल्यै पहाड नउक्लेका मान्छे, उनका मनमा पहाडमा खटिया बिछ्याएर सुत्न गाहारो हुँदोहोला भन्ने थियो। हिँड्ने वेलामा उनका तराईवासी साथीहरूले 'दिखना कि पहाडमे खटिया कइसे बिछाए जावथै' भनेको कुरा कानमै रिंगे जस्तो लाग्थ्यो।

बसेराको पेटीमा फ्याक्क फालिएर उनले भित्रतिर नियाले। त्यहाँ त सम्याएको भुइँमा खटियाहरू चार खुट्टा टेकेर तेर्सिएका थिए। 'ए जी, खटिया तो सिधे भवा हए?' त्यसपछि तेर्सो परेर लमतन्न सुत्न पाइने भयो भनी खिस्स हाँसो उठ्यो उनलाई।

भट्टीपसले ज्ञानी हुनाले मात्रै ती जोगीले सजिलै वास पाएका थिए। अरू भट्टीपसलमा त उनलाई 'तिमी जस्ता फुस्रे जोगीलाई सुताउने ठाउँ छैन' भन्ने जवाफ आएको थियो।

उनले शंकर भोलेनाथको आशीर्वाद दिए। फलस्वरूप वास मात्र हैन गाँस पनि सित्तैमा मिल्यो।

अर्का बिहानै उनले बाटो तताए। रानीमत्ता, गाईबान्ना, अउलपराजुल, लोहोरेगाड, दहिलेख, छान्ना आदि थलाहरू हुँदै उनी महाबैको उकालो लागे।। यहाँसम्मका उकाला ओराला त उनले जेनतेन काटेका थिए।

महाबैको उकालोले भने उनको होसै लग्यो। उँधो हेऱ्यो कहाली लाग्दो भीर र छाँगो, उँभो हेर्दा पछाडि पल्टिने डर। पहरो कपेर बनाएको बाटोमा खच्चडले ऐमानका भारी बोकेर हिँडेको र ढाक्रेले गह्रौं ढाकर बोकेर हिँडेको देख्दा भने उनको मन अलि हौसियो। ठाउँ-ठाउँमा सुस्ताउँदै लौके चिन्डामा लगेको पानीले घाँटी रुझाउँदै उनी महाबैको छेँडामा पुगे। उनलाई साँच्चैको कैलाश पुगे झैं लाग्यो।

त्यहाँबाट उत्तरतिर नियाल्दा सेता हिउँचुली, नीला पहाड र वारिपारि हरिया अनि तालुखुइले लेक-लाग्नाहरू कति रमाइला? उकालोमा पियासले अत्याउँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि काँधमा भिरेको लौके चिन्डो नितारेर एक तुर्को पानीले घाँटी चिसो बनाए। झोलीमा राखेको अर्नीपर्नी पनि खाए। हिमाली चिसोले लेकमा जे खाए पनि अति मिठो लाग्ने ! उनी ओरालिएर महाबैका भान्जा जगन्नाथको काठेमाडौंमा पसी दर्शन गरे। त्यसपछि उनी डिल्लीकोटको ओरालो झरी पाद्मघाट पुगे। पाद्मघाटको साँघु थर्थराउँदै तरी पूर्वोत्तर उकालिए। चिल्खाया पुग्दा विशाल फाँट देखेर उनी दङ्ग परे। त्यहाँ ग्वालासित एकछिन सँगै बसी सुल्फा मागेर ताने। टारैटार तेर्सो हिंड्दा तिला नदी भेटियो। त्यसमाथिको अग्लो बाङ्गो साँघु खुट्टा कपाउँदै बडो मुस्किलले तरे। त्यस्तो डर उनलाई कहिल्यै लागेको थिएन। त्यहाँबाट जुबिथा, भिग्म र नाग्म हुँदै ठुलो सिँजाफाँटमा पस्दा त उनलाई अचम्म लाग्यो। त्यहाँ उनले चामलको भिक्षा बटुले। बाटा खर्च बनाए। त्यसपछि उनी घुच्चीलेक चढ्दा लेक लाग्यो। बडो मुस्किलले घुच्ची लाग्नोको काँधमा पुगेर ओरालिए। राराताल घुमेर गमगढी झरे। उत्तरतर्फ पारिको चंखेलीलेक देख्दा उनको होसै उड्ला जस्तो भयो। मानसरोवरको यात्रा पुरा गर्न नसकिएला कि भन्ने शंका उठ्यो। उनले स्थानीय मान्छेसित राय मागे। स्थानीय मान्छेले यसरी सल्लाह दिए– "दे, सरोवर जान्या भन्दा छौ साधुऔ। लाग्नो हिँड्न नसक्न्या। तुमी गम खोलैखोल पुडा जाऊ। उता हुम्लाकर्नाली आउन्या छ। त्यैको किनारै किनार जानू। बाटो पाँजुल्लै छ।"

साधु मुगुकर्णालीको तिरैतिर पश्चिमतिर लागे। सजिलो तेर्सो त कहाँ हुनु तै ठुलो लेक चढ्नु परेन। भिहींघाटमा हुम्लाकर्णाली भेटिएपछि ताँकुल्लोमा चढी डोरीबाट पारिपाखा लागे। त्यत्रो कर्नाली नदी डोरीमा झुन्डिएर तर्दा उनलाई बाँचुँला भन्ने लागेको थिएन। यसरी केही दिनको डरलाग्दो यात्राबाट उनी गल्बागाड पुगे।

त्यहाँ मानसरोवर तथा कैलास जाने सही बाटो सोधे। गल्बालले पाल्स हुँदै मनेकाँध चढेर जाने बाटो बताइदिए। जोगी त्यसै अनुसार मनेलेकको दखिन काखमा पुगे। जङ्गल छउन्जेलको बाटो हरियाली र पानी भएको थियो।

जसै उनी नाङ्गो र उँभो हेर्दा आफैमाथि घोप्टिएला जस्तो मनेकाँध चढ्न थाले, तसै उनी आत्तिएर तलिबिसाउनाको ढुङ्गामा थाच्च बसे। यसो उँभो हेर्छन् त घोडा-खच्चर र च्याङ्ग्रासमेत भारी बोकेर हिंडेका, उनी फेरि सुरिए। उनी अलिबेर ठाडो ढुङ्गेनी उकालो चढ्न थाले। उनी पछिका ढाकरे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताक्लाखार हाट जाने हटारु र लुक्काल बोकेका च्याङ्ग्राले उनलाई उछिन्दा पछिपछि भेटाउन पनि नखोजेका होइनन्। तर, तराईको तातोपानी, सेतो भात र औलोले गलेका जोगी के सक्थे बिचरा ?

एउटा गौंडामा फ्यात्त फालिए। उनका कोखैमा बिसाएको एउटा हटारूलाई उनले सोधिहाले– "मानसरोवर कइसा हए ?"

जोगीको बेहाल देखेर उसले जवाफ दियो– "बाँचिगयौ भन्या वाहीँपुडो जाई देख्नू।"

त्यसभन्दा कति अग्ला लेक-लाग्ना अझै काट्नुपर्ने कुरा सुनेपछि भाउन्न भएका जोगीले उँभो लाग्ने आस मारे! आखिर ज्यानको माया त सबैलाई हुन्छ नै।

अरू बटुवाहरू पनि उनको त्यो हाल देखेर छेउमै बसी रसिँदै सुल्फा भरेर तान्न थाले। जोगीले सुस्केरा हाल्दै यसो भनिहाले–



"चुन्ने मुन्ने तो अइसा हए,
मानसरोवर कइसा होगा!
अब आगे जाई तो मरजाई,
जय भोले शङ्कर ?"

उनले पाती र एउटा ढुङ्गो मानसरोवर तीर्थ, कैलास र भोले शंकरको नाउँमा चढाइदिए। उनी कहालीलाग्दो ओरालोमा थर्थराउँदै भित्तो समाएर ओर्लिन थाले। देख्नेसुन्ने हटारू-बटुवाहरूले त्यो गौंडाको नाउँ 'जोगीगौंडो' राखिदिए।

आउनेजानेले त्यो जोगीगौंडोमा चौपारी जस्तो चिनेर गुम्बा वा ढुङ्गे-देउरालीमा झैं ढुङ्गो र फुल चढाउने गरे! पछिपरन्त त्यो थलो जोगीगौंडोकै नाउँबाट प्रसिद्ध भयो।

ज्यानले हरेस खाएसि केही लाग्दैन!

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टौदहका कर्कोटक

उहिले कर्कोटक नाग बाहुनको भेषमा एउटा वैद्यकहाँ गए। वैद्यलाई भेटे आफ्नो समस्या बताए– "हे वैद्यराज! मेरी स्वास्नी आँखा दुखेर छट्पटाइरहेकी छिन्। ओखती लिएर मेरा घरसम्म पुग्ने कष्ट गर्नुपर्‍यो। मैले धेरै गुन मान्ने छु। तपाईंलाई रित्तो हात फर्काउने छैन।"

वैद्यले सान्त्वना दिँदै भने– "हे ब्राह्मणजी! यहाँ बिरामी आइरहेछन्। कुनै बिरामी त थैय-थैय भएर घस्रँदै आएका हुन्छन्। तपाईंको घर टाढा होला। समय धेरै लाग्ला। म धेरै दौडधुप गर्न पनि सक्दिनँ। हेर्नुस् न, म उमेरले साठी काटिसकेँ। तसर्थ ओखती लिएर जानुहोस्।"

बाहुनले फेरि अनुरोध गरे– "हैन वैद्यराज, मेरो घर टाढा छैन। बाटो सजिलो छ। तपाईं आफै पुगेर उपचार गरिदिनुहोस्। केही बेरमा तपाईं फर्किन सक्नुहुनेछ। हिँड्न गाहारो भएछ भने म घोडा झिकाइहाल्छु।"

बाहुनले धेरै कर गरेकाले वैद्यले हार्न सकेनन्। ओखतीको थैलो लिएर पछि लागे। टौहदमा आएपछि बाहुनले आँखा चिम्लेर दहभित्र पस्न भने। वैद्य पहिले त डराए। तर, बाहुनले 'डुबुल्की मार्नासाथ सुरुङ भेटिन्छ' भनेपछि तयार भए। दहभित्र बाहुन पस्नासाथ वैद्य पनि आँखा चिम्ली बुढी औँठाले कान र माझिली औँलाले नाक थुनेर टौहदभित्र पसे।

भित्र पस्नासाथ सुरुङ भेटियो। सुरुङ अग्लिएपछि बाटो ओभानो! एकछिन सुरुङमा हिँड्नासाथ भित्र त अचम्मको गुफा-दरबार! दरबारका भित्ताहरूमा मणि रहेछ। फटिकको भुइँमा राम्रा राम्रा कम्बल र गलैंचा बिछाइएका! ठुला ठुला पानसमा बत्ती बालेका। नागहरूका शिरमा मणि झल्केको।

कर्कोटक नागकी रानी राम्रा गहना र कपडाले सजिएर सुनको आसनमा बसेकी। हीरा र मोतीका हार लगाएकी। झल्कने छाता ओढाइएकी। अति रूपवती रानीको मुहार भने मलिन। आँखा दुखेर छट्पटाइरहेकी। कर्कोटकले आफ्नो साँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूप देखाएर वैद्यको परिचय गराए। वैद्यलाई गलैंचामा बसालियो।

आत्तिएकी रानी आसनबाट ओर्लेर वैद्यको कोखैमा बसिन् र भनिन्– "वैद्यराज! म ता आँखा दुखेर मर्न लागेँ। जसरी भए पनि चाँडै सञ्चो गराइदिनुहोस्। जीवनभर तपाईंको गुन सम्झुँला।"

वैद्यले ओक्तेथैलो खोले। रानीको मन्टो आफ्नो काखमा सुताए। शुद्ध कपासमा पुरैनाबुटीको रस चोपेर आँखा सफा गरिदिए। त्यसपछि अर्को औषधीको थोपा चुहाइदिए। रानीलाई पीडा कम हुनथाल्यो। उनी वैद्यको काखमै केही बेर पल्टिन्। वैद्यले उनको कपाल मुसारेर ढाडस दिए। रानी उठ्ने चाल गरिनन्।

वैद्यलाई भने बेर भएको थियो। यसैले रानीलाई विस्तारै उठाएर बिदा हुन खोजे। रानीले मायालु दृष्टिले वैद्यलाई हेरेर फेरि पनि आइदिन भनिन्। वैद्यले फेरि खानका लागि औषधी दिँदै मुस्कुराएर मुन्टो हल्लाए। नागराज कर्कोटकले वैद्यको दौराको गोजीमा एक असर्फी हालिदिए। उनले वैद्यलाई गुफादरबारबाट टौदह किनारमा ल्याएर बिदा गरे।



उपकारी वैद्य!

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठुल्लुम्पेकमा पिठो सकिँदा

ठुल्लुम्पेकमा एउटा किसान परिवार बस्थ्यो। त्यस परिवारमा घरबुढा, घरबुढी र तिनका लालाबाला थिए। सहकाल पर्दा उनीहरूलाई जेनतेन खान पुग्थ्यो। बरु बर्खामा अनिकाल लाग्ने गर्छ भनेर आटोपीठो जोगाई-जोगाई साँच्थे। गर्मी चढेपछि घुन-पुत्ला लाग्ने भएकोले हिउँदैमा मकै दलेर काँत्रा बनाउने र बर्खामा ती काँत्रा पिसेर मसिन्याई आटो बनाएर फत्काउँथे।

अनिकाल पर्दा गाउँमा ऐँचोपैँचो त के बेसाहा पनि पाइन्नथ्यो। अन्न भएका कुनै दयालु साहुले मात्र चौपाँजे दिन्थे। अथवा असार-साउनको अनिकालमा चार पाथी कोदो वा अरू अन्न थापेर हिउँदमा नयाँ कोदो या अरू अन्न पाकेपछि पाँच पाथी बुझाउनुपर्थ्यो।

अन्नको किफायत गर्न सिस्नाको खोले, तामा, निगालाका ठोंसा, माछा, गँगटा, वनको सिकार, गिठा, भ्याकुर, खोलेसाग, जलुका, निउरो, सिम्लिकान जस्ता तिउनताउन पउल गराउनु पर्थ्यो। अर्थात् अरू-अरू चिजले र पानीले भए पनि पेट उप्स्याएर अन्न अलि-अलि खाने र अनिकाल टार्ने गर्नुपर्थ्यो।

त्यति गर्दा पनि चाँडै मकै छर्न नपाएर, खडेरीका कारण बेला-पतेला लाउन-हुर्काउन नपाएर महाकाल पर्न सक्थ्यो। एक दाना अन्न पेटमा हाल्न नपाएका मान्छे भोकले मर्थे। महाकाल पर्दा कुरिलाका जरा, सुँगुरेका डाँक्ला र केराका गाना खाएर पनि भोक मेट्ने र खरो धान्ने गरिन्थ्यो।

एकपल्ट ठुल्लुम्पेकमा साँच्चै ठुलो अनिकाल पऱ्यो। महाकाल आउने स्थिति देखियो। जोगाई-जोगाई राखेको मकै र कोदोको पिठो पनि सकियो अनि किसानकी घरबुढीले गुनासो पोखिन्–

"ए बुढा! पिठो सकियो, ऐँचोपैँचो, बेसाहा जे पाइन्छ खोज्न गइहाल। नत्र लालाबाला भोकै मर्लान् नि। यहाँ गाउँमा कसैकहाँ अन्न, पिठो केही पाइन्छ कि, डुलेरै खोज।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किसान बुढा धोक्रो काँधमा राखी, केही चाँदीका मोहर पटुकामा बाँधी गाउँमा डुले। जो जसकहाँ अलि अन्न पउल हुन्थ्यो, तिनीहरूकहाँ पनि अन्न पाइएन। सबैले "चामल, आटो त के रहन्थ्यो, पिठो पनि सकियो" भनेर जवाफ दिए।

बुढा बेलुका रित्तै घर फर्केर खुइय सुस्केरा हाल्दै घरबुढीलाई सुनाए–

"हेर बुढीमाउ! यो ठुल्लुम्पेक गाउँभरि डुलें। चामल, मकैका काँत्रा त के कोदाको पिठो पनि सकियो भन्छन्। के गरम्, म ता हैरान परें!"

"लुम्पेकमा कोदो वा कोदाको पिठो सकिए पनि हरेस नखाऊ। तिमी फुत्त अस्ल्या जाऊ र खोज। त्याँ पनि नपाए लिम्घाँ ता फरकै नपर्ला।"

अर्को बिहान किसान बुढा एउटा मकैका पिठाको रोटो नुनखुर्सानीमा डोबेर खाई पानीले टन्न पेट भरीवरी बाटा लागे। तल अस्लेवा गाउँमा एक घर साहूकहाँ अन्न त पाइयो तर, धेरै महङ्गो। चलन-चल्तीको भन्दा डेढा बढी। अनि फेरि सुस्केरा हालेर उनी चौपारीमा थ्याच्च बसे। उनको मुखबाट फुस्कियो–

"अस्ल्यामा थिति-धर्म सकिएछ, अखानु मोल पो गर्छन् ए! हैन टाढा भा नि लिम्घातिर ठेस्सिन परो।"

उनी लुरूलुरू लिम्घातिर लागे। त्यहाँ पुगेर गाउँमा बेसाहा खोज्दा पाइयो। किसान बुढा खुसी भएर अन्न बेसाए। त्यसै घर चौपाँजे अन्न पनि पाइने भयो। तीन दिनपछि आउने बाचा-बन्धन गरी धोक्राभरि अन्न बोकेर हिंडे। उनी फर्कने बाटामा बिसाउनी पर्थ्यो। त्यहीँ बिसाउनामा उनले भारी बिसाए र टुस्स बसेर ढाड सोझाए। उनको मुखबाट यस्तो बक्के निस्कियो–

"बाआबैंले लिम्घा गयो, बाटो सकियो भन्थे। भिरकान्लाले गर्दा उँभो लाग्ने बाटो नभएर उँधै फर्कनु परेको रे! यसपालि मलाई सही दाममा बेसाहा मात्रै के चौपाँजे अन्न पनि पाइएकाले टाढा जानुपर्ने मेरो बाटो सकियो। अब ता लर्कँदै र घर्कँदै भए पनि घर जानी हो।"

अलि पर छहारीमा उनले धोक्रो बिसाए। त्यहाँ केही मानिसहरू बसेका भेटिए। उनले गाँड झुन्डिएका दुईजना लोग्ने मान्छेहरूको घर सोधे। उनीहरू जोहाङका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रैछन्। त्यसपछि उनले दुईवटी विधवा आइमाईहरूलाई सोधपुछ गर्न थाले। तं
महिलाहरू हसराका रैछन्। एकछिनपछि उनीहरू आआफ्ना बाटा लागे। त्यसपछि
किसान बुढालाई हाँसो छुट्यो–

"जुहाडेका गाँड, हसरेका राँड।"

बुढाका पछाडि गोठाला आएर टुस्स बसिसकेका रैछन्। उनीहरू बुढाको भा
दोहोऱ्याउँदै खितितिती हाँसे–

"जोहाडेका गाँड, हसरेका राँड, होइन बाजे ?"

"हो, हो, गोठाला नानैहरू, भास परो र हाँस्यौ ?"

"अँ बाजे भास परो, हाँस् परो, अब ठाँस् पर्निभओ।"

एकछिन यस्तै रसिला-रंगिला गफगाफ गरी बुढा धोक्रो बोकेर घरतिर लागे।

भारीले तप्तपी पसिना चुहिए पनि उनको मन हलुङ्गो भएको थियो। पात
जुँगा र ओँठका पसिना चुस्दा पनि उनको प्यास मर्थ्यो। झमक्क रात पर्दा उनी घ
पुगे। पिँढीमा धोक्रो बिसाएर पानी मागे।

घरबुढीले दियालो सल्काएर लोटामा पानी ल्याईकन बुढाका हातमा दि
अन्नको भरिलो धोक्रो देखेर छाम्दै उनी साह्रै खुसी भइन् र भनिन्–

"हेरओ तो केटाकेटी हो! बाले कत्रो धोक्रो ल्याछन्।"

लालाबालाहरू अँगेनाका डिलवरिपरि झुम्मिइएका थिए। आमाको स्वर सु
फुत्त बाहिर आए। कसैले बुढालाई त कसैले धोक्रो मसार्न थाले।

खलखली पसिना आएका भए पनि एक लोटा पानी कक्ल्याक-कुक्लुक
दारी मसार्ने सानी छोरीलाई बुई चढाएर बुढा ता आँगनमा तीन फन्का पो नाँचे!

अन्नमै परान छ!

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरासुन्दरीको उदय

धेरै अघि बैतडीको मौनी गाउँमा मौनी जो थर भएका एउटा किसान बस्थे। उनी जौको बेसाई गर्न (बेसाहा खोज्न) आल्लोको थैलो, नाम्लो र धन लिएर रोडी पुगेछन्। रोडीतिर जौको खेती खुबै हुन्थ्यो। त्यहाँ तिनले बिस नाली (चालिस माना) जौ किने। जौ थैलामा हाली नाम्लाले थैलो बोकेर हिंडे।

पुजारा भन्ने थलामा पुग्दा तिनलाई दिसा लागेछ। जङ्गलभित्र पसी दिसा गरी यताउति पानी खोजे तर कतै भेटाएनन्। झारपातले दिसा पुछेर थैलो बोक्न खोज्दा एक्कासि कसैले यस्तो कुरा सुनायो–

"दिसा गरेर नधोई त्यत्तिकै हिँड्ने ए फोहोरी ?"

उनले अचम्म मान्दै भने–

"मैले दिसा धुन यताउता पानी छ कि भनेर खोजें तर पाइनँ, घरै गएर धोउँला र चोखिउँला भन्ने सोचेको हुँ। तिमी को हौ ? यता देखियू न, म कसो गरूँ ?"

फेरि यस्तो सुनियो– "अलि तल पुडाइनाको बेलो छ, तेइका जडा पन्साउँदा पानी आउन्या छ।"

मौनी तल झरेर यताउति घोइराए। पुरैनाको लहरो भेट्टियो। त्यसको जरो पन्छाए। बुलबुल गर्दै पानी निस्क्यो। उनले नाउलो (कुन्टो) बनाए। पानी सङ्ल्यो। त्यहाँ केही न केही सत् भएको ठानी नजिक दिसा धुन जाती नहुने सोंचे उनले। डाबरको पातमा पानी उभाएर अलि पर गई दिसा धोए। फर्केर आई पानी सोमरे।

सङ्लो पानी आँजुलाभरि उबाएर खाए। पानी साह्रै मिठो थियो। त्यसै बेला केही चराहरू आएर चिरबिराउन थाले। उनले एकमुठी जौ थैलाबाट झिकेर चारो राखिदिए। चराहरूले चारो टिप्न थाले। उनलाई यसो झुलायो। थैलाको सिरान गरेर कोल्टे परेका त झुपुक्क निदाएछन्।

सपनामा एउटी ज्यादै राम्री भगवती आएर उनका कोखैमा टुसुक्क बसिन्। मुसुक्क हाँस्दै 'अब म त्यहीँ बस्छु, मलाई बस्ने थली बनाइदेऊ है' भनिन्।

उनी झस्लङ्ग जागेर यताउति हेरे। केही देखेनन्। घर आएर यो कुरा सबैलाई भने। गाउँमा अरू कसैले पनि राती सपनामा भगवती आएर आफ्नो साह्रै राम्रो रूप प्रकट गरेको देखेछ। त्यसपछि त त्यहाँ पक्का पनि भगवतीको सत् भएको विश्वास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न थालियो । मन्दिर बनाएर भगवतीको थपना गरियो । मौनीले भारी बिसाएर सप देखेको ठाउँ ता अब भगवतीको वासस्थान पो बन्यो ।

साह्रै राम्री देखिएकाले उनलाई तिनै लोककी सुन्दरी मानेर 'त्रिपुरासुन्द भगवती' भन्न थालियो । त्यहाँ मन्दिरमा पूजाहारीद्वारा पूजा हुनथाल्यो । पूजाहारी सन्तान बढेर पूजारीगाउँ बन्यो । मन्दिर भएको स्थानलाई 'देउल' पनि भन्ने गरियो पानीको मूल र नाउलो कहिल्यै सुकेन ।

भक्तहरूमाझ जे माग्यो त्यो पुऱ्याउँछिन् भन्ने चर्चा चल्यो । मनले चिताए पुग्ने भनेपछि अधिकांश मान्छेहरू भगवतीलाई खुसी तुल्याएर वर माग्न हुर्रिन थाले

महाकाली नदीको पूर्वतर्फ माथि स्थापित त्यो त्रिपुरासुन्दरी भगव माताको मन्दिरमा टाढाटाढाबाट पनि दर्शनार्थीहरू आउने गरे । असारे अष्ट र न्वामी, नवरात्रको महाष्टमी र महानवमी तथा कात्तिक महिनाको अष्ट र न्वामीमा धुमधामसँग पूजा उत्सव हुनथाल्यो । बोका र राँगाको बलि दिन थालियो । भट्ट थरका पूजाहारीले वैदिक विधिअनुसार पूजापाठ गर्ने भक्तहरूलाई भगवतीको टीका प्रसाद दिने गर्नथाले ।

नवमीका दिन पूजाहारीले प्याला अथवा सुनको सिंहासनमा बसेकी भगवती मूर्ति समाई परिक्रमा गर्ने चलन चल्यो । भगवतीको सवारी चलाएको मौकामा भ गाउँलेहरूले उपहार चढाउने गरे ।

पवित्र हुन सुग्घरी बन्नुपर्छ !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराकथा

नर्केको अत्याचार

अघि प्राग्ज्योतिषपुरमा नरक नाम गरेको राजाले राज्य गर्थ्यो। फालिएको अवस्थाको शिशु भूमिमा भेटिएकाले भूमिबाट उत्पन्न सन्तान भन्दै स्थानीय जनले उसको नाम भौम पनि राखिदिएका थिए। असुरले झैँ अत्याचार गरेकाले उसलाई भौमासुर समेत भनिन्थ्यो।

उसका अत्याचारहरूमा दुनियाँका तरुनीहरूमाथि जोर-जबरजस्ती गर्नु मुख्य हुन्थ्यो। उसले दुनियाँमा देखे-सुनेजति र उसका लाठे-मुझ्रे सिपाहीहरू समेतले भेटे जति सम्पूर्ण सुन्दरी र तरुनीहरू मानेसम्म फकाइन्थे, नमाने जर्बजस्ती चरापचुरूप्प बाँधेर उसको अन्तःपुर (निजी कोठी)मा लगेर जाकिन्थे।

अपहरण गरेर ल्याइने नयाँ-नयाँ सुन्दरीहरू उसका नौला र ताजा सिकार हुन्थे। जनसाधारणका छोरीबेटी त हुर्केपछि मानौँ उसका हक-अधिकारभित्र पर्थे। जवानीका लक्षणहरू देखिनासाथ नजिक भए ऊ आफै उठाएर लान्थ्यो र टाढा भए उसका लठैतहरू गएर ल्याउने गर्थे। नराम्रा भए उसले हेर्दैनथ्यो र उसका सिपाहीहरूले पनि छाडिदिन्थे।

यसरी नराम्री भए कुनै तरुनीको भाग्य खुल्थ्यो, स्वतन्त्रतापूर्वक घरजम गर्न पाउँथी। बाबुआमाले पनि उसले मन पराएको केटासित बिहे गरिदिएर घर पठाउँथे। राम्री हुनु दुर्भाग्य हुन्थ्यो। जताबाट पनि नरक या भौमासुरको फन्दाभित्र पर्नुपर्थ्यो।

नरक बदमास हुनाले पिठ्यूँपछाडि उसलाई नर्के भन्ने गरियो। नर्केले मन पराएकी केटी तरुनी नहुँदै बलात्कृत हुनुपर्थ्यो। मन पराएकालाई ऊ पटकपटक माग गर्थ्यो। कसैलाई त ऊ एकै पटक बिटुल्याएर छोड्थ्यो। छोडेर स्वतन्त्र हुन दिए पो! आफुले बिटुल्याएका तरुनीहरूलाई अन्तःपुरबाहिर निस्कन दिँदैनथ्यो।

बिचरीहरूको न घरजम हुनु, न बाबु-आमासित बस्न पाउनु, न खेतीपाती, सिकार या गोठाल्नी भएर रमाउन पाउनु! जिन्दगीभरि रोएर कुम्सिएर बस्नु पर्थ्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसका दासदासीहरूले अह्राए-खटाएको काममा जोतिने र अड्कलेर दिएको खानेकुरा मात्र खाएर गुजारा गर्नुपर्थ्यो। कसै-कसैलाई नर्केको गर्भ रहेर सुत्केरी हुने र सन्तान हुर्काउने मौका पर्थ्यो।

उसको बलात्कारका सिकारमा एकपल्ट भगवान विश्वकर्माकी छोरी पनि परिन्। उनलाई पनि नर्के आफैले हेरेर आफ्ना कोठीभित्र हुल्यो। नर्केले देवीदेवता, नाग र अप्सराका छोरीहरू पनि आफ्ना सिकार बनायो। उसको अगाडि एक्लै त के गण-कविला जुटेर पनि टिक्न सकेनन्।

मल्लयुद्ध तथा हतियार युद्ध गरेर पनि सबैलाई हरायो। कुनै केटीका बाबु तथा उसको गणले उसलाई हाँका दिएर लडेमा उसलाई हराएर उसकी विचरी छोरीलाई बलात्कार गर्ने मात्र हैन, सन्केर उसका स्तन, जिब्रो र ओंठ टोकी क्षतविक्षत पार्ने गर्थ्यो रे! उसका निजी कोठीहरूमा सोह्र हजार तरुनी थुनिएका थिए रे!

नर्केको अत्याचार सहन नसकेर देवीदेवता, नाग र अप्सराहरूले कृष्णलाई पुकारे। उसलाई सिध्याएर सबैलाई भलो गर्ने मन भयो कृष्णको। उनी प्राग्ज्योतिषपुर गएर नर्केलाई लल्कारे–

"ए नर्के, तागत भए लौ आ मसित लड्न ?"

नर्के दरबारबाट बाहिर निस्क्यो। दुबैबीच मल्लयुद्ध भयो। कृष्णले उसलाई कैयौँपटक पछारे! अन्तमा रगत वाकेर नर्के मऱ्यो। सबैले जयजयकार गरे!

नर्केको बन्दीगृहमा थुनिएका तरुनीहरूमध्ये विश्वकर्माकी पुत्री, देवी-देउता र अरू पहुँचवालका छोरीहरू मुक्त गरिए। बाँकी युवतीहरू कृष्णकहाँ युद्धदासीका रूपमा दाखिल गर्न पठाइए।

अत्याचारीले दण्ड पाउनु पर्छ !

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौराणिक कथा

नहुषलाई इन्द्रासन

स्वर्गमुन्तिर आर्यावर्त। आर्यावर्तको उत्तरी भेगमा नहुष नाम गरेको एउटा किसान नायक। त्यहाँ उसले खोरिया फाँडेर थुप्रो बारी बनाएको। खोला किनारतिर कुला खनी गरा बिराएर बिरौटा खेत पनि तुल्याएको। गोरु र अन्य चौपाया-पशुको गोठ र खर्क राखेको। यसरी ऊ एउटा सम्पन्न किसान भएको। उसको गणका अरू किसानहरू पनि खेती र पशुपालनतिर व्यस्त। त्यहाँ खेती र पशुपालन खुपै फस्टाएको।

जाडोमा बढी जाडो नहुने र रुढोमा पनि तराईतिर जस्तो उखर्माउलो गर्मी नहुने त्यहाँ। त्यसैले हिउँदमा माथि स्वर्गतिर बस्ने देवी-देवताहरू हिउँदको हिउँ र जाडो छल्न पशुपरानी खेदेर तल्तिर झर्ने। माथि भोकमरी लाग्दा तल्तिर अन्न खोज्न पनि ओर्लने।

एकपल्ट स्वर्गमा इन्द्रको आसन, खाली भयो। वृत्रलाई मार्ने र अरू के के बदमासी गरेकोले देउता र ऋषिहरूले इन्द्रलाई लखेटेका थिए। इन्द्र मानसरोवरतिर गएर लुकेको थियो। ऊ लुकेको थलो इन्द्राणी र अरूलाई पनि थाहा थिएन। देउताहरू यसो तल्तिर झरेर अन्नपातको जोहो पनि गरौं र पाइएछ भने नयाँ इन्द्रको खोजी पनि गरौं भन्दै हिंडे। उनीहरू तल झरेर यताउति डुले।

गोठखर्क त स्वर्गतिर प्रशस्त थिए। दुध-गोरसको अभाव थिएन। तर तल्तिर अन्न फलफुलको आकर्षण थियो। उनीहरू डुल्दैफिर्दै किसान नेता नहुषकहाँ पुगे। नहुष आफ्नो बारीमा गोरु नारेर जोताबाहा गर्दै थियो। देउताहरूले उसलाई डाके। गोरुलाई ढिकमा चर्न छाडेर ऊ तिनीहरू भएतिर गयो। ऊ खाइलाग्दो जिउडाल भएको र राजा हुन लायक देखियो। उसले देउताहरूलाई गोरस र अर्नी खुवायो। केही समयको भलाकुसारीपछि उसलाई इन्द्रासनमा बस्न जान आग्रह भयो।

"इन्द्रासनमा बसेर राजकाज गर्ने त्यस्तो हुटहुटी ता छैन मेरो, तैपनि तिमीहरूले कर लगाइ हाल्यौ, एकचोटि हेरिआऊँ" भन्दै ऊ देउताहरूसित हिंड्यो। स्वर्ग पुगेपछि र त्यहाँ देउताहरूबीच किचलो भएको बुझ्नेपछि उसलाई त्यहाँ बस्न मन लागेन। तलै फर्किने विचारमा पुग्दै उसले यसो भन्यो–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"खै, तल जस्तो न्यानो थलो रहे न छ यो। खेतीपाती पनि हिउँले खाँदो रहेछ। यहाँका देवी-देउताहरूसित चिनजान पनि छैन। म त तलै झर्ने विचारमा छु।"

"हैन त्यसो नभन नहुष। तिम्रो विरोध गर्नेहरूलाई हामी धपाइ दिन्छौँ। तिम्रो सधै साथ दिन्छौँ। एक्लैदोक्लै आउनेलाई ता तिमी सजिलै ढाल्न सक्छौ। इन्द्रासनमा बसेर स्वर्गको राजा हुनु पनि ठुलो कुरा हो नि नहुष, मौका किन छोड्ने ?"

यसरी नहुष इन्द्रानमा बस्न तयार भयो। ऋषि-ऋषिकाहरूले स्वस्ति वाचन गरे। गन्धर्वहरूले बाजासहित सुमधुर स्वरले दोहोऱ्याए। अप्सराहरू नाचे, देवीदेउताद्वारा फूलको वर्षा भयो। नहुष यसप्रकार स्वर्गको राजा इन्द्र भइगयो।

इन्द्राणीको रूप देखेपछि नहुषलाई तलतली जाग्यो। उसले इन्द्राणीलाई बोलाए यसो भनिहाल्यो–

"ए इन्द्राणी, म यस स्वर्गको राजा इन्द्र भएपछि तिमी ता सोझै मेरी रानी भइगयौ। राम्रो काममा ढिलो किन ? आऊ तिमी मसित बस्ने गर।"

इन्द्राणीलाई फासी पऱ्यो। उनी केही नबोली लुरुलुरु गुरु वृहस्पतिकहाँ सल्लाह लिन पुगिन्। गुरु वृहस्पतिले यस्तो सल्लाह दिए–

"तिम्रो लोग्ने पहिलेको इन्द्र साँढा भएर मनपरी गरेपछि देउताहरूले उसलाई लखेटे। बदमास भए पनि ऊ आखिर स्वर्गकै देउता हो। यो तल आर्यावर्तको स्वाँठ किसानलाई ती देउताहरूले ल्याएर इन्द्रासनमा बसालेका छन्। केहीबाट विरोध पनि आइसकेको छ। यसबाट तिम्रो गुजारा चल्ला जस्तो लाग्दैन। आफु पुरानै इन्द्रलाई खोजेर बस्ने र नभेटाए मात्र तिमीलाई अपनाम्ला भनेर कुरो राख। मान्ला, मानेनछ भने अर्को उपाय रचम्ला।"

इन्द्राणीले नहुषलाई यो व्यहोरा बताएपछि ऊ यसरी केही समय पर्खन राजी भयो।

"म पहिलाको इन्द्र जस्तो एकोहोरो, अरूका कुरै नसुन्ने गर्दिनँ। ठिक छ, केही समय पर्खन्छु।"

स्वर्गमा धेरै देवदेवीहरू गोठखर्कतिरै व्यस्त थिए। नहुष घोडा चढेर डुल्ने गर्थ्यो। त्यहाँ पालकी पनि थियो तर डोले थिएनन्। उसलाई पालकी चढेर स्वर्ग डुल्ने इच्छा जाग्यो। उसले सिपाहीलाई पालकी बोक्ने मान्छे खोजेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउन आदेश दियो। सिपाही जातातती घुमे तर फुर्सदिला मान्छे भेटाएनन्। कम्तीमा चार जना नभई काम नचल्ने। संयोगले सातोटा ऋषिको लर्को फेला पऱ्यो। ती सप्त ऋषिहरू कुटीनेर सुकेका सिङ्गा रूख र मुढा लतारेर ल्याई जोरेर अखण्ड आगो बाली आगो ताप्दै जैगे गर्थे।

सिपाहीले इन्द्रको आदेश सुनायो।

"नगई सुख छैन, हिंड जाऊँ, नयाँ इन्द्र नहुषको आज्ञा मान्न।"

ऋषिहरू सिपाहीको पछि लागेर दरबारमा हाजिर भए। नहुषले आफु पालकीमा चढेर ऋषिहरूलाई बोक्न लगायो। चार जनाले बोक्ने र अरू तीन जनाले आलोपालो काँध फेरिदिने गरे। यसै त स्वर्गको जाडो, पेटभरि खानु छैन। वनमा खोजेका गिठा-तरूल, मागेर ल्याएको गोरस र कहिलेकाहीँ चाखेका अन्नका भरमा ती ऋषिहरू खरो धानिएका दुब्ला र ख्याउटे थिए। दाह्री-कपालले हाडछाला ढाकिएका थिए। फेरि डोलेहरूलाई जस्तो डोला-पालकी बोकेर हिँड्ने अभ्यास पनि थिएन। त्यसैले घरी हल्लने, घरी लोटेर हुत्तिने गर्दा अघिल्तिर बोक्ने ऋषिका थाप्लामा नहुषले लात्ती हान्दै "ठिकसित हिंड्" भनी हकार्थ्यो। उनीहरूले नहुषलाई थुप्रै गोठखर्कहुँदि डुलाए तर, उसको दया जागेन।

अति भएसि खती, ऋषिहरूलाई पनि रिस उठ्यो। उनीहरूले नहुषलाई पालकीबाट हुत्याएर पछारे! दुब्ला भए पनि सात जनाको अगाडि उसको केही लागेन। उठ्न नपाउँदै भकुरे। लतार्दै आर्यावर्ततिर धपाए।

उता इन्द्रासन रित्तो भएकाले इन्द्राणी केही साथी लिएर इन्द्रलाई खोज्दै चारैतिर डुलिन्। खोज्दैजाँदा मानसक्षेत्रको यौटा गुफामा आगो तापेर बसेको फेला पारिन्। उनले फर्काएर ल्याएपछि देउताहरूको सभा बस्यो।

इन्द्रले आफ्नो गल्तीप्रति क्षमा माग्यो। देवदेवी र ऋषिहरूले माफी दिएर फेरि इन्द्रासनमा बसाले। इन्द्राणीलाई नहुषको चङ्गुलमा फँस्नु परेन।

जुन राजा पनि अत्याचारी!

—०○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कपिलवस्तुतिरको बौद्धकथा

निग्रोधाराम विहार

शाक्य राजकुमार सिद्धार्थले उन्तीस वर्षको उमेरमा गृह त्याग गरेका रे! कपिलवस्तु गणराज्यको राजधानी तिलौराकोटबाट उनी अनेक तीर्थस्थल, साधु-सन्यासीका कुटी, ऋषिकुल, गुरुकुल आश्रम, महन्तका मठ आदिमा डुलेर आफ्ना प्रश्न राखे। ती ठाउँहरूमा उनले चाहे जस्तो उत्तर भेटाउन सकेनन्। तसर्थ उनले आफै ज्ञान प्राप्त गर्न खोजे। उनले धेरै हन्डर खानुपर्‍यो। गाँस-वासको समेत अभावमा कुनै बेला त उनको ज्यान पनि जोखिममा रह्यो। अन्तमा उनले बोधगयामा ज्ञान पाए। बोध अथवा बोधिसत्त्व हासिल गरेर बुद्ध बने। उनले आफ्नो बोध अथवा बुझाइका कुरा र उपदेशहरू पहिलोपटक सारनाथमा ब्राह्मण-समूहलाई दिन सफल भएका रे! राजकुमार सिद्धार्थ गौतमलाई त्यसपछि सिद्धार्थ गौतम बुद्ध, गौतम बुद्ध वा छोटकरीमा बुद्ध मात्र भन्न थालियो। शाक्य वंशका ऋषिजस्तै हुनाले उनलाई शाक्यमुनि पनि भन्ने गरियो। उनको कीर्ति चारैतिर फैलिँदै गयो।

घर छाडेर हिंडेको ६ वर्षसम्म त सिद्धार्थको अत्तोपत्तो पाएनन् परिवारजनले। पछि उनले थुप्रै भिक्षु-भिक्षुणीहरूलाई बौद्धधर्म र संघमा आबद्ध गरेर सत्मार्गमा लाग्ने उपदेश दिँदै हिँडालेपछि उनको बारेमा सूचना प्राप्त भयो। यता आफ्नो होनहार छोरो बैरागिएर हिँडेपछि राजा शुद्धोदनलाई रातको निद र दिनको भोक भएको थियो। आफ्नो छोरो ज्ञानी बुद्ध बनेको थाहा पाएपछि घर ल्याउन भनी उनले सिपाहीको साथमा दूत पठाए। बाटो हेर्दाहेर्दै आँखा पाट्टिए तर, त्यो दूत र सिपाही फर्केनन्। पुगेर आउने पर्याप्त समय कटेपछि तिनीहरू आउने आस मारेर अर्का दूतलाई पठाए। अर्का दूत पनि फर्केनन् र कुनै सन्देश पनि पठाएनन्।

कैयौँपल्ट प्रयास गर्दा पनि कोही नफर्केपछि निराश भएर एकदिन राजा शुद्धोदनले आफ्नो विश्वासिलो मन्त्री कालुदाइलाई बोलाएर यसो भने– "मन्त्री कालु, हेर त सिद्धार्थलाई लिन गएका त कोही पनि फर्केनन्। न कुनै खबर गरे! अरूबाट यो काम फत्ते होला जस्तो लागेन, तिमी आफै जानुपर्छ क्यार!"

"महाराज, अगहनपछि म सिद्धार्थलाई लिन जान तयार छु र ल्याउन पुरापुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोसिस पनि गर्नेछु। तर म बुद्ध धर्म र संघका कुरा सुनेर प्रभावित भइसकेको छु। तसर्थ मलाई बुद्ध धर्म र संघमा प्रव्रज्जित हुने अनुमति दिनुपर्छ। मलाई लाग्छ, पहिले गएका दूतहरू सिद्धार्थका घतिला कुरादेखि प्रभावित भई भिक्षु बनी उतै बसे। म भने पक्कै फर्किने छु। अनुमति दिन सक्नुहुन्छ महाराज ?"

"हुन्छ मन्त्री, म तिमीलाई अनुमति दिन्छु तर, काम फत्ते गरे है। तिमीलाई चाहिने सिपाही साथी, सामल-तुमल, लुगालत्ता र भाँडाकुँडा लैजाऊ।"

त्यतिवेला गौतम बुद्ध राजगृहको वेणुवन विहारमा राजा बिम्बिसारका पाहुना भएर बसेका थिए रे! कालुदाइको टोली कपिलवस्तुबाट प्रस्थान गऱ्यो। बाटो-घाटो सोध्दै, खोला-जङ्घार तर्दै र जङ्गलहरूमा बाघ, भालुदेखि तर्किंदै आखिर तिनीहरू राजगृह पुगिछाडे। वेणुवन विहारमा भिक्षु-भिक्षुणीहरूका साथ ज्ञानगुनका कुरा गर्दै गौतम बुद्ध बसेका थिए। कालुदाइ त्यहीं पुगेर ढोग गरे। आफ्ना बालसखालाई देखेर बुद्धले नजिकै राखी सञ्चो बिसञ्चो सोधे। कालुदाइले राजा शुद्धोदन, राजपरिवार, आफ्नो परिवार र शाक्य गणराज्यको स्थितिबारे बताए। उनले राजकुमारका रूपमा फर्केर दरबारमा जाने नभई बुद्ध धर्म र संघको प्रचार-प्रसार गर्न, शाक्यलगायत अन्य गणहरूलाई सत्मार्गमा लगाउन जानका लागि प्रेरित गरे। साथै पिताले शास्ताको रूपमा आउन निमन्त्रणा पठाएको कुरा राखे। आफ्नो मातृ-पितृभूमिको स्थिति र सन्देशले बुद्धलाई भावुक बनायो। समय मिलाएर भिक्षुहरूका साथ कपिलवस्तु जाने वचन पनि दिए।

कालुदाइ आफ्नो उद्देश्यमा सफल हुने देखेर निकै खुसी भए। उनी बुद्धका उपदेश सुन्दै र मनन गर्दै प्रव्रज्जित भए। आउँदो वैशाखसम्म कपिलवस्तु पुग्ने वचन पाएपछि कालुदाई शास्तासँग बिदा मागेर फर्के।

कालुदाइले भिक्षुहरूका साथ बुद्ध आउने जानकारी लिएर आएपछि कपिलवस्तुवासीहरूमा ठुलो हर्ष भयो। राजा शुद्धोदन लगायतको परिवारजनका त हर्षका आँसु बगे। बुद्धलाई मात्र त के थियो र ? भिक्षुहरूको ठुलो समूहलाई स्वागत-सत्कार गरेर राख्न एउटा ठुलो विहारको आवश्यकता थियो। त्यस विषयमा सरसल्लाह गर्न दरबारमा एउटा ठुलै बैठक डाकियो। उपस्थित भाइभारदार वा शाक्य खलक, मन्त्री, चौधरी, गुरुवा, बिजुवा, ग्वाला, साधु, महन्त, सिकारी, किसान, मछुवार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुम्हार, पत्थरकट्टा, कालीगढ आदिले विहार बनाउन आ-आफ्नो गच्छेअनुसार काम तथा धनधान्य दान गर्ने इच्छा बताए। विहार बनाउने उत्तम थलाको खोजी हुँदा निग्रोध शाक्यले कुदानको आफ्नो बगैंचा दिन तयार भए। त्यो उँचो बनेको समस्थली, आँप र अन्य फलका वृक्षहरूको हरियालीले भरिपूर्ण, स्वच्छ पानी भएको र एकान्त थलो थियो। त्यहाँ नगरका कुशल कालीगढहरू बोलाएर ठुलो विहार निर्माण गर्न थालियो। उत्तम सालको काठ र इँट्टा प्रयोग गरी भव्य विहार तयार भयो।

उता गौतम बुद्ध फागुन पूर्णिमाको बिहान साइत गरी राजगृहबाट कपिलवस्तुको लागि प्रस्थान गरे! साथमा थुप्रै भिक्षुहरू थिए। देशदेशावर घुम्दै र धर्म देशना गर्दै दुई महिनाको यात्रापश्चात् वैशाख पूर्णिमाका दिन आफ्नो जन्म तथा क्रीडाभूमि कपिलवस्तुमा उनी पुगे।

स्वयं राजा शुद्धोदन राजपरिवार, शाक्य र अन्य गणहरूले अति खुसी भएर शास्ताको स्वागत गरे। उनीहरूको भोजन र बसोवासको व्यवस्था नयाँ बनेको विहारमा गरिएको थियो। त्यो दिनको दिवा भोजनपछि ठुलो समारोहको अगाडि त्यो विहार बुद्ध र भिक्षुसंघलाई दान गरियो। त्यसै विहारमा धर्मदेशना वा उपदेश लिएर शुद्धोदन, सिद्धार्थकी कान्छी आमा प्रजापतिगौतमी, राजकुमारी यशोधरालगायत राजपरिवारका अन्य सदस्य र अरू किसान-ग्वालाहरू कोही भिक्षुसंघमा प्रवेश गरे भने कोही कम्तीमा बुद्धका उपासक-उपासिका बनेर गृहस्थीमै रहे।

कुदानस्थित निग्रोध शाक्यको बगैंचामा निर्मित विहारको नामबाट दाताको नाम सार्थक बनाउँदै 'निग्रोध आराम विहार' भन्न थालियो। कालान्तरमा त्यो 'निग्रोधाराम विहार' कहलियो। त्यहाँ बौद्ध धर्म र संघमा आबद्ध भिक्षु-भिक्षुणीहरू वास बस्ने, आराम गर्ने, भिक्षाटन गरेर जुटाएको अन्न र सागपात पकाएर भोजन गर्ने काम हुन थाल्यो। समय समयमा आयोजना गरिने बौद्ध धर्मदेशना वा उपदेश कार्यक्रमहरूमा गृहस्थ बौद्ध उपासक-उपासिकाहरू पनि सम्मिलित हुने गरे। झरी-बर्खामा त विहार भरिभराउ नै हुने अरे!

त्याग र परोपकार नै धर्म!

—०० —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुल्मेली दन्त्यकथा

निस्ती, छल्दी र पनाहागाड

मदाने माइलीका तिन बैनी छोरी भए। तिनको नाउँ पनाहा, छल्दी र निस्ती रह्यो। साना छन्जनी मदानेले खुब स्याहार पुऱ्याएर हुर्काइन्। पछि तिनीहरू आमाका स्याहारले पुल्पुलिएर आमालाई नै टेर्न छाडे। मात्तिएर आपसमा लडालड गर्न थाले। आमालाई केही कुरामा नसघाउने। दिक्क भएर आमाले भनिन्–

"ए छोरी हो, तिमीहरू आपसमा झगडा मात्र गर्छौ। मलाई काममा पनि सघाउँदैनौ। मैले हरियाली बनाउन र चिस्यानका लागि कति दुःख गर्नुपर्छ। तिमीहरू अटेरी बनेर अब चल्दैन। हुर्केपछि एकै थलामा कुथुङ्ग्रिएर पनि चल्दैन। टाढाटाढा गएर पौरख गर्नुपर्छ। पच्छिउँतिर झिमरूकले त्यत्रो फाँट बनाएकी छे। धान ता के गहुँको बिउ खोज्न पनि प्युठान जानुपर्छ। उत्तर-पूर्वमा बडीगाड र उसका शाखासन्तानले पनि फाँट बनाएर लटरम्म धान फलाएका छन्। माछाको ता के कुरा गर्नु र! यता धुर्कोट, पुर्कोट, इस्मा र मुसीकोटमा फाँटै छैनन्। 'कोदे मुलुक' भनेर अन्तकाले हेप्छन्। जाओ, तिमीहरूले पनि आफ्नो पौरख देखाओ।"

ठुली छोरीले भनी– "हुन्छ आमा, अब आफ्नो बर्कत देखाएर ढुङ्गा-पहरा उधिन्छौं, तिमी चिन्ता नगरी बस।"

पहिले-पहिले झगडा गरे पनि अब काममा दाइने भएपछि बल्ल तिनै बैनीको मोतोभोँतो मिल्ने भयो। फाँट बनाएर भ्याएपछि बडीगाड, झिमरूक, बाँगी, जरे वा खर्जेङ कुन खोलातिर गई मिसिने भन्ने कुरा चले। ठुली पनाहा पश्चिमतिर हुनाले सके झिमरूक नसके बाँगी खोलातिर जाने भनी।

कान्छी निस्तीले आपत्ती जनाई : "नाईं दिदी, तँ ठुली छेस्, घुमेर बडीगाडतिर आइज। बिचैमा भेट भएर इन्द्रेगौंडातिर बडीगाड आँबैलाई भेटौंला। म सबभन्दा सानीको कुरा मान्न पऱ्यो नि तिमीहरूले ?"

माइली छल्दीले आफ्नो विचार पोखी– "जेठी छोरी, कान्छी नानी, साइँली-माइली अनबानी। ठुल्दिदी र कान्छी बैनीले कुरो मिलाओ। म ता जे भने नि सही। मैले भनेको मान्ने भा त खर्जेङतिरै जाऊँ भन्ने थिएँ। उसले खुबै फाँट बनाएकी छे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरे ! तर तिमीहरू कहाँ मान्छौ र ?"

ठुली पनाहा चुप लागी। कान्छी निस्ती सबभन्दा अल्छी र जिद्दी स्वभावकी थिई। उसले आफ्नो कुरो मनाएर छाडी।

सल्लाह अनुसार तिनै बैनी आमा मदानेको कोखबाट हिंडे। पनाहालाई धेरै ढुङ्गा-पहरा छिचोल्नु पर्‍यो। पहरा छिचोल्दा उसलाई धेरै बाङ्गोटिङ्गो बाटो खोल्नुपर्‍यो। कुनै-कुनै ठाउँमा फाँटहरू बने पनि उसको चित्त बुझेको थिएन। बेसरी धस्काएर फाँट बनाउने सुरमा थिई। त्यसै बेला फटाहा चिबेचरो आएर अत्यायो–

"ए पनाहा ठुली, कति दुःख गर्छेस्, बैनीहरूले उछिने, चाँडै गर्।"

त्यसपछि पनाहागाड आत्तिई र धन्द्राङ-धुन्द्रुङ खोल्दै सेउवाको पुछारमा पुग्दा त छल्दीको पत्तै छैन। छल्दीले ठुल्ठुला फाँट बनाउँदै थिई। चिबेको मावली-ससुराली छल्दीफाँटतिर पर्ने हुनाले बेसरी फाँट बनाओस् भन्ने इच्छा थियो। बरु निस्तीको बाटोमा गएर "के दुःख गर्छेस् कान्छी, चाँडै जा खुरुखुरु" भनेर सुल्का लगाइदियो।

निस्तीले पनि छल्दीले झैं कोसिस गरेकी भए विशाल फाँटहरू बनाउन सक्थी। यसै त अल्छी, त्यसमाथि चिबेले टापलटुपल पारेर हिंड्ने भाउँतो लगाइदियो। ऊ रातडाँडातिर आएर बसी।

चिबे गएर पनाहालाई अत्यायो–

"छिटो छल्दीलाई लिन जाऊ र दुबै बैनी भएर कान्छीलाई भेट्न दौड।"

पनाहा फनक्क घुमेर छल्दीलाई लिन गई। दुबै बैनी भेट भए। कान्छी भएनेर पुगे। अब भने फाँट बनाउने कुरामा ताकाताक-मानामान भयो। त्यसैले उनीहरू राम्रा फाँट बनाउने ध्याउन्न छाडी ठेलमठेल गर्दै इन्द्रेगौंडा झरे! बुढी आमा बडीगाडले प्याच्च भनिन्–

"नातिनीहरूले राम्रा फाँट बनाउँदै आउलान् भनेको ता म बुढीले जति नि मेहनत नगरी दगुरे छौ। छल्दीलाई पनि काम पुरा गर्न दिएन छौ। अब फर्कन उपाय नास्ति। आओ लौ मेरो काखमा।"

उनले नातिनीहरूलाई ग्वाम्म अँगालो हालिन्।

पौरखीलाई छेकबार लाउनु हुन्न !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काभ्रेपलान्चोकको पुराकथा

पनौती र इन्द्रेश्वर महादेव

उहिले गौतम ऋषि र उनकी पत्नी अहिल्या (ऋषिका) पनौतीको त्रिवेणीघाटनेर कुटीमा बस्ने रहेछन्। अहिल्या अति नै राम्री थिइन्। गौतमका अगाडि अरू कसैले उनलाई फँसाउने आँट गर्दैनथे। इन्द्र भने त्यस्ता नराम्रा काम गर्न अघि सर्ने गर्थे।

अहिल्या ज्यादै राम्री छिन् भन्ने कुरा सुनेर स्वर्गका राजा इन्द्र हेर्न आए। अहिल्यालाई देखेर उनी यति आकर्षित भए कि उनलाई रातको निँद न दिनको भोक भयो। अहिल्यालाई पट्याउन गौतम मात्र बाधक थिए। त्यसैले उनी गौतम ऋषिको चियोचर्चो गर्न थाले।

स्थानीय नेवार कहाँ पालिएको भालेको डाँकोसँगै उठेर गौतम त्रिवेणी घाटमा झरी ब्रह्ममुहूर्तमै नुहाउने गर्थे। एक रात भाले बास्नुअघि नै छली इन्द्रले छक्क्याउँन 'कुखुरी काँ' गर्दा ऋषिको निद्रा खुल्यो। ऋषि जर्फराउँदै उठेर नुहाउन हिंडे। त्यही मौकामा इन्द्र लुसुक्क कुटीभित्र छिरे।

अहिल्या निदाएकै थिइन्। उनी गौतमकै जस्तो स्वर निकालेर अहिल्याको काखमा लुपुक्क लागे। अहिल्याले आफ्नै पति गौतम फर्किआएको सोँचेर अङ्कमाल गरिन्। इन्द्रलाई मौका परिहाल्यो। अहिल्या अर्ध निद्रामा गुनगुनाइन्– "छ्या, उज्यालो हुने बेलाँ पनि कस्तो पात्तिएको तपाईं ता!"

उता गौतम ऋषि नुहाइवरी फर्केर कुटीमा आउँदा ता इन्द्र पो लुगा लगाउँदै! "ए तँ बदमास इन्द्रले बिटुल्याइस् हैन मेरी स्वास्नी ? हिजो भेष बदलेर यतै घुम्दै छ भन्थे कसैले। अरूका राम्रा स्वास्नी देख्नै नहुने! हेर, तेरो अब दुर्दशा नबनाई। तँ योनिप्रियको शरीरभरि योनि जस्ता फोकैफोका उम्रिऊन्। अँ, ए अहिल्या! खुबै नाठो खेलाउने भाकी मौका छोपेर। तँ शिला भइगएस्। म बरू जोगी हुम्ला।"

इन्द्र ता गौतमलाई देखेर भागिहाले। अहिल्या छाँगाबाट खसे जस्ती भइन्। "ओहो, मैले ता होसै पाइनँ नि स्वामी, तपाईं नै फर्केर आउनु भएछ भन्ने सोंचें। फेरी निदले उस्तो छाडेको पनि थिएन। मैले जानेर हैन, क्षमा पाउँ।" ऋषिले उनको कुरै सुनेनन्। रिसले तिन फन्का नाचेर हिंडे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्ता र पछुतोले गर्दा अहिल्या थलिइन्। उनको उपचार र स्याहार-सम्भार भएन। ऋषिले छाडिहाले। लामो समय थलिएर खाडिएर मरिन्। स्थानीय कुनै किसानले ऋषिको सरापअनुसार उनी शिला भएको सपना देखेछन्। उनले त्यो सपनाको कुरा कहेपछि किसानहरूले विश्वास गरी त्यहाँको एउटा ढुङ्गालाई अहिल्याको शिला भनेर ढोग्न थालेछन्।

उता राजा इन्द्रको शरीरभरि योनि जस्ता फोन्द्रा उम्रे। उनी लाज र पीडाले छट्पटिँदै गुरु वृहस्पतिको आश्रममा गए। गुरुको निर्देशनमा मुक्तेश्वर महादेवको बाह्र वर्ष तपस्या गर्न थाले। कठोर तपस्याबाट प्रशन्न भएका मुक्तेश्वर महादेवले इन्द्रलाई बाँसको जरैसितको एउटा कोथो दिएर भने– "यो कोथाको लौरो टेक्दै तीर्थयात्रा गर्नू। कोथो पलाएपछि तिमी योनिमुक्त हुन सकौला।"

इन्द्र त्यो कोथो टेक्दै तीर्थ-यात्रामा निस्के। बेलुका बसेरोमा उनले कोथोमा पानी छम्कन्थे वा चिस्यानमा राख्ने गर्थे। इन्द्र घुम्दै त्रिवेणीनजिक पुग्दा साँझ पऱ्यो। त्यहीँ वास बस्ने मेसो गरे। बाँसको कोथो ढुङ्गामा अडेस लगाएर राखी जरामा पानी छम्के। अर्को बिहानै उठेर त्रिवेणीमा नुहाइवरी कोथो हेर्दा त पलाएको!

इन्द्रले यसो आफ्ना शरीरमा छाम्छन् ता योनि जस्ता फोन्द्रा मसाङ्ग्रिएका। बडो हर्क लाग्यो र पानीमा आफ्नो अनुहार हेरे। निधारको योनि भने जसको तस। उनलाई चिन्ताले छोडेन। उनले भालेश्वर महादेवको पूजापाठ गरी उनकै ध्यानमा लागे। "म यो पापबाट मुक्त नभएसम्म बाह्र वर्ष पनि महादेवको तपस्या गरी बस्छु"– उनले अठोट गरे!

ढुङ्गामा टेकाएको बाँसको कोथोलाई नेवार जनहरूले 'पँल्होँ' भने। 'पँ' को अर्थ बाँस र 'ल्होँ' भनेको ढुङ्गो! 'ती' पुच्छर लगाएर 'पँल्होँती' भन्दाभन्दै सबै जन-गणको बीचमा 'पनौती' नाम प्रचलित भयो।

भालेश्वर महादेवले इन्द्रको ध्यानबाट खुसी भएर राती सपनामा दर्शन दिएछन्। इन्द्रले टपक्क महादेवको गोडामा ढोगी "अबउप्रान्त त्यस्ता नराम्रा काम गर्ने छैन महादेव, मलाई पूर्ण योनिमुक्त गरिदिनुहोस्" भनेर क्षमा मागेछन्। बिहान जागेर छाम्दा ता निधारको योनि मस्याङ्ग्रिएको रे! इन्द्रले हत्तपत्त पानीमा छायाँ हेरे– "ए अहिले ता आँखो जस्तो खत पो बनेछ, धन्य महादेव!"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्र खुसी भएर बाँस टेकाएको ढुङ्गो कुँदाएर महादेवको स्थापना गरी जलधारा लगाएर पूजा र प्रार्थना गरे । उनी त्यहाँबाट स्वर्गतिर लागेपछि स्थानीय जनले कलात्मक मन्दिर बनाई श्रद्धापूर्वक पुज्न थाले । इन्द्रले स्थापना गरेकोले इन्द्रेश्वर महादेव भन्ने गरियो ।

पनौतीक्षेत्रमा भालेश्वर तथा इन्द्रेश्वर महादेवप्रति श्रद्धा बढ्दै गयो । प्रत्येक बाह्र वर्षमा भव्य मेला लाग्न थाल्यो । जेठे पुन्यु (ज्यापुन्ही)मा जात्रा निकाल्न थालियो ।

बलात्कारीलाई दण्ड !

— o o —

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चितवन-माडीतिर प्रचलित किंवदन्ती

बाघ, किन्नु र सुत्केरी

अघि एकपल्ट माडीतिर बाघले मान्छे खाएर हाहाकार मच्चाएछ । त्यसैले हिंड्न सक्ने गाउँलेहरू जति गाउँ छोडेर भागेछन् । त्यहाँ थलापरेका बुढाबुढी र सुत्केरीहरू मात्र बँचेछन् । सुत्केरी आफैले कसरी निर्वाह गर्ने ? यो समस्याले सुत्केरीहरू साझा घरमा भेला भएर छलफल चलाए । आफ्ना लोग्ने र परिवारजन खोज्ने सल्लाहा भयो। त्यसै अनुसार सबैजना गाउँबाट बाहिर निस्के । प्रत्येकका काखमा दुधे शिशु थियो।

त्यसै गाउँको छेउँतिर पर्ने जङ्गलमा बाघहरूको भेला रहेछ । काखमा बच्चा लिए निस्केका ती सुत्केरीहरूले बाघको जमात देखे । डरले आत्तिए पनि फर्किहालेनन्। एकै बिटो परेर चुपचाप उभिए । डराई डराई बाघहरूतिर हेर्दै थिए । त्यसरी हेर्न लागेका सुत्केरी र तिनका शिशुहरू माथि बाघराजाको नजर पऱ्यो । त्यसले मुख मिठ्याउँदै आफ्ना रैती बाघहरूलाई आदेश दियो– “ए बाघहरू हो, हेर त सुत्केरीहरूले कस्ता घोर्ले नानीहरू लिएर निस्केका ? खोसेर ल्याओ र खाउँला ।”

बाघहरूले एक छिन मुखामुख गरे । आँखाका सानले केही कुरा पनि गरे । अनि सबभन्दा बुढोपाको बाघले मुख फोऱ्यो– “महाराज, हाम्ले ता गाउँका मान्छे नखाने विचार गरेका छौं । तिनले हाम्ला धूपध्वाँर दिन्छन् र पूजा गर्छन् । आम्रा बन्धुले धेरै मानिस मारेर खाइदिएपछि हिंड्न सक्ने जति भागिसके । अझै हाम्ले तिनका दुधे बाल्ख निमठ्ने ? त्यस्तो धूर्त काम नगरौं । पेट भर्न ता जङ्गलभरि ठुल्ठुला र मिठा जनावरहरू छँदैछन् । कसो भाइबुहारी र छोराछोरी हो ? लौ बोल ।” सबै बाघहरूले एक स्वरमा ‘त्यसै हो’ भने । रैतीहरूले यसो भन्दा बाघराजा त हिस्स पऱ्यो । “तिमीहरू सबैको त्यस्तो विचार भादेखि म के भनूँ ?” भित्रभित्रै रिस उठेको भए पनि सबै एकमुख भएको बुझेर बाघले यो भाषा बोल्यो ।

बाघराजाको अपराधी आदेश विरुद्ध जिनोपाको र अरू बाघहरूले गरेको निर्णय सुनेर सुत्केरीहरू छक्क परे । “ओ हो, बाघराजा पो बदमास रहेछ । अरू बाघहरू ता दयालु रहेछन् ।” सुत्केरीहरूले “बाघले अब नखाने भए, त्यसैले गुरौ तथा हाम्रा परिवारजनलाई खोज्न मुखिया राजालाई गुहार्नु पऱ्यो” भन्ने बथ गरे । त्यसैअनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलि दरिएका सुत्केरीहरू मुखिया राजाकहाँ पुगी ऊसँग बेलिविस्तार गरे।

पहिला गुरौ खोज्न मुखिया राजाले आफ्ना सिपाही पठायो। सिपाहीलाई 'एक थोपा पनि रगत नखसालिकन ल्याओ' भनेको थियो। सिपाहीले सुत्केरीको समेत सहायताले यताउति चाहारे। अन्तमा जङ्गलतिर एउटा खरको झुपडीबाट धूपको वासना र धुवाँ निस्केको चाल पाए। त्यसभित्र हेर्दा त लामो टुप्पी पालेको गुरौ! तिनले चामलका सातोटा थुप्रा लगाएर सातोटै ल्वाङ गाडेका। सातैवटा धूप बालेका, चोखो जल ल्याएका र गुइँठामा आगो सल्काएका। सिपाहीले खाक्केखुक्के गरेर आवाज दिए। तर ती व्यक्तिले वास्तै गरेनन्। सिपाहीले बोलाए, तैपनि बोलेनन्। अनि सिपाहीले जे परीपरी भन्ने सोंचेर उनको पैतलामा काँडाले घोचिदिए। पैतलाबाट तरक्क रगत चुह्यो। त्यो रगत एक छिनमा डमरु हुँदै बाघ पो पल्ट्यो! 'होक्काँ -हुक्कुँ' गरेर डुक्रन थाल्यो। सिपाही ता भागाभाग!

केही समयपछि सिपाहीहरू बिरालाको चालले फर्केर आए। बाघ त्यहाँ थिएन। त्यसैले सिपाहीले गुरौलाई फकाएर मुखिया राजाकहाँ पुऱ्याए। राजालाई घटना बताए। राजाले भन्यो– "तपाईं गुरौ हुनुन्छ कि! मेरा सिपाहीले तपाईंलाई घोँचेर दुःख पुऱ्याएछन्, क्षमा गर्नुहोला।" ती मान्छेले भने– "पूजाबाट ध्यान भङ्ग गराएर दुःख ता पुऱ्याएका हुन्। तर हामी गुरौले त्यस्तालाई अन्जान केटाकेटी ठान्छौँ। म किन्नु गुरौ हुँ। भन महाराज, मैले के गर्नुपऱ्यो ?"

राजाले बिन्ती गऱ्यो– "हे किन्नु गुरौ, प्रमाण छ। पल्लो गाउँमा तपाईंका बाघहरूले आतङ्क मच्चाएकाले किसानहरू भागेछन्। तिनका सुत्केरीहरूको बिचल्ली छ। कृपा गरेर भागगुरो दिई बाघलाई शान्त पारिदिनुहोस्। मैले ती भागेकाहरूलाई फिर्ता बोलाउँछु।" किन्नु गुरौले स्वीकार गरे र कुटीमा फर्के।

उता गाउँ छोडेकाहरूलाई खोज्न र फर्काउन भनी राजाले सिपाही खटायो। भागेकाहरू भेटिए। सिपाहीले बाघ शान्त भएको कुरो बुझाए। भागेका सबै किसानहरू आए। तिनीहरूले किन्नुगुरौको सेवासत्कार गरे। गुरौले आफ्ना बाघहरूलाई भागगुरो तथा धूपध्वाँर दिएर शान्त पारे। त्यसपछि किन्नुका बाघहरूले त्यस गाउँका मानिस र गाईवस्तुको रगत खानछाडे। दुधको धार र धूपध्वाँरमै शान्त भए। गाउँभित्र ता पसेनन् नै। जङ्गलमा चर्न गएका चौपायालाई पनि झम्टन छाडे।

उपकारी गुरौ!

—०○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाठी बुढी

रिडीमा एकजोडी बुढाबुढी बस्थे । बुढा अरूलाई नख्वाई आफु खाँदैनथे । मूलबाटैमा घर थियो । मिजासिलो व्यवहार र स्याहार पाएर उनको घरमा मगन्ते, फिरन्ते जोगी या कुनै किसिमका पाहुना खाली हुँदैनथे ।

एक दिन बिहान अबेरसम्म पनि पाहुना आएनन् । बुढाले बाटो हेर्दै गर्दा एउटा जोगी मूलबाटैबाट कतै जाँदै गरेका देखिए । बुढाले बोलाइ हाले र घरमा पसेर केही खाएर मात्र बाटालाग्न भने । जोगी एक छिन दच्कचिएर बुढाको घरमा पसे । बुढाले आफ्नो चलन बताए ।

जोगीलाई भोक पनि लागेको थियो, त्यसैले भात खाएर जाने प्रस्ताव स्वीकार गरेर बसे । बुढाले आफ्नी बुढीलाई भात पकाउन भनी मही माग्ने गाब्रु लिएर कसेनीतिर हिंडे ।

यता बुढीले पाहुनाको झन्झटबाट मुक्त हुने यौटा उपाय सोचिन् । उनले दैलाकुनाबाट बञ्चरो निकालिन् । अचम्म मान्दै जोगीले सोधिहाले- "किन होला महतारी यो बञ्चरो ?"

"मेरा बुढाले पाहुना बोलाएर बेकार यसै बञ्चराले क्वाँकेर धपाउने गर्छन् । बुढाले फेला नपारून्, तपाईं त्यो चोटबाट बँच्नुहोस् र मैलेसमेत सराप बोक्न नपरोस् भनेर यो बञ्चरो लुकाउँदै छु ।"

जोगी त आत्तिइहाले, "ओहो ! बुढाले बाटा हिंड्नेलाई फकाई फकाई घरमा ल्याएर ख्वाउने निहुँमा त क्वाँकेर धपाउने पो रहेछ ! अहँ बस्दिनँ । बुढीले लुकाएको बञ्चरो भेट्टाएर हान्यो भने ?" कन्था हल्लाउँदै जोगीले बाटो तताइहाले । उत्तिखेरै बुढा पनि कुसेनीबाट मही लिएर आइपुगे । उनले जोगी हिंड्नुको कारण बुढीसँग सोधे । बुढीले "खै कुन्नि, किन हिंडे ? मैले त अलिकति दाउरा चिर्छु र भात पकाउँला भनेर बञ्चरो झिकेकी थिएँ । यस्ती कुप्री बुढीले दाउरा चिर्न के सक्लिन् र भात पाक्ला भन्ने सोंचेर पो हिंडे कि ! बरु यो बञ्चरो आफैले देखाएर "ए जोगीमहाराज, म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफै चाँडै दाउरा चिर्छु, फर्कनुस् भनेर बोलाउनुस् त !"

सोझा बुढाले पर जाँदै गरेका जोगीलाई चिच्याएर बोलाए । जोगीले मुन्टो फर्काएर हेर्छन् त बुढाले बञ्चरो उज्याएको ! हातका सानले फर्कन भनेको ! जोगीलाई लाग्यो, "बुढीले भनेको कुरा साँच्चै रहेछ, बुढाले केको खान दिनु ?"

उनी पछि नफर्की कुलेलम ठोकिहाले । उनले जताततै हल्ला फैलाइ दिएकाले पाहुना आउन छाडे । बुढीलाई हाइसञ्चो भयो ।

जुक्ति जाने झन्झटबाट मुक्ति !

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोककथा

भीमफैँदीको कथा

अघि जुवामा हारेपछि पाँच पाण्डवहरू पहिले वनवास र पछि गुप्तवास बस्नुपऱ्यो। गुप्तवासको पत्तो दुर्योधनले पाउनै नहुने। दुर्योधनले उनका पछिपछि गुप्तचरहरू लगाइदिने। त्यसैले पाण्डवहरू लुकीछिपी हिँड्ने गर्थे। लुक्ने क्रममा उनीहरू तराई छिचलेर भावरचुरे हुँदै रापती किनारको हेटगौँडामा पुगे। त्यहाँ नगरवासीहरूले चिन्लान् र दुर्योधनका गुप्तचरकहाँ खबर पुग्ला भन्ने डरले नगरको छेउँछेउँबाटै रापती खोलाको किनारैकिनार भैंसेदोभान छिरे। भैंसेबाट पनि उनीहरू बटुवा, सिकारी, हटारू, बनियाँ आदिको आँखा छल्दै उत्तरतर्फ उकालो लागे।

रापती खोलाको पानी चिसो र मिठो हुनाले हस्तिनापुरेहरूले मजाले खाँदै हिँडे। निबुवाटार, पानराङ, तानसिङ खोला, चिउरी बगैंचा, रानी खोला र धोर्सिङहुँदै उनीहरू एउटा अहिमाने लेकको फैँदीमा पुगे। त्यहाँ उनीहरू सुटुसुटु हिँडेका भए पनि पछि लागेका गुप्तचरहरूले पत्ता लगाइहाले। चार भाइ पाण्डव र उनीहरूकी साझा स्वास्नी द्रौपदी त सटासट् लुक्न भ्याए तर, बडेमानको जिउ भएका भीमसेनको ज्यान कोप्चेरोमा अटाएन। उनको केराका खम्बा जत्रो एउटा तिघ्रो छर्लक्कै देखियो। "हेर भिउसिङ लुकेका"-भन्दै देख्नेले हल्ला गरिहाले। सबैले चिन्न सक्नुमा उनका तिघ्रा वा साप्रा साधारण मान्छेका भन्दा धेरै ठुला थिए।

भीमसेनलाई पनि झोँक चल्यो। "यी खेलो नपाएका मान्छेहरू केलाई चिच्याएर डौंडी पिटेका होलान् हँ ? यिनलाई भगाइदिनु पऱ्यो" भन्दै उनी 'हुक्काँ' गरेर जोडले चिच्याए। उनको त्यो गर्जनले नजिकका सबैको सातो गयो। त्यहाँबाट सबै दम्पट भए। पाण्डवहरू बाटो बदलेर रातीराती पूर्व विराटनगरतर्फ लागे।

यता पाण्डवहरूले खोपेको भित्तामा पछि ठूलो र चिल्लो थाम जस्तो ढुङ्गा देखियो। त्यसलाई 'भीमको तिघ्रो' भन्ने कल्पना गर्दै स्थानीय मानिसहरूले आफ्ना इष्टदेउता सम्झेर मूर्तिको स्थापना गरी मठ बनाएर राखे। उनको विशेष किसिमले पूजा पनि हुन थाल्यो। खास गरी नेवार जातिले 'भीमसेन महाराजको जय' भन्दै जयजयकार गर्न थाले। उनलाई राँगाको बलि समेत दिने चलन चलाइयो। त्यसपछि त्यो फैँदीको नाउँ 'भीमफैँदी' प्रचलित भयो।

विश्वासले ढुङ्गो बन्यो तिघ्रो !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैंसी हराएको भैंसे

भीमफेँदी र निबुआटारदेखि तल रापती र खानीखोला मिसिने दोभानमा गोठहरू भएको खर्क। गोठहरूसँगै केही छाप्रे र केही आँटी हालेका घरहरू। ती घरहरूमा र कुनै गोठमा पनि गोठाला, सिकारी र किसानहरूको बस्ती। केही घरहरूमा श्रेष्ठीन् र बनियाँहरूको बियापारी कोठी। कोठीमा प्रायः हिउँदे सटही बियापारको चहलपहल।

सटही बियापार हुने जिनिसहरू नुन, घिउ, गाँजा, काम्ला, नाम्ला, गुड, मिस्री, फलाम र तामाका ढेला, लाम्पाते सुर्तीका मुठा, घरबुना ठेटुवा, छिपाले बुट्टा हानेका मुगिया (गुन्यू), अल्लोका थैला र धोक्रा, फलाम, तामा र माटाका भाँडा, केही पित्तल र चरेस (काँसो) का भाँडा पनि हुन्थे। हिउँदभरि ढाकरे र हटारूहरूको घुइँचो हुन्थ्यो।

बर्खामा भने झरीले उछार नहुने, खोला-पहिराको डर, औलो लाग्ने र हैजा फैलिने खतरा, किसानहरूलाई खेती लगाउने र गोडमेल गर्ने लहभरी आदि कारणले आवतजावत एकदमसँग पातलिन्थ्यो। हिउँदको जाडो छल्न खनेलकर्मीहरूका केही परिवार पनि, खासगरी बुढाबुढीहरू छाप्रा हालेर बस्ने गर्थे। अरू धेरै खनेलकर्मीहरू भने माथि र वरपरका खानीहरूको नजिक गोठबस्ती हालेर बसेका देखिन्थे।

खानी खुब चलेको बेला खानीको नजिकै अस्थायी छाप्रा-कटेराहरूमा खाने-सुत्ने गर्थे। तरुल र सिकार पोल्न, खानेकुरा पकाउन, कठाङ्ग्रिएका हातगोडा सेक्न चौबिसै घण्टा मुढा जोरिएका हुन्थे। हिउँदमासको जाडोमा हातखुट्टा सेक्नका लागि त खानीको मुखनेरै सुकेका सिङ्गै रुख लतारेर ल्याई जोरिएका हुन्थे। ढक्ढकी भुङ्ग्रो हुन्थ्यो। ठाउँठाउँमा धाउ खार्ने भट्टी वा आँफ्रा हुन्थे।

भट्टी वा आँफ्रामा गोरुको छालाका ठुला खलाँती खुट्टा र हातले चलाएर कोल जस्तो माटे डहरामा धाउ गालेर धातुका ढेला तयार गरिन्थ्यो रे! ती ढेलाहरूबाट जुनसुकै जिनिस साट्न सकिन्थ्यो रे! हुने खानेले त्यस्ता थुप्रै ढेला सङ्ग्रह गरेर सुनचाँदी झैं राख्ने रे! औजार चाहिएको बेला आरनमा लगेर लोहा भए लोहारलाई र तामो भए तमोटालाई औजार-भाँडा कमाउन दिइन्थ्यो रे!

दोभाने खर्कतिरका गोठहरूमा हुलेका भैंसी-गाईहरू बिहान चर्नका लागि छाडिन्थे। दिनभरि चरेका ती वस्तुभाउहरू साँझ आफै पनि गोठमा फर्किन्थे। लैना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाई-भैंसी त कल्चौंडा चर्केर बाच्छा-पाडाका लागि डोइ्डाउँदै चाँडै नै गोठमा फर्कन्थे। केही पछि बर्केर्ना-टकेर्नाहरू पनि फर्किने गर्थे। तर बाँठा र गर्भास्टेहरू अबेरसम्म चर्ने र कहिले जङ्गलतिरै भौंतारिने हुनाले गोठालाहरूलाई फर्काउन जानुपर्थ्यो। थोरा र कोर्लाकोर्लीहरू माउकै पछिलाग्ने गर्थे।

ज़ङ्लमा खानीहरू थिए। केही पुराना खानीका सुरुङहरू धेरै लामा र डाँडावरिको पाखोबाट खोलेर धाउ निकाल्दै गर्दा अर्को पाखोबाट निस्कन सकिने पनि हुन्थे। त्यस्ता खानीहरू बीचमा भित्रभित्रै धेरैतिर फैलिएका र घरजस्ता पनि हुन्थे।

दोभानतिर एउटा यस्तै पुरानो खानीको सुरुङ रहेछ। पानी पर्दा केही डिंगाबस्तु त्यसभित्र ओतिने पनि गर्थे रे! एकदिन एउटा बाँठे भैंसी त्यही खानीको सुरुङमा पस्यो रे! गोठालाले फर्काउन लौराले हिर्कायो तर, भैंसी फर्केन। साँझ पर्‍यो र गोठालो गोठमा फर्क्यो।

अर्को दिन ऊ भैंसीको चियोचर्चो गर्न त्यहाँ गयो। अहँ, भैंसीको कुनै स्वर छैन। भैंसी सुरुङभित्रै अलापिएर हराएको हल्ला भयो। बरु केही दिनपछि त्यो हराएको भैंसी तिन कोस जति टाढा पच्छिउँ-उत्तरतर्फ रहेको नयाँटारको कालिकाथाननेरको खानीको मुखबाट निस्केको पाइयो रे!

त्यो भैंसी खानीको मुखमा पाउर लाएर बसेको रे! त्यसरी भैंसी भेटिएको कालिकाथाननेरको खानीलाई 'भैंसेखानी' नाम राखियो।

यता दोभान पनि भैंसी हराएको घटना जनाउन 'भैंसेदोभान' भनिन थाल्यो। यसरी त्यही सुरो र बाँठे भैंसीको नाउँबाट 'भैंसेदोभान' र 'भैंसेखानी' प्रचलित भए। भैंसेदोभान कालान्तरमा छोटिएर 'भैंसे' मात्र कहलिन थाल्यो।

पछि पश्चिमतर्फ त्यसरी नै भैंसी भेटिएको राङ (धाउखार्ने भट्टीबाट निस्केको राङ्को रास) भएको थलालाई पनि 'भैंसीराङ' भन्ने गरिएको रे!

काकत्यौली !

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्घाखाँचीतिर प्रचलित किंवदन्ती

भैयाद राजा

उहिले राजपुतानातिर एउटा सुन्दर थलोमा राजखलक बस्दा रहेछन्। राजालाई त्यतिखेर त्यतातिर 'राय' भनिने रहेछ। त्यस्तै ठर-ठेगानालाई 'ठौर' भनिने रे! राय बस्ने ठौरलाई पछि 'रायठौर' भनी चिन्न थालिएछ। रायठौरका ती राजपुत ठकुरीले त्यहाँ राज्य खडा गरेछन्। पछिपरन्त तिनीहरू 'राठौर' कहलिन थालेछन्।

यी राठौरको राज्यमाथि कहिले हूण, कहिले यवन त कहिले मुगलानीहरूले आक्रमण गर्न थाले। कैयौंपटकको युद्धमा विजयी भए पनि आखिरीमा मुग्लानी आक्रमणबाट परास्त भए। राजखलकका मान्छे अब त्यहाँ असुरक्षित रैतान भएर कसरी बस्ने ? उनीहरूको हुल पूर्वोत्तर दिशातर्फ हिंड्यो।

खसानी राज्यको तल्लो फेँदीहुँदै उनीहरूमध्ये चार भाइ दाङ आइपुगेछन्। दाङबाट पनि तीन भाइ अझै पूर्व लागे भने साइँलाले यसो भनेछन्- "केही दिन म यतै बस्छु। जेठा, माइला दाजै तथा कान्छा भैयाले थातथलो खोज्दै राख। जाती ठौर पायौ र ठेगान लाग्यौ भने मकन पनि सूचना दिनू।"

जेठा, माइला र कान्छा तीन भाइ राठौर ठकुरीहरू अर्घाको नजिकै आएर बसेरो हालेका थिए। अर्घाको मगाथुममा 'जाडे' राजाले ज्यादती गरे भनेर रैती-दुनियाँहरू भित्रभित्रै चिढिएका रे! उनीहरूले नयाँ र असल लच्छिनको राजा बनाउन चाहेका रे! त्यसैले त्यो बसेरोमा बसेका तीन भाइ ठकुरीहरूसित सोधपुछ गरे। दुबै थरीबिच धेरै कुराकानीहरू भए। अर्घालीहरूले यसो भने– "तिमीहरू राजघरानाका खानदानी राजपुत रहेछौ। हाम्रो यस थुममा राजा गतिलो छैन। यसलाई लखेटेर तिमी राजा हुनुपऱ्यो र राम्ररी राज गर्नुपऱ्यो।" आपसी रायसल्लाह गरेपछि तीन भाइ ठकुरीहरूले यस्तो जवाफ दिए–

"हेर, अर्घालियौ, हामी राजपुत भए पनि राज्य खोसिएर हिंडेका छौं। फेरि सिपाही पनि छैनन्। कसरी जाडे राजालाई धपाउन सकिन्छ र ?"

अर्घालीहरूले आफूहरू झराला सिपाही भएर लडाइँमा साथ दिने कबुल गरेपछि तीन भाइ ठकुरीले 'हुन्छ' भने। त्यसअनुसार जाडे राजाको चियोचर्चो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरियो । जाडे राजा भारदार र सिपाहीसाथ वनमा सिकार खेल्न गएको मौका छोपी त्यतै घेरा हालेर ढुङ्गामुढा गरी लखेटे । राजा घनघोर जंगलभित्र लुकेर बस्यो । यता मगाथुमको दरबारमा जेठा राजपुतलाई राजाको पगरी गुथाइयो । विजय उत्सवको स्वरमा बाजा बजेको सुनेपछि वनमा लुकेर बसेको जाडे राजाले आस मारेर हिंड्यो । उहाँ राठौर थरले हारेकाले यहाँ ती राजाले डिल्लीका बास्साले दिएको उपाधि भन्दै शाह थर कहलाएर प्रचार गराए ।

उता खाँची थुमे राज्यमा पनि, रैतीदुनियाँका थरी-भलाद्मीहरू अर्घा आएर माइला राजालाई मागीवरी लगे । बढाइँ गरीकन माइला राजालाई खाँची थुमको राजा बनाइयो । यसरी वारि र पारि थुममा दुबै भाइ राजाहरू मिली राजकाज गर्न थाले ।

कान्छा भाइलाई राज्य नभए पनि केही जग्गा बिर्ता घुट्टाइदिएका रे ! पछि घुर्कोट राज्यमा राजाको विषयलाई लिएर खलबल भएछ । त्यहाँको जाडे राजाले अन्याय गऱ्यो भनी भित्रभित्रै असन्तुष्टी बढेको रहेछ । त्यसो भएर धुर्कोटे थरी-कटवालहरूको एउटा हुल अर्घा आई जेठा राजालाई यस्तो बिन्ती भाउ गरेछ–

"महाराज, यता अर्घा र खाँची थुममा आफूहरू राजा भएपछि रैती-दुनियाँले निसाफ पाछन् अरे ! तेस कारन हाम्रो धुर्कोट थुमका अन्यायी जाड राजालाई धपाएर राजा हुन यहाँको कान्छा राजा जान परो ।"

धुर्कोटे थरी-कटवाल र अर्घाथुमका कान्छा राजाबीच सल्लाह भयो । सबै थरथरीका दुनियाँ पछि लाग्ने भए । दाजैले पनि सल्लाह दिएपछि कान्छा राजा अघि लागेर हिंडे । बाँगी खोला तरी खनगुफाको बाटो सुफलहुँदै खुर्पा खोलैखोल नादी पुगे । पनाहागाड तरी घुर्कोट राज्यको जाडे राजधानी बुढीकोटमा पुगे । त्यहाँ जाडे राजालाई कान्छा ठकुरीले मल्लयुद्धका लागि लल्कारे ! बुढीकोटमा बस्ने जाडे राजा पनि के कम ? जिउमा तेल घसेर मल्लयुद्ध गर्न तम्सियो । दुबैबीच धेरै समयसम्म पछारा-पछार भयो । आखिर अर्घाली कान्छा राजाले जितिहाले । जाडेले हारेर सर्तअनुसार राज्य छोडी हिंड्नु पऱ्यो । रानी रौतेला-रौतेली र भाइभारदारसहित भिटीकुम्ला बोकेर बुढीकोट छाडे । त्यहाँ पनि विजयको नगरा बजाएर कान्छा राजालाई पगरी गुथाइयो । बढाइँमा अर्घा र खाँची थुमबाट दाजै राजाहरू पनि सामेल हुन आए । तर, तारू जैसीलाई जोखना हेराउँदा बुढीकोटमा राजधानी नसुब्ने ठानेर धुर गाउँको थाप्लोमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दरबार सारियो। अर्घा र खाँचीका जेठा-माइला दाजै राजाहरूले शाह कहलाएर लेखाए पनि मल्लयुद्धबाट राज्य फत्ते गरेकाले धुर्कोटे राजाले मल्लथर कहलाउन थाले। उनी रायठौरी र शाह हुँदै आखिर मल्ल थरका बन्न पुगे। साँधीखर्क तर्फको बिर्ता जग्गाको तिरो उठाएर पछिपरन्त उनलाई पठाउने गरिन्थ्यो अरे!

अर्घा र खाँचीका दुई भैयाद राजाबीच पछि कचेउली पऱ्यो र इसारा चौरतिर लोहकिल साँधी पनि ठोकियो। तर, धुर्कोटे र अर्घाली राजाबीच कहिल्यै मनमुटाव भएन रे! यी दुबै भैयाद राजाले आपसी सल्लाहमा भागाबर्जुलाई खन मौजा बिर्ता दिएका रे! दुनियाँबीच कचपच भए पनि अर्घाली र धुर्कोटे दुबै राजा जुटेर लोहोरीको लेकमा साँधी ठोकि दिएका रे! सोमरभोमर र अन्य खानीक्षेत्र धुर्कोट राज्यमा प्रशस्त भएकाले साकिन्धाराको खानीक्षेत्र पानीढलोको हिसाबले धुर्कोटतिर पर्ने भए पनि राजीखुसीले अर्घातर्फ पारिएको रे! तारू जैसीका सन्तति पोखरेल थरलाई पुरोहित र पन्थी थरलाई गुरु मानेका रे धुर्कोट मल्ल राजाले।

अर्घाले गुल्मीसँगको विवादको सम्झौतापछि तोसमौजा कायम गरी अर्घाका दुई बहिनी देवीको थपना गरी अर्घातोसमा सुन्दर कोट बनाएपछि धुर्कोटे भैयाद राजा मानिक मल्लले सो अर्घातोसकोट मुन्तिर विशाल पोखो खनाएका रे! प्रत्येक वर्ष महानवमीका बिहान धुर्कोटबाट धूप, ध्वजा लिएर उलुक छत्रमहाराज, माझकोट र अर्घातोसको कोटमा पठाउने गर्थे रे! मानिक मल्लको सम्झनामा अर्घातोसेहरूले यसको नाउँ 'मानिपोखा' राखिदिएका रे! स्वघोषित राजा जोधे पाँडेले पनि धुर्कोटको सत् नडगाई पुर्कोटको सत् जेसुकै होस् भन्दै पुर्कोटका देवीहरू ल्याएर चौंडिलाकोटमा थपना गरेका रे! अर्घातोस मौजाभित्रका गहतेरे पछाईंले मरेङखोला फँेदीमा ठाँटी, ढाँण-कोमलमुनिकाले सिठेनीको पुछारमा तल्लाठाँटी र सान्नेली अचार्जले छेंडाठाँटीमा जोर्ते ठाँटी र सान्नेमा ठाँटी बनाई, धुर्कोट र इस्माली हटारू-बटारूलाई बसेरो बनाइदिएका रे! बुल्मका हाँडी, नादीका झाँता र धुर्कोटे फलामका ढेला अर्तोसतिर र अर्तोसे डोका, चित्रा र ढाकरहरू धुर्कोटतिर खुबसित सटही बेपार हुने रे!

तिनै भाइका तालुमा आलु !

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मच्छिन्द्रनाथको सवारी

उहिले एउटा किसान परिवारमा शिशु जन्म्यो। जैसीलाई हेराउँदा शिशु पिराहा भएको पत्तो लाग्यो। आफूहरू मर्ने डरले निर्दयी किसानले त्यो शिशुलाई नदीमा बगाइदियो। त्यो शिशुलाई उत्तिखेरै एउटा ठुलो माछाले सर्लक्क निल्यो। त्यो माछो त्यसै बेला जलाहारी माझीले थापेको जालमा पऱ्यो। माझीले जाल तानेर हेर्दा त ऐमानको माछो! माछोको भुँडी बेसरी फुलिएको! "के खाएको रहेछ यसले, भुँडी चिरेर फाली हलुङ्ग्याउन पऱ्यो।"

माझीले तुरून्तै कटारीले माछाको भुँडी चिऱ्यो। भुँडीभित्र त शिशु पो रहेछ! मझिनी पनि सँगै थिई। माझीले शिशु झिकेर छामछुम पाऱ्यो, तातै रहेछ। बिउँझने आसले उसले मझिनीलाई दियो। मझिनीले पुछपाछ पारेर पछ्यौरीमा बेरीवरी छातीमा टाँसेर न्यानो पारी। शिशु चलमलायो। उसले घर लगेर बाखाको दुध ख्वाई। शिशु बिउँत्यो। उनीहरूलाई सन्तान थिएनन् त्यसैले खुसीसाथ पाले।

केही समयपछि शिवपार्वती त्यसै घुम्न आएका रहेछन्। बालकलाई देखेर उनीहरूले मुसारे। 'यो बालक पछि ठुलो सिद्ध हुनेछ' उनीहरूले आशिष दिए। माछाको पेटमा भेटिएकाले बालकको नाउँ 'मच्छिन्द्र' रहन गयो। माझी-मझिनीले बडो स्याहारसित पाले बालकलाई। उनी सानैदेखि ज्ञानी र शान्त स्वभावका थिए। पछि गएर सिद्ध हुन पुगे। उनको नाम 'मच्छिन्द्रनाथ' प्रचलित भयो। उनी कामाख्या माईंसित कामरूपमा बस्न थाले।

यता गुरु गोरखनाथ गोरखातिर अनिकाल परेर काठमाडौं उपत्यकाभित्र माग्न पसेछन्। त्यहाँ पनि अनिकालै थियो। त्यसैले गोरखनाथले भिक्षा पाएनन्। उनी रिसाएर नागजति सबैलाई जम्मा गरी बिटो पारेर आसन तुल्याई बसेछन् रे! नागहरू बन्धनमा परेपछि उपत्यकातिर पानी पर्न छाड्यो रे! त्यतिबेला राजधानी चाँगुको डाँडामा थियो रे!

पानी न वर्षेर हाहाकार परेपछि किसानहरूले राजालाई गुहारे। तान्त्रिकहरूलाई झिकाएर उपाय निकाल्न भनियो। तान्त्रिकहरूले गुरू गोरखनाथ रिसाएर नागहरू लुकाएको भन्ने कुरो पत्ता लगाए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले गुरु गोरखनाथलाई नागहरू छाड्न बिन्ती गरे तर, उनले टेरपुच्छर लगाएनन्। स्वयम्भूको शान्तिपुरमा ध्यानमग्न रहेका शान्तिकराचार्यले गोरखनाथका पनि गुरु मच्छिन्द्रनाथलाई ल्याउनसके नागहरू मुक्त हुने उपाय बताइदिए। त्यसअनुसार कामाख्यापीठमा पुगेर मच्छिन्द्रनाथलाई फकाएर ल्याउनका लागि जाने सल्लाह भयो। तान्त्रिक आचार्य बन्धुदत्त र ललिपट्टनका ज्यापु रथचक्रलाई लिएर राजा पूर्वतर्फ हिंडे।

कैयौं दिनको हिँडाइपछि उनीहरू कामाख्यापीठमा पुगे। कामाख्यामाईंको दर्शन गरी त्यहाँको आश्रममा बस्ने लोकेश्वर सिद्ध (मच्छिन्द्रनाथका पिता) सँग बन्धुदत्तले आफ्नो कुरा राखे। आफ्नै छोरो दिएर पठाउने कुरामा उनी सहमत भएनन्। खासगरी त्यहाँका यक्षगणले विरोध गरे। आखिर लडेरै भए पनि ल्याइछाड्ने विचारले यताबाट गएको टोलीले हरिसिद्धि, हयग्रीव, नन्दकुन्द र लुप्तसंहार भैरवहरूसँग गुहार माग्यो।

भैरवहरूले आआफ्ना गणसेना लिएर गई यक्षहरूका अगाडि शक्ति देखाए। भैरवहरूको शक्ति देखेर यक्षगणहरू लाखापाखा लागे। त्यसै मौकामा मच्छिन्द्रलाई लिएर टोली फर्क्यो।

कोचिला, मिथिला आदि क्षेत्रहुँदै केही दिनको यात्रापछि टोली बुङ्मती आइपुग्यो। मच्छिन्द्र गर्‍हौं हुनाले रथचक्रलाई त्यहाँ अलिबेर आराम गर्ने इच्छा भयो। राजालाई पनि केही बेर विश्राम गर्न मन लाग्यो। धेरै दिनको थकाइले उनीहरू त्यहाँ भुसुक्क निदाएछन्। त्यसैवेला त्यहाँका बालबालिकाले यात्राको साइतको कलश लुकाइदिएको कुरा खुल्यो। फकाउँदा-फकाउँदा मच्छिन्द्रलाई आधा समय बसाल्न पाउने सर्तमा कलश फिर्ता दिए।

बुङ्मतीदेखि सिद्ध मच्छिन्द्रनाथलाई रथमा राखेर बाजागाजासहित जात्रा गरेर पाटनमा ल्याई बिसाइयो। रथ भक्तपुर लानुपर्ने थियो तर, रथचक्रले राजासामु पाटनमै राख्ने जिद्दी गरे! राजा र उनीबिच भनाभन भएकोले त्यसको छिनोफानो गर्न पाटनका थकाली ललित ज्यापुलाई बोलाएर जिम्मा दिने सल्लाह भयो।

यसैबीच रथचक्रले ललित ज्यापुकहाँ नुन राखेर दही पठाइदिए। दही चाख्दा त नुनिलो! "ए, यो रथचक्रले ता दहीमा नुन पो राखेर पठाएछ, मलाई नुनको सोभ्रो गराउन बठ्याइँ गरेछ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को दिन निर्णय दिनुपर्ने थियो। इतिमा पाटनका मङ्गल, हौगल, सौगल, नुगल, ज्यागल, तङ्गल र इगलका गरी सातोटा ओखल ल्याएर तिनमाथि ललित ज्यापुलाई बसालियो। सातवटा ओखलमाथि बसेर उनले मच्छिन्द्रलाई पाटनमै राख्नुपर्ने निर्णय दिए।

गुरु मच्छिन्द्रनाथ भित्रिएपछि गोरखनाथले नागहरूलाई छाडिदिए। नागहरू मुक्त भएपछि पानी वर्षिन थाल्यो। हरियाली छायो। सहकाल फिऱ्यो। पाटनबासी र बुङ्मतीबासीले राम्रा मठहरू बनाएर सिद्ध मच्छिन्द्रलाई सम्मानसाथ राखे। उनी उत्तरायनको वेला ६ मैना पाटनमा र दक्षिणायनको वेला ६ मैना बुङ्मतीमा बस्न थाले। प्रत्येक वर्ष उनलाई रथमा राखेर जात्रा निकाल्ने गरियो। उनी बस्न थालेपछि उपत्यकामा कहिल्यै सुख्खा परेन। सधै हराभरा र सहकाल फिर्दै रह्यो।

मच्छिन्द्रका शेषपछि उनको मूर्ति बनाएर यसरी ६ मैना बुङ्मती र ६ मैना पाटनमा राख्ने अनि रथजात्रा चलाउने गरियो। चैत्र शुक्ल पूर्णिमाका दिन तबहालबाट लगनखेल ल्याई मण्डपमा राखेर महास्नान गराउने, दुई सातापछि वैशाख शुक्ल प्रतिपदा तिथिमा उनको मूर्ति बोकेर पुल्चोकमा ल्याई चार भैरव स्वरूपका चार पाङ्ग्रा र कर्कोटक नाग स्वरूपको तान्ने घमा काठ, स्वर्गबाहेक तेह्र भुवनका तेह्र तला, अमिताभ र वज्रसत्व स्वरूपको गजुरसहित बत्तीस हात अग्लो रथ बनाएर चौथो दिनदेखि रथ तानी पुल्चोकबाट गाबहाल, सुनधारा र लगनखेल पुऱ्याउने चलन चलाइयो।

लगन खेलमा रथको शिखरबाट सिङ्गो नरिवल फाल्ने र भुँइमा नखस्दै समाउन सक्नेलाई सन्तान लाभ हुने विश्वास बढ्दै गयो। त्यसको भोलिपल्ट नारीहरूले मात्र तान्ने र केही दिनपछि साइत जुराएर जाउलाखेल पुऱ्याउने तथा त्यहाँ राजाको उपस्थितिमा भोटो देखाउने समेत परम्परा बस्यो।

महान परम्परा !

—००—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौराणिक अनुश्रुति

मन्दोदरीलाई फक्कैमा गाल

उहिल्यै यताउतिका ऋषिहरू जुटेर वनमा यज्ञको आयोजना गरे। यज्ञमा होम गर्न, प्रसाद बनाउन र आफुहरूले पनि खानका लागि खाने सामग्री त चाहियो नै। सधैं मागेर पो कति पुग्ने! फेरि गाउँबस्ती पो कति थिए र? भएका गणकविला पनि आफ्नै पेट पाल्ने कसरतमा थिए। त्यसैले ऋषिहरूले पनि खेती गर्न र गाई पाल्न थाले।

उनीहरूले वरपरको जङ्गल फाँडेर आगो लगाए। खोरिया खने। टाढाटाढा पिँडालु लगाए। बाँदर, ढेँडुवा, स्याल, चरा आदिले पिँडालु नखाने हुनाले जोगाउन सजिलो हुने। अलि नजिकका खोरियाखर्कहरूमा घैया, लटे, कागुनु, उवा, जौ, फापर, गिठा, तरुल, भ्याकुर, सिमी, तोरी, मास, भट्ट, कोदो आदि लगाए। केरा, आँप, कटहर, सुन्तला, आरु आदि पनि हुर्काए। गाईगोठ त ठुलै थियो।

आश्रमका युवा ऋषिहरू गाई फुकाउने, दुहुने, मही पार्ने, लैना गाई र बाच्छाबाच्छीलाई दानाकुँडो दिने, दुध तताउने, खाने कुरा पकाउने जस्ता काममा बढी खट्थे। पाका ऋषिहरूले पाठशाला र जैगे लाउनथाले। भिरमौरीको मह, वनको फल र कन्दमूलहरू पनि जम्मा गरेका थिए।

बर्खाको समय थियो। पानी परेर दाउरा रुझेका थिए। कुटीभित्र थोरै मात्र दाउरा अटाउँथे। कड्कुरो चुहेर सताएको थियो। यस्तैमा एक दिन झरी थामिएर घाम लाग्यो। रुझेका दाउरा, लुगा, गुन्द्रा, बिसुन आदि घाममा सुकाए। कुटिभित्रका केही अगुल्टा लगेर बाहिर खुला चौरमा बाले। इल्टा सोझ्याएर दुधको कराही बसाले।

केही ऋषिहरू यज्ञका सामग्री जुटाउँदै थिए। केहीले जैगे चलाउँदै थिए। कसैले भान्साको तरखर गर्दै थिए। कुनैले मही बिरल्दै थिए। कसैले जाँतो र कसैले ढिकी नारेका थिए। कुनै ऋषिकुमार बाच्छाबाच्छीलाई दाम्ला र दाउरा बिटो पार्ने रसी बाट्दै थिए। सम्पूर्ण काम यज्ञका आचार्यको नेतृत्वमा चल्थ्यो।

भाँडाहरू माटा र काठका धेरै तथा धातुका थोरै थिए। माटाका कुमालेले, काठका राउटे वा चुँदाराले तथा धातुका भाँडा लौहकार-कंशाकारले बनाउँथे। साधारण आरी र कोसी त ऋषिहरू आफैले पनि बसुलाले खोलेर बनाउने गर्थे। पात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाँसेर पतरी तथा दुनाबौता बनाउन त सबैले जान्दथे।

ठुलो कराहीमा दुध खौलिरहेको थियो। ढिकी तथा हाते ओखलमा घैया धान कुटी केही ऋषिकुमारहरूले सुपामा हालेर निफन्दै थिए। अब चामल ओइरनु पर्‍यो भन्ने वेला त एउटा ठुलै भ्यागुतो बुरुक्क उफ्रेर फ्यात्त कराहीभित्र पस्यो। तातो दुधमा ङ्वाइँयँ गर्दै डुब्यो। अब के गर्ने! कसैले 'भ्यागुतो फालेर चामल हालौं' भन्थे त कसैले 'दुध पोखौं र अरू काँचो दुध बसालौं' भन्थे।

यत्तिकैमा एक जनाले त्यसैलाई घोटेर नयाँ चिज निकाल्ने प्रस्ताव गरे। त्यसमा बहुमतको सहमति भयो। भ्यागुतोलाई दुधमा घोट्न थाले। अति सुन्दर चिज बनोस् भनेर मन्त्र पढे। कुराउनी बन्यो। त्यसलाई एउटा पतरीमा खन्याए। सुपलाले ढाके। शुद्ध ठाउँमा खाल्टो खने। खाल्टोमा फुलपाती ओछ्याए। त्यसैमाथि कुराउनीको पतरी राखे। सुपलाको ढकनामाथि स्याउलाले चाँपेर छाडे।

भोलिपल्ट बिहान स्याउला उक्काएर हेर्दा त अचम्म! एउटी नवजात शिशु कल्याङमल्याङ गर्दै! कुरो के परेछ भने एउटी अप्सराले शिशु जन्माइछ। त्यो फाल्ने ठाउँ खोज्दै जाँदा स्याउलाले ढाकेको खाल्टो देखिछ। स्याउला झिक्दा फुलको बिस्तरा र त्यसमुनि पतरी। पतरीको ढक्कन खोल्दा त कुराउनी! रिमरिम उज्यालो हुँदै थियो। हत्तपत्त आधा कुराउनी आफुले घिची शिशुलाई 'आधा तिम्ले खाऊ र त्यहीं बस' भन्दै त्यो निष्ठुरी अप्सरा हिँडिछे।

ऋषिहरू खुसी भए। त्यो शिशुलाई हातमा लिए। आश्रममा लगेर मनतातो पानीले पखाले। तेल लगाएर आगामा सेके। दुध पउल छँदै थियो। पेटभरि दुध ख्वाएर स्याहार गर्दै पाले। तिनको नाउँ मन्दोदरी राखियो। मन्दोदरी हुर्कँदै गइन्। छुनुमुनु-छुनुमुनु नाच्दै हिँड्न थालिन्। सबैलाई 'बाबा-बाबा' भन्दै माया गर्थिन्। दाह्री मुसार्थिन्। अलि ठुली भएपछि ससाना कार्यमा सघाउँथिन्। ऋषिहरूले नुहाइ-धुवाइ गरेर सुकाएका लुगा उठाइदिन्थिन्।

गर्दागर्दै उनमा जवानीका लक्षणहरू देखापरे। त्यसपछि ऋषिहरूले "अरू लुगा हातले समाए पनि लङ्गोटी हातले नसमाउन" भने। उनले अरू लुगा हातले उठाइन्। "अब धरा केले उठाउने होला ? छेउँतिर मुखले टोकेर उठाइदिनु पर्‍यो।"

एक रात कुनै ऋषिलाई स्वप्नदोष भएको रहेछ। उनी टाढा लोहारकहाँ चाँडै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जानुपर्ने। धरो राम्ररी नधोईकन यसै सुकाएर हिंडेका रहेछन्। धरो टोकेर उठाउँदा मन्दोदरीलाई कस्तोकस्तो गन्ध आयो। धराको चिसो पदार्थ सुकेको रहेनछ। मुखमा च्याप्प-च्याप्प लाग्यो। उनले हातले मुख पुछिन्। त्यसै वेला उनको जननेन्द्रिय चिलायो। उनले त्यहीँ हात लगेर कन्याइन्। शुक्रकीट प्रवेश गऱ्यो। बिचरा मन्दोदरी अनजानमै गर्भवती भइन्।



उनको पेट बढेको देखेपछि ऋषिहरूबीच शङ्कैंशङ्का बढ्यो। उसले उसलाई, उसले उसलाई दोष लगाउन थाले। मन्दोदरीलाई फक्कैमा गाल पऱ्यो। उनी अति रूपवती हुनाले गर्भवती भए पनि बालीले स्याहाऱ्यो। छोरा जन्म्यो। त्यसको नाम अङ्गद रह्यो। पछि उनलाई रावणले हरेर लग्यो। रावणबाट मन्दोदरीलाई इन्द्रजित आदि जन्मे।

मन्दोदरी साँच्चै बुद्धिमान् पनि थिइन्। जानकीलाई हरेर लङ्का पुऱ्याएकोमा मन्दोदरीले फिर्ता गरी रामसित क्षमा माग्न भनेकी थिइन्। रामको ठुलो शक्तिको अगाडि हार हुने देखेर सम्झौता गर्न कर गरेकी थिइन्। तर, एकोहोरो राउन्नेले उनको कुरै सुनेन। ऊ मर्नुपऱ्यो र सुनको लङ्का भस्म भयो।

भन्नेलाई फुलको माला, सुन्नेलाई सुनको माला, यो कथा वैकुण्ठमा जाला र, भन्ने बेलाँ खुरुक्क आला।

प्राचीन ऋषिकुलको जीवनपद्धति !

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टोखातिरको किंवदन्ती

मसानकाली र चण्डेश्वरी

अघि मसानकालीले नरबलि खान्थिन् रे। त्यसका लागि उनलाई प्रत्येक दिन एउटा मानिस चाहिन्थ्यो। मसानकाली हिंड्ने गोहोमा राती जो मानिस पर्थ्यो ऊ तिनको आहारा बन्नु पर्थ्यो। बालबालिकाहरू एक्लै खेले-डुलेको अवस्थामा समसाँझै पनि उनको सिकार बन्नुपर्थ्यो। दैनिक एक जनाको ज्यान जाँदा गाउँभरि त्रास फैलिएको थियो। त्यसैले सारा गाउँका मान्छेहरू जुटेर तन्त्रमन्त्र जानेका धामीलाई गुहारे।

धामीले धेरै बेर घोरिएर एउटा जुक्ति निकाली गाउँलेहरूलाई यसो भने– "हेर टोखा बासी हो! मसानकाली माईंलाई म सकभर मन्साउने-फकाउने उपाय गर्छु। तिमीहरू शान्त होऊ र केही दिन धैर्य गर।"

धामीले धूप, धजा र अछेतीले मसानकालीलाई जगाए। मानिसको सट्टा पशुको बलिभाग खाएर मन्सिदिन भने। तर माईंले टेरपुच्छर लगाइनन्। मान्छेको हत्या रोकिएन। त्यसैले धामीले अर्को उपाय रच्दै मनमनै यस्तो गुने–

"मसानकाली माईं मेरो अगाडि उभिंदा सधैं कपाल कन्याइ रहेकी हुन्छिन्। जुम्राले उनलाई सताएका होलान्। जुम्रा हेर्ने निहुंले यिनको थान्को लगाउने प्रयास गर्नुपऱ्यो। बरू किलो र मुङ्ग्रो नजिकै लुकाउनु पऱ्यो।"

धामीले तन्त्रमन्त्रको बलद्वारा मसानकालीलाई डाके। उनी फिँजिएको कपाल कन्याउँदै अगाडि आएर उभिइन्। तान्त्रिकले भने–

"हे माईं, तिम्रो सरन छ। जुम्राले तिमीलाई ज्यादै सताएका रहेछन्। आनन्दले पाहार तापेर बस। म जुम्रा निखारि दिन्छु।"

मसानकाली भारमाथि थ्याच्च बसिन् र घोप्टो परिन्। धामीले जुम्रा टिप्ने र उनका हातमा राखिदिने गर्न थाले। उनले बङ्गारा टोक्दै जुम्रा नङ्ले किचिम्-किचिम् किचिन्। जुम्रा निखिँदै गएपछि उनलाई सञ्चो भयो र घामको तातोले लठ्ठ पाऱ्यो। उनी भुल्न थालिन् र विस्तारै भुइँमा घोप्टो परिन्।

त्यही मौका छोपी धामीले नजिकै लुकाएर राखेको किलो र मुङ्ग्रो झिके। देब्रे हातले किलो समाई मसानकालीको पिठ्युँमा सोझ्याए। दाहिने हातले न्वारनदेखिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बल निकालेर मुङ्ग्राले किलो ठोके।

"लौ खा मसानकाली, खुबै हाम्रो गाउँमा दिनदिनै मान्छे सिध्याउने भएकी!"

उनले भुइँमा धसाएरै किलो पच्काए। अब मसानकाली त्यहीँ घोप्टो परेको पच्यै मरिन्। त्यसपछि टोखा र वरपर समेत शान्ति छायो। गाउँलेहरूले खुसी मनाए।

त्यसैको सम्झनामा प्रत्येक नयाँ वर्षको पहिलो दिन वैशाख एक गते मसानकाली जागेर अशान्ति नफैलाऊन् तथा कसैको अकाल मरण नहोस् भनेर होम गर्ने चलन चलाए। त्यो चलन पछि प्रथा बनेर गयो।

होम गर्नका लागि एक जोडी सर्प, जिउँदो चरो, बोकाको मुड र धर्तीभरि उम्रेका तथा पाउन सकिने जति अन्नका परिकारहरू जुटाउन थाले। बरू, त्यस्ता वस्तु जसले पहिला उठाउँछ, उसैलाई मसानकालीले खान्छिन् भन्ने अन्धविश्वास फैलियो। त्यसले गर्दा होम गर्ने सामग्रीहरू उठाउने मानिस खोज्न गाह्रो पर्न थाल्यो। तैपनि कुनै न कुनै उपायले उठाउनै पर्थ्यो, जुटाउनै पर्थ्यो र होम गर्नै पर्थ्यो। अन्तिम उपाय भनेको मसानकालीले दगा गर्न नसक्ने धामी वा गुभाजु हुन्थे।

अघि त्यहाँ चण्डिकादेवी र मातृकागण मिलेर दैत्यहरूलाई मारे। उनीहरूले पृथ्वीको भार हरे अथवा अशान्ति हटाए। चण्डिकादेवीले महारूद्रको ध्यान गरिन्। उनको लामो ध्यानका कारण महारूद्र प्रशन्न भए र सपना देखाए। उनले किसानलाई खेत खन्न लगाइन्।

असोज शुक्ल चतुर्दशीको दिन शिवलिङ्ग भेटियो। चण्डिकादेवीले बडो हर्षले पूजा गरिन्। चण्डिकादेवीको जुक्तिबाट प्राप्त भएकोले उपरोक्त शिवलिङ्गको नाउँ 'चण्डिकेश्वर महादेव' रहन गयो।

पछि, चण्डिकाको शेषपछि उनको सम्झनामा स्थानीयवासीहरूद्वारा मन्दिर निर्माण गरी उनको मूर्ति स्थापना गरियो। चण्डेश्वरीको मन्दिरका टुँडाल (टेकासी) मा कलात्मक यौनमुद्राहरू कुँदिए। ती यौनमुद्राहरू देखाउने गर्नाले ब्या भएकै चार दिनपछि दुलहा त दुलहीमा परिणत भएका रे!

अति भएसि खती!

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारगुल्मीतिरको किस्सा

रामबारी

ठुल्लुम्पेकका मुखियाराजा हरिसिङलाई नयाँ कोट बनाउने इच्छा भयो। उनले कटुवाललाई बोलाउन पठाए। कटुवाले अलिबेरपछि हस्याङफस्याङ गर्दै आएर मुखिया राजालाई ढोग गरे।

"जदौ राजैजु! होड्डाएका डिङ्गा बाच्छालाई घाँस हाल्दै थैं। त्यै वेला ठुटे भैंसी तानिएर दाम्लो छिँदालो। बुढीले एक्लै थाम्न नसक्ने। अर्को गलाम ल्याएर गाँसगुँस पारी ठुटे भैंसी बाँध्दा ढिलो भओ, छेमा पाम्।"

"अचाल केला माते छ कटुवाल भन्दै थैं। तै आइस्। लौ बस् तहीं। तँसाथ क्यै सर-सल्लाह गर्नुछ। तिर्खाओ छस् कि! ए, को छौ भित्र? मोही ल्याइदेओ कटुवालला।"

"हउस् राजैजु। के बिखएमा सरसल्लाहा गर्न मर्जी हुने हो कुन्नि! मोही ता खान्थें!"

"हेर कटुवाल। यो कोट पुरानियो। त्यति बलियो पनि छैन। त्यस कारन तो थुम्कामा नाम्रो र बलियो कोट बनाउने विचार गरें। त्यसका लागि तैंले थरीहरूसाथ सल्लाहा गरेर हाक हाल्न पठा। रैती बोलाएर पैला घडेरी खनी सम्याउने मेसो पार। आरनमा पुगेर लोहारलाई याँ भाका भाँडाकुँडा अर्झाप्नला लिन पठा। लोहार आएसि क्यै नएँ भाँडा नि बनाउन दिनपर्ला। माटो फाल्न चित्रे टोँटाले चित्रा र सार्कीला भैंसीका सिङ्गा छाला पनि ल्याउन भन्।"

पित्ले बटुकाभरि मोही खाएर कटुवाल राजाद्वारा खटाइपटाइ गरेका कामकुरामा लागे। लोहारले रैतीका काम छाडी राजाका पुराना भाँडा-औजार आरनमा लगेर अर्झाप्ने र सान लाउने काम गरे। आवश्यक थप नयाँ औजार पनि बनाउन थाले। कटुवाल सार्कीकहाँ पुगेर छाला र चित्रेकहाँ गएर चाहिने जति डोका, थुन्से र झोँक बुन्न लगाए। केही दिनमै सरसामानहरू तयार भए।

उता थरीहरूसित सल्लाह गरेर हाकहाली आलोपालो गाउँ-गाउँका दुनिया-रैती बोलाएर झारा लगाई नयाँ कोटको घडेरी खन्ने-सम्याउने कामको थालनी भयो।

घडेरी खन्दा एउटा ऐमानका ढुङ्गो निस्कियो। अरू ढुङ्गालाई जस्तै त्यसलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि घनले फुटालेर गारो लगाउने ढुङ्गा र टोक्कल बनाउने कोसिस भयो। छिनो पनि हानियो। तर, त्यो ढुङ्गो केही गरी फुटेन। त्यसपछि सारा दुनियाँ-रैती लागेर बाँस र गरालाका गल बनाएर त्यो ठुलो ढुङ्गो सार्दै र लर्काउँदै छेउँमा ल्याए।

त्यति ठुलो ढुङ्गो पल्टाउँदा धेरै खती हुने। त्यसैले छेउँमै खाल्टो खनेर त्यो ढुङ्गो हाली डिल बनाउने सल्लाह भयो। खाल्टो खनियो। पाकाले खाल्टो सानो भयो भन्दै थिए तर, ठिटाहरूले सुनेनन्। सबैले "हम वीर भाइ हो हम्, बल गर भाइ हो हम्" भन्दै घोर पारेर त्यो ऐमानको ढुङ्गो पल्टाए। 'लौ खा, ढुङ्गो त खाल्टो छलेर, कोखाबाट उँधोतिर भुर्लुङ मार्‍यो।' डिँगाबाच्छा, गोठाला र कटेरा त छलिए तर त्यसले थुप्रै बुटा लछार्‍यो। ढिक भत्कायो र माटो उधिन्यो। सबैले रामराम भने। आखिर, ढुङ्गो तल अस्लेवाका राम्रा र सम्मा बारीमा पुगेर अडियो।

रामराम भन्दाभन्दै राम्राबारीमा गएर अडिएकाले त्यो बारीलाई 'रामरामबारी' भन्न थालियो। कालान्तरमा रामरामबारी छोट्टिएर 'रामबारी' चलन-चल्तीमा आयो। नयाँ बनाएको बलियो र सुन्दर कोटलाई हरिसिङ राजाकै नाउँबाट 'हर्सिङकोट' भन्ने गरियो।

पाकाको भाका सुन्नुपर्छ !

—oo—



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिडीतिर सुनिने परीकथा

२२

उहिले देवदत्त ऋषि तीर्थ गर्न भनी हिँडेछन् । उनी डुल्दैफिर्दै रिडीमा आइपुगेछन्। काली र रिडीको सङ्गममा उनले नुहाए। तर्पण र जप पनि गरे। उनलाई यो थलो जाती लाग्यो। उनले यतै बसेर तपस्या गर्ने विचार लिए।

रिडीको सेरोफेरो डुलघुम गर्दा सङ्गमभन्दा मास्तिर एउटा ओडार भेटियो। त्यो ओडार पूर्व-दख्खिन फर्केको पाहारिलो पाखोमा थियो। स्थानीय सिकारी, गोठाला, मछुवार र बटुवाहरू त्यस ओडारलाई गलफुले भन्ने गर्थे।

गलो फुलिएको अथवा गाँड आए जस्तो देखिने हुनाले त्यसलाई गलफुले ओडार भनिएको रे! त्यसैलाई सोहोरसार गरी अनि बारबुर पारी ऋषि बस्न थाले। ऋषि बस्न थालेपछि त्यसलाई ओडार भन्न छाडेर गुफा भन्ने गरियो।

देवदत्त ऋषि पूर्वतिर डोरो पर्दा उठ्ने गर्थे। कालीगण्डकीको र रिडीखोलाको सङ्गममा झरेर नुहाउँथे। लोकैचिन्डो र माटेघडामा जल लिएर गुफामा निस्कन्थे। जाडो महिनामा अगुल्टा ठोँसी बिहानैदेखि धुनी जगाएर ध्यान, जप र पाठ गर्थे। घाम लागेपछि घाम ताप्दै यी काम गरिन्थे।

बिहान भरिको ज्ञान-ध्यान सकिएपछि अघिल्लो दिन खोजेर ल्याएका वनतरुल, वनकेरा र अन्य कन्दमूल पोलेर खान्थे। त्यतिखेर बस्ती पातलो हुनाले कन्दमूलहरू पाइने। त्यसबाट उनको गुजारा चल्ने गर्थ्यो। तर, 'सधै कति वनपाखामा डुल्नु' भनेर ऋषिले गुफावरपर खनखोरस गरे। खोरिया फाँडेर तरुल, सखरखण्ड, गिठा, भ्याकुर, पिँडालु, केरा र बर्खामा त झालपात पनि लगाई गुल्जार बनाए। त्यसपछि त उनलाई भोक टार्न सजिलो भयो।

भोट-भारत गर्ने हटारू, मुक्तिक्षेत्र जाने तीर्थयात्री, पूर्व-पश्चिम आउजाउ गर्ने बटुवा आदि उनको त्यस गलफुले गुफामा आउने र वास बस्ने गर्थे। ऋषिका ज्ञान-गुनका कुरा सुन्थे। उनको आश्रममा पछि केही विद्यार्थीहरू आउँन थाले। उनले ती विद्यार्थीलाई पढाउँथे। यसो गर्दा वर्षौं बिते। ऋषिको महिमा चारैतिर फैलियो। देवदत्तका असल कार्य र कीर्तिको सन्देश स्वर्गका राजा इन्द्रकहाँ पुग्यो। इन्द्रलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डाहा छुट्‌यो–

"ती फुस्रेले त्यति ठुलो कीर्ति कमाउने ? स्वर्गको राजा म इन्द्रभन्दा पनि बढी हुन खोज्ने ?"

इन्द्रले तुरुन्तै भारदारी सभा बोलाए। उनको सभाले उनले जे भने पनि मान्थ्यो। उनले देवदत्तको तपस्या भङ्ग गराई भ्रष्ट पार्न प्रम्लोचा अप्सराको दललाई पठाउने विचार पोखे। सभाले एकमतले स्वीकार गऱ्यो। इन्द्रले आदेश दिइहाले–

"ए प्रम्लोचा, तँ रिडी जा र त्यो देवदत्त भनिने फुस्रे जोगीलाई नाचगान, हाउभाउ, मसारमुसुर जे गरेर हुन्छ, फँसाइहाल्। तैंले त्यो देवदत्तबाट पेट बोकेर, त्यहीँ बसी उसका अगाडि शिशु जन्माउनू। समाजका सामुन्ने उसकै काखमा फालिदिएर आउनू। साथमा एउटी सुसारे र सिपाही लैजा। बाटालाई सामल-तुमल र उहाँ बस्दा चाहिने खर्चका लागि सुनका असर्फी भण्डारबाट मागेर लैजा।"

राजाको आदेश अनुसार प्रम्लोचाको दल स्वर्गबाट हिंड्यो। कैयौं दिनको कठिन यात्रापछि उनीहरू रिडी पुगे। प्रम्लोचा तालिम प्राप्त नर्तकी थिइन्। देवदत्तको आश्रमनजिकै बसेर उनले अनेक क्रियाकलाप गर्न थालिन्। सुरुमा ऋषिकहाँ कोसेलीपात लिएर जाने, ढोगभेट गर्ने, भजन गाउने आदि गर्थिन्। ऋषिले वास्तै नगरेकाले नाचगान र बजान सुरू भयो। तैपनि ऋषि टसको मस भएनन्।

प्रम्लोचाले आफ्नो प्रयासलाई निकै लम्ब्याइन्। उनी ऋषिसँगै उठेर सङ्गममा गई सँगै नुहाउने र लुगा धोइदिने गर्न थालिन्। जप-ध्यान पनि गर्थिन्। लुगा धोइदिन माग्दा सुरूमा त ऋषिले दिएनन्। तर, पटकपटक माग्ने गरेपछि आजित भएर दिन थाले। पछि त आफ्नो आङ मिचेर मयल फाल्न पनि दिन्थे।

गुफामा निस्केर आगो बालीवरी आगो ताप्न बोलाउँथिन् उनी। आगाको छेउँमा बसेर तेल लगाई आङ माडिदिन्थिन्। सिपाहीलाई कन्दमूल खोज्न लगाएर ल्याई पोलेर ख्वाउँथिन्। एउटा गोठबाट दुध ल्याएर तताईवरी खुवाउने गर्थिन्।

पछि एउटा दुहुनो गाई किनेर ल्याई कुटीनेर कटेरो बनाएर पाली दुध-दही खुवाउन थालिन्। बेलुका ख्वाउँदा प्याउँदा राती हुन्थ्यो। खासगरी लामो रातमा उनी आफ्नो कुटी नगएर त्यहीँ ऋषिकै छेउँमा विस्तरा लगाई सुत्न थालिन्। रातीसम्म ऋषिलाई आगो तपाएर जिउभरि तेल घसी मालिस गरिदिएर सुताउँथिन्। आश्रम न भयो ! लुगा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमै हुन्थे। हिउँदे झरी लाग्दा र धेरै जाडो हुँदा मौका छोपेर उनी ऋषिको कोखैमा टाँसिएर सुत्न थालिन्। केही दिन त ऋषि थामिए, थाहा नपाए झैं गरे!

आखिर मन न हो, प्रम्लोचाको मिठो बोलीवचन, सेवामूलक व्यवहार, पुष्ट र न्यानो शरीरले छुँदा उनी पग्लन थाले। केही रात त उनी स्खलित भएर पनि सहे। तर, प्रम्लोचाले त अब अँगालो मारेरै सुत्न थालिन्। आखिर ऋषि खट्न सकेनन्। दुबैबीच समागम भइछाड्यो। त्यसपछि त उनीहरू नौलानौली जस्ता भएर रसरङ्ग गर्न थाले। ऋषिको स्नान, ध्यान, पाठ-पूजाभन्दा प्रेमप्रसङ्ग बढी हुनथाल्यो।

लामो समयको संसर्गबाट प्रम्लोचालाई गर्भ रह्यो। उनको पेट ढाडिएको देखेर ऋषि खङ्रङ्ग भए। 'नगर्ने काम गरेंछु' भन्दै पछुतो मान्न थाले। प्रम्लोचालाई त्यहीं छाडी उनी भागे। कालीपार भृगुतुङ्गेश्वर गई गौरीशंकरको ध्यान गर्नथाले।

यता प्रम्लोचालाई महिना पुगेपछि सुत्केरी बेथाले चेँप्दै गयो। बडो कष्टले उनी हलुङ्गी भइन्। कन्याको जन्म भयो। केही दिन तङ्ग्रिएपछि उनले माझीलाई डुङ्गा तार्न लगाएर सहेली र सिपाही साथमा लिई पारि भृगुतुङ्गेश्वर गुफामा गइन्। शिशुलाई देवदत्तका काखमा राखिदिएर आफ्नो उद्देश्य पूरा भयो भन्दै त्यहाँबाट हिंडिन्।

शिशुबालिका मृगका पाठापाठीसँग खेल्ने गर्थिन्। ऋषिले दुध ख्वाएर पाले। लोग्नेमान्छे बारको काठ, कति पो स्याहार पुग्नु! एउटी बुढी मृगिणीले आफ्नो पाठालाई दुध चुसाउँदा शिशुलाई पनि चुस्न दिने रे! रूरू नामकी ती मृगिणीले दुध चुस्न दिएकीले शिशुको नाउँ रुरु प्रचलित भयो।

टुहुरी जस्तो हुनपुगेकी रुरुकन्या सानैदेखि ज्ञानी र राम्रो शीलस्वभावकी थिइन् रे! उनी पछि कालीगण्डकीको पश्चिमी सङ्गममा बसेर विष्णुको ध्यान गरेकी रे! सपनामा विष्णुले दर्शन दिंदा उनले विष्णुलाई आफूसँगै बस्न भनेकी र उनले आफू हृषीकेशको रूपमा बस्न स्वीकार गरेका रे! त्यस अनुसार उनले सङ्गमको दक्षिणतर्फ हृषीकेशको स्थापना गरेकी रे!

रुरुले आजीवन हृषीकेशको ध्यान र पाठ गरेकी र मन्दिर समेत बनाउन लगाएकी रे! उनको शेषपछि उनका हितैषी साथी र भक्तहरूले उनको मूर्ति बनाउन लगाएर हृषीकेश मन्दिरको आँगन स्थापना गरिदिए। हृषीकेशसँगै रुरुको पनि पूजा हुन थाल्यो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलिजुगमा राजा मणिमुकुन्द सेनले कालीगण्डकीमा नुहाउँदा ठुलो र कालो चक्रशिला फेला पारेछन्। उनले त्यो शिला उठाएर हृषीकेशको मन्दिरमा स्थापना गराएछन्। पुरानो मन्दिर भत्काएर भव्य मठ बनाउन लगाएछन्।

उनी र उनका सन्तानले हृषीकेश र रुरुको नित्य पूजा गर्ने व्यवस्था मिलाएछन्। गुठीको पनि स्थापना गरिएछ। पछिपरन्त अन्य भक्त-भक्तिनीहरूले देवीदेउताहरूको स्थापना गरे। मठमन्दिरको निर्माण गराए। पाटी-पौवा र गौमुखे धाराहरूको प्रबन्ध मिलाए। घाट तथा बाटामा ढुङ्गा बिछ्याउने, सिँढी बनाउने, चौपारी चिन्ने, पोखरी खन्ने, धर्मशाला राख्ने, वरपीपल लगाउने, आँपको बगैंचा बनाउने आदि पुण्य कार्य गरेर रिडी क्षेत्रलाई सजाए।

आगाका नजिक नौनी पग्लिहाल्छ !

—०○—



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपदेशकथा

ला तेरो गोडो !

गुरुपुरमा एक जना विद्वान गुरु बस्थे। उनको घरमा दलाने पाठशाला चलेको थियो। उनी धेरै मेहनती र आँटिला थिए। त्यसै कारण कैयौं मुर्ख र बदमास बालक-युवाहरू पनि उनको हातबाट सुध्रिन्थे।

गुरुपुरपारिको गाउँमा दुई मुर्ख भाइहरूले हैरान पारेका थिए। सँगै खेल्ने दामली सँगीहरूलाई पनि उत्तिकै सताउँथे। त्यसैले बाबुआमाले ती दुबै मुर्ख भाइहरूलाई सुध्रलान् र केही सिक्लान् भन्ने आशाले गुरुकहाँ लिएर गए। ती दुई मुर्ख भाइहरूको भर्ना भयो। ती मुर्खहरूलाई सज्न गुरुले अरू बदमास चेलाहरूलाई झैं गोडा मिच्ने पालो लगाइदिए।

गुरुलाई खड्जुरो हुन्थ्यो। अलिअलि ज्वरो आउने, आठअठिङ्गर करकरी खाने र गोडा दुख्ने गर्थ्यो। जति माडे पनि गुरुलाई सन्च ! यसैले आफ्ना पालामा जेठा मुर्ख दाइले दायाँ र कान्छो मुर्ख भाइले बायाँ गोडा माड्ने भए।

आङ र गोडा मिचेर गुरुलाई खुसी पार्न ती मुर्खहरू आतुर थिए। नभन्दै पालो आइपुग्यो। अरूभन्दा यी दुई भाइ मुर्ख चेलाहरूले गुरुका गोडा बडो मज्जासित माडिदिए। कारण, यिनीहरू भर्खर भर्ना भएका जाँगरिला र बलिया थिए।

आठ अठिङ्गर र कर्करी खाएका गोडा सन्चो भएकाले गुरु त भुसुक्क निदाइहाले। निदमा मिच्नु परेन। गुरु कतिखेर जाग्लान् र फेरि मिच्न थालौंला भनेर पर्खेका मुर्ख भाइहरूले गुरुका गोडा चलेको चाल पाए। यस्तैमा गुरुको दायाँ गोडा बायाँ गोडामाथि खप्टियो। जेठा दाइको भागको गोडा आफ्नो भागको गोडामाथि खप्टियो भनेर कान्छा मुर्खलाई रिस उठिहाल्यो।

"मैले ल्याएको हैन, आफै आएको हो, हटाउन्न जा!"

जेठाले यति भन्नासाथ कान्छो मुर्मुरिएर खुर्पा उज्यायो– "तेरो गोडो झिक्छस् कि हानूँ?"

कान्छाले यति भन्नासाथ जेठा मुर्खले पनि दैलाकुनामा ठडिएको बञ्चरो टिपेर उज्यायो–

"ए अझ मेरा गोडाला हान्न बञ्चरो झिकिस् ? ला, तेरो गोडो! खुपै मेरामाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खप्ट्ने भाको" भन्दै कान्छाले झ्वाम्मै हानिहाल्यो खुर्पाले। गुरुले ऐया भन्न नपाउँदै जेठा मुर्खले पनि बञ्चरोले भाइको हिस्साको गोडो छप्कायो र भन्यो–

"खुपै मेरो गोडा काट्ने भाको, ला तेरो पनि, खाइस् ?"

यतिञ्जेल गुरुको चित्कार सुनेर अरू चेलाहरू पनि जराकजुरुक उठी जम्मा भइहाले। ती मुर्ख भाइहरूलाई बल्ल बिराएछौं भन्ने होस् फिऱ्यो। तिनीहरू रुँदै आआफ्ना हिस्साका गोडा जोडेर पटुका च्यातीवरी बाँध्न थाले। कारण, तिनले आफ्ना घरमा हँसिया-बन्चराले चोट लाग्दा बाबा-आमाले त्यसरी बाँधेको देखेका थिए।

पछि गुरुका परिवारजन र छिमेकीहरू त जुटे। तर, धेरै रगत बग्नाले गुरुको परान उडिसकेको थियो।

मुर्ख चेलाको सङ्गतले एक जना विद्वान गुरुको एक्कासि अन्त्य भयो। गुरुपुर शोकाकुल बन्यो।

मुर्खका सङ्गतले ज्यान पनि जान्छ !

—○○—



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोसीतिर सुनिने अनुश्रुति

वराहका सँगीहरू

उहीले वराह भगवान् आफ्ना दाह्राले पृथ्वी उधिनेर थाकी आराम गर्न कोल्टे परेर बसेका रहेछन्। उनलाई औडाहा भएको रहेछ। त्यसैले कोसीलाई आफुतिर डाकेछन्। कोसी हिमालयदेखि बगेर नजिकै आइछन्।

वराहले उनलाई स्वागत गर्दै नजिकै बस्न बिन्ती बिसाए। वराहका नजिक फन्को मारी घुमेर आफु एकै ठाउँमा थपक्क बस्न नमिल्ने र बसेमा तलका समुद्रले अत्याउने कुरो जनाइछन्।

"त्यसो भए सधैभरि मेरै गोडानेरबाट बग। त्यसो गर्दा मेरा गोडा सित्तल हुन्छन्। गोडा सित्तल भएपछि ज्यान पनि फुर्तिलो हुन्छ।"

कोसीले त्यो कुरा स्वीकार गरेर वराह भगवान् दुइटै घुँडा खुम्च्याएर बसेको वराहक्षेत्र र चतरामा फन्को मार्दै निरन्तर बग्ने गरिन्।

मेन्छेमचुली पनि भनिने माथिको सभापर्वतमा एकपल्ट देवता र पितृहरूको विशाल सभा बसेछ। त्यस सभामा देवलोकहरूबाट देवता र पितृलोकबाट पितृहरू उपस्थित भएका थिए। चन्द्रमा कुजिएकाले हिंड्न नसकी आफु आउन पाएनन्।

त्यहाँ सबै अनिवार्य उपस्थित हुनु पर्ने उर्दी थियो। त्यसैले चन्द्रमाले आफ्नै छोरी सुधालाई त्यस सभामा पठाए। कुजा भए पनि चन्द्रमाको मुहार चाँदी जस्तै सुन्दर थियो। उनै चन्द्रमाकी षोडशा छोरी त झनै राम्री! त्यहाँ सभामा धेरै जनाका नजर उनमा परेका थिए।

तल सभापोखरीमा देवता र पितृहरू कसैले नुहाए, कसैले हात मुख धोए त कोही पौडी पनि खेले। त्यस क्रममा अन्त्यमा अर्यमा पितृ र सुधा मात्र पछि परेछन्। उनीहरूले सभापोखरीमा मुख धोए र हात गोडा पखाले। गोडा पखाल्दा जामा माथि सारिन्। अर्यमाले सुधाका साप्रा चिमटिदिए। दुबै छेपाछेप खेले। लुगा रुझेका र अरू सबै हिंडिसकेकाले त्यहीं पौडी पनि खेले।

पौडी खेल्दा एक अर्काको आङ्मा हात हालाहाल हुने नै भयो। अर्यमा पनि सुधाझैं सुन्दर र मस्त युवक थिए। दुबैले आपसमा परिचय लिंदा कसैसँग प्रेम नभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अविवाहित भएको पत्तो लाग्यो। उनीहरूबीच प्रेम पलायो।

उनीहरू कैयौं दिनसम्म जल विहार र रसरङ्गमा रमाए। छेउँछाउँका जङ्गलमा तरुल र फलहरू पाइन्थे। भोक मेटाउन कुनै समस्या थिएन। मुख फेर्न सिकार पनि खेले र खाए।

कैयौं दिन आनन्दमा बितेपछि सुधालाई घरको सम्झना आयो। "ओहो प्यारा अर्यमा, बाबासित बिछोड भएको यतिका समय भयो। फेरि उहाँसित अनुमति लिनु त के सोधपुछै नगरी हामीले प्रेम विवाह गर्‍यौँ। जाऊँ उतै र ढोगभेट फुकाऔं।"

चन्द्रलोक र पितृलोक सँगै पर्ने हुनाले उनीहरूको घरको बाटो एउटै। त्यसैले सिकारको पाहुरपातसहित तिनीहरू दुबैजना हाँसखेल गर्दै घरका लागि हिंडे।

सुधा चन्द्रमा भएनिर पुगी ढोग गरिन्। पछिपछि आएका अर्यमाले पनि ढोग गरे। बिना खबर छोरी यतिका समयतक, हराएकीमा चन्द्रमा रिसले मुर्मुरिएका थिए। यसो हेर्दा छोरीको चाल, ढाल अर्कै भएको अथवा परपुरुषसित लसपस गरेको छनक देखियो। आफ्नी छोरीलाई मनपरी दमाल्ने अर्यमालाई उनले केही नसोंची सराप दिइहाले। चन्द्रमाको सरापले गर्दा अर्यमा शिला भएर कोका पर्वतमा बस्नु पर्‍यो।

सुधाले आफ्ना प्यारा अर्यमालाई केही सोंचविचारै नगरी, एक्कासि सराप दिएकामा आफ्ना बुबा चन्द्रमाप्रति रिसाएर चत्रक्क छोडी अर्यमाको उद्धार गर्न हिँडिन्। उनी वराह र कोसी भएका ठाउँनेर पुगी तिनीहरूको सेवा गर्न थालिन्। खुसी भएर वराह र कोसीले अनुमति दिए। उनी कोका पहाडबाट कोका नदी बनेर गड्गडाउँदै बग्न थालिन्। आफ्ना प्यारा स्वामी अर्यमाको पुरिएको शिलालाई वरिपरि खोलेर निकालिन्।

अर्यमालाई आफ्नी प्राणप्यारी सुधाले कोकाखोला बनेर आफ्नो उद्धार गरेकीमा निकै खुसी लाग्यो। हर्षका आँसु झरे। उनले पनि वराह र कोसीसित सँगै बस्ने अनुमति मागे। त्यस उपरान्त अर्यमा पवित्र शिला भएर कोका-कोसी दोभानतिर बस्न थाले। सुधा कोकाखोलाको रूपमा त्यहीँ बग्ने गरिन्।

रिसले आफू खा !

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुकुमे दन्त्यकथा

सुनदहमा सुनैसुन

अघि रुकुमको मैकोटगाउँमाथि कालेखगर चुचुरोको काखमा एउटा दह भेटियो। मान्छेको बस्तीदेखि धेरै टाढा र अग्लो स्थानमा रहेको विकट दह। त्यहाँ हिउँ पग्लेको बेला जेठदेखि असोजसम्म मात्र जान सकिन्थ्यो। अरूबेला हिउँले ढाकेको हुन्थ्यो। त्यसैले सितिमिति मानिसहरू जाँदैनथे। यदाकदा नाउर सिकार गर्न, यार्चाकुम्बु बटुल्न र भैंडीगोठ राख्न मात्र जाने गर्थे।

एकपटक एउटा भैंडीग्वालोले आफ्ना भैंडा लगेर त्यही दहनजिकै ढुङ्गेखोरमा राख्यो। उसले भैंडा दिनभर वरिपरिको पाटनमा चर्न छाड्ने र बेलुका खोरभित्र हुलेर थुन्नेगर्थ्यो। चितुवा, ब्वाँसा र अन्य सिकारी जनावरबाट जोगाउन ठुलै भोटे कुकुर पनि सँगै हुन्थ्यो। राती भैंडीखोर जोगाउन कुकुर छाडिदिन्थ्यो। अरू-अरू भैंडीखोरका कुकुरहरू समेत मिली रातभर भुकेर थर्काउँथे। दिउँसो ग्वालाले कहिले खोरनजिक साङ्लाले बाँधेर राख्थे त कहिले सँगै सिकार खेद्न लैजान्थे।

एक दिन बाँधेर छाडिएको कुकुरलाई दिउँसोको पहारिलो घामले पोल्दा एकदम तिर्खा लागेछ। उसले प्राणले भेटेसम्मको बल गरी साङ्लो चुँडाले छ। चुँडिएको साङ्लो लतार्दै गएर दहको मिठो पानी चपरचपर पार्दै टन्न खाएछ। पानी खाँदा साङ्लाको लत्रेको भाग दहको पानीमा डुब्यो। डुबेको भाग जति सुन पल्टेछ।

बेलुका ग्वालो चराको सिकार झुन्ड्याएर आउँदा कुकुरले ग्वालाका खुट्टा चाट्न थाल्यो। ग्वालाले साङ्लाको छेउँ सुनौलो देखेर अचम्म मान्यो। समाएर हेऱ्यो अनि विचार गऱ्यो– "पक्का-पक्की सुनैको बनेछ, फलामको साङ्लो कसरी टुप्पातिर सुनको भयो ?"

उसलाई अचम्म लाग्यो। लडिबुडी खेलेको कुकुरलाई उसले हुत्त दहतिर फाल्यो। कुकुर डुबेर निस्कँदा त पुरै साङ्लो पहेँलपुर! आफुसँग भएको आगो पार्ने चमकचमक चोबेर विचार गऱ्यो। त्यो पनि सुन पल्ट्यो। दहको पानीले फलाम पनि सुन पल्टिँदो रहेछ भन्ने थाहा पाएर उसले अरू भएभरका फलामे औजारहरू दहमा चोबेर सुन बनायो। यो कुरा सबै गोठालाहरूसित भन्यो। सबैले आफुहरूसँग भएका फलामका हँसिया, बन्चरा, खुँडा, चकमक, साङ्ला, बाउसा, कराही, ताबा, चक्कु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिलाई सुन बनाउन सफल भए।

यो घटना एककान, दुईकान, मैदान हुँदै चारैचौरासका गाउँ-गोठभरि फैलियो। किसान र ग्वालाहरूले आफ्ना सम्पूर्ण फलामे भाँडाकुँडा ल्याएर दहमा चोबी सुन बनाए। ऐडी-सिकारीका बन्दुक समेत सुनका भए। यसरी त्यस दहको नाउँ 'सुनदह' भयो।

गाउँमा एउटा लोभी किसान थियो। त्यसले ता आफ्नो घरगोठमा भएका भाँडा र हतियार सबै सुन बनाइसकेपछि हलो फुकालेर फालो पनि सुनको बनाउन पुग्यो। अन्त्यमा एउटा सियो बाँकी रहेछ। त्यसलाई पनि लगेर दहमा चोब्यो। त्यो सियो डाङ्ग्राका जुत्ता-थैला सिलाउँदा अशुद्ध भएको रहेछ। त्यसैले दहका मण्डली वराह देउता रिसाएछन्। सियो फलामै रह्यो।

त्यस घटनापछि चोपेको फलाम सुन हुन छाड्यो। टाढाटाढाबाट फलाम बोकेर आएका मानिसले दुःख मात्र पाए। सबैले त्यही लोभी किसानलाई सत्तोसराप गरे।

वराहलाई खुसी पारेर फेरि उस्तै काम लिन सकिन्छ कि भनेर साउने पुन्युमा रुकुम र छिमेकी डोल्पाका सिकारी, ग्वाला, किसान र हटारुहरूले भाक्ने र पूजा गर्ने चलन चलाए। सुनदहमा पुग्न नसक्नेहरूले उतै फर्केर वा दिशा पारेर पाती फाल्न र बलिभाग चढाउन थाले। तैपनि वराह बिच्केर सुन पल्टाइदिन सधैका लागि छाडे।

लोभले लाभ जा !

—○○—



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेटौंडाको किंवदन्ती

हेटगौँडा, भुटनदेवी र हेडम्बी

हेटगौँडामा उहिले यौटा भोटे लामाको परिवार आएर बसेको थियो। त्यस परिवारमा एउटी सुन्दरी कन्या थिइन्। भोटे परिवारकी हुनाले उनलाई भोटेनी वा भुटानी भनी बोलाउने गरिन्थ्यो।

सानैमा धुलेबाजी र राज्जे खेल्ने गरेका साथीहरू अहिले टालाटुली बटुलेर सिलाएका भकुन्डा खेल्न मन पराउँथे। चउरको ओल्ला र पल्ला छेउँमा भिक्रा गाडी त्यसमा डोरी टाँगेर दुई समूह भई भकुन्डो खेल्ने गर्थे। त्यसरी खेल्ने खेलमा केटीहरूको नेतृत्व भुटानीले गर्थिन् भने केटातर्फको अगुवाई हेडम्बी नामको केटाले गर्थ्यो।

हेडम्बीको बसोवास उत्तरतर्फ थियो भने भुटानीको घरबार दखिखन-पश्चिममा पर्थ्यो। हेडम्बीको परिवार राक्षसी स्वभावको थियो। त्यसैले ऊ केटीहरूलाई बढी जिस्क्याउने र सताउने गर्थ्यो। आफ्नै समूहका दामलीहरूलाई पनिससाना कुराको निहुँ भिकी पिट्ने गर्थ्यो। फलस्वरूप असल स्वभावका केटाहरू उसको समूहबाट अलगिँदै गए।

यता भुटानीको समूहमा भने असल स्वभाव र चरित्रका केटीहरू थिए। आपसमा खुब मिल्थे। खेलमा आपसी समभदारीले गर्दा केटाहरूलाई जित्दै जान थाले। पटकपटक हारिरहँदा केटाहरू निहुँ भिकीभिकी भगडा गर्थे। आफ्ना गल्तीहरू लुकाउने र केटीहरूका गल्तीलाई तिलको पहाड बनाउने गर्थे।

तैपनि केटीहरू सहनशील हुनाले केटापक्षका गल्तीलाई माफी दिँदै तिनका गालीगलौज र धक्कमधक्का समेत सहँदै आएका थिए। उनीहरू स्वस्थ प्रतिस्पर्धा चाहन्थे। तर, केटाहरू यति छाडा हुँदै गए कि उनीहरूलाई खेलको भन्दा केटीहरूलाई निहुँ खोजीखोजी तल पार्ने र उनका स्तन छुने मतलब रहन्थ्यो। केटीहरूप्रति अति उत्ताउलो व्यवहार देखाउन थाले। आजित भएर केटीहरूले केटाहरूसँगको खेल-सम्बन्ध कट्टी गर्नुपर्‍यो। त्यस उपरान्त केटीहरूकै दुई समूह भएर खेल्न थाले।

सम्बन्ध कट्टी गरेको निहुँ खोजेर हेडम्बीले भुटानीलाई एकान्तमा ढुकेर समाई तथा नाम गाली गर्दै बलात्कारको प्रयास गर्‍यो। उनले पनि त्यसलाई कोपर्ने, चिथर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर हच्काउँदै थिइन्। अन्तमा घाइते बाघले झैं झम्टेर उनको जामा च्यातिदियो।

भुटानी सानैदेखि भीमेश्वर महादेवको भक्तिभाव गर्थिन्। उनले भीमेश्वरलाई गुहारिन्। संयोगले भीमेश्वर पनि हिउँदमास सिकार खेल्न भनी न्यानो चुरेजङ्गलतिर झरेका थिए। उनी त्यहीँ नजिकै पारिपट्टिको जंगलमा धनुकाँड तानेर चरालाई ताक्दै थिए। एउटी नारीले गुहार मागेको सुनेर फुङ्गालि हाले। उनी त्यहाँ आइपुग्दा दुबैको लडाइँ चालु थियो।

हेडम्बी रक्ताम्मे थियो भने भुटानीका लुगा धुजाधुजा भइसकेका थिए। आफ्ना अगाडि भीमेश्वरलाई देखेर भुटानी नानीले सहायताको लागि यसरी चिच्याइन्–

"भीमेश्वर महादेव, गुहार पाऊँ। यस राक्षसले मलाई बर्बाद पार्न खोज्दै छ। म तपाईंकी उपासु हुँ। रख्खे गर्नुहोस्।"

भीमेश्वरले आफ्नो धनु र काँडको ठोक्रो एकातिर फालेर हेडम्बीलाई फुत्काई कडा मुक्का हाने। फलस्वरूप ऊ रगत छाद्दै मुढा झैं पल्ट्यो। त्यसै बेला रिसले चूर भएकी भुटानीले हेडम्बीको जुल्फी उँखेलिन्, कान निमोठिन् र उसको हात फनफनी घुमाएर पटक्क भाँचिदिइन्। हेडम्बीको परान उड्यो। बल्ल उनको रिस शान्त भयो।

उनी मुसुक्क हाँसेर भीमेश्वरको हात समाई आफ्नो गोठमा जानका लागि तानिन्। भीमेश्वरले आनाकानी गरेनन्। सरासर उनको पछि लागे। घर पुगेर छालामा बसाली गोरस ल्याएर खान दिइन्। ठाडो घाँटी लगाएर आधा गाबु गोरस त भीमेश्वर एक्लैले खाए। असिनपसिन भएकी भुटानी नानीले पसिना पुच्छ्दै बाँकी गोरस तुरिन्।

भीमेश्वरले उनको अर्धनग्न जिउडाल देखेर मुसुक्क हाँस्दै यसो भने–
"आफ्नो प्यारो मान्छेलाई त नाङ्गो जिउ देखाउन पनि लाज लाग्दैन, हैन प्यारी! अब तिमी र म सँगै बस्ने हो ?"

बल्ल उनलाई आफ्ना लुगा च्यातिएको हेक्का आयो। उनी लाजले फुत्त भित्र गइन्। भीमेश्वर पनि सँगै भित्र पसे। घरमा कोही थिएन। दुबैले एक-अर्कोलाई कटाक्ष गरी नजर जुधाए। दुबै मुस्कुराए। भुटानीको प्रेमभाव बुझी भीमेश्वरले काखमा राखे र म्वाई खाए। उनीहरूको प्रणयलीला सुरु भइहाल्यो।

उनले भुटानीलाई सिकार खेल्न जंगलमा पनि लगे। मृग मारी जंगलमै पोलेर खाने, आगो ताप्ने र वास बस्ने गरे। यसरी कैयौं दिन विहार गर्दा उनी गर्भवती भइन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिना पुगेपछि शिशु जन्म्यो। उनीहरूको प्रेम झन गाढा हुँदै गयो। हिउँदभरि भीमेश्वर यतै भुटानीसित बस्ने र बर्खा माथि निस्कन्थे। स्थानीय गणले भीमेश्वरकी प्रेयसी हुनाले भुटानीलाई भुटानी देवीको रूपमा मान्न थाले।

यता हेडम्बी अगति परी प्रेत वायु पल्टेर पिर्न थालेको हल्ला चल्यो। उसको थान बनाएर धूपध्वाँर दिन थाले। भुटानीको शेषपछि उनको मूर्ति र मन्दिर बनाएर मानमनितो गरियो। देवीको अवतार ठानी 'भुटानी देवी' भन्दाभन्दै कालान्तरमा 'भुटनदेई' वा 'भुटनदेवी' भनेर पुज्ने गरियो।

हेडम्बीको थानतिरको बस्ती 'हेडम्बी' कहलियो। हेट या पाई परेको गौंडा अड्डालाई 'हेटगौंडा' भन्दाभन्दै पछिपरन्त 'हेटौंडा' चलनमा ल्याइयो।

घृणाले हिंसा र प्रेमले जिन्दगी !

—oo—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दार्थ

अँजुलो : अञ्जुली

अउल : औलो लाग्ने ठाउँ, बेसीक्षेत्र

उइकन : उसकन, उसलाई

ऋषिका : मन्त्रद्रष्टा तथा योगी स्वरूपका नारी ऋषि

ऐडा/ऐराः सिकार,जंगली पशुपक्षीलाई जालमा बल्झाउने/कुनै उपायले मार्ने खेल

ऐडी : ऐडा खेल्ने सिकारी, त्यस्ता सिकारी कुलको परम्परागत पेसेवर थर

ऐमानका : बडेमानका, ठुलो आकारका

ओरापरी : लुगाफाटा, लगाउने कपडा

ओलक : दरबार, कोट आदिमा दसैं जस्ता चाडमा लगिने दैंदस्तुर, मोहीले जग्गा कमाएबापत तल्सिङ वा जिमिदारलाई चाडपर्वमा बुझाउने कोसेली

कचपाइँ : कचकच, झगडा

कचेडी : कचहरी, सुनुवाइ, भेला

कटवाल : हाक हाल्ने/समाचार पुऱ्याउने मान्छे

कठालो : शिशुको घाँटीमा र्‍याल सोस्न लगाइ दिने लुगा, त्यसको घाँटीको भाग

कबिला : जहान, घर-परिवार

कराएँ : बाङ्गो, टेढो

कलसारु : कलश बोक्ने कन्या वा नारी

कलोउ : कोल

कसारु : कसार

काँपुडो : कतातिर

काँधीकुरी : काँधमा राखेर बोक्ने तरिका

काजी : मध्यकालीन राज्यका मन्त्री, मान्यजन

कामरूप : असमको पुरानो नाम

किरो : चितुवा, बाघ

कुलाला : माटाका भाँडा बनाउने एक पेसेवर जाति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोर : कोढ, कुष्टरोग
कोल : काख, तेलहन, उखु आदि पेल्ने परम्परागत साधन
खरी घोट्नु : मेहनत गरी कमाउनु
खाँड : मिस्री
खाँडो : खड्ग, खुँडा
खुर : खुट्टा
गर्जो : खाँचो
गाड : ठुलो खोला, भेल, बाढी
गादी : गद्दी, राजसिंहासन
गुभाजु : धर्मगुरु, तान्त्रिक
गुरुवा : धामी, थारु आदि जनजातीय गुरु
घटारु : घाट तार्नेवाला
घर गोसेनी : घरकी मालिक्नी, घरबुढी
घुएँत्रो : ढुङ्गो घुइँकाएर फाल्न प्रयोग गरिने रसी
घैया : छरुवा धान, खस्रा चामल हुने जङ्गली धान
चखेवा चखेवी : एक जातका चराका जोडी
चढौना : चढाउने सामग्री
चरवा : भैँसी चराउने मान्छे, गोठालो
चाँचो : चाँजोपाँजो, व्यवस्था
चाँचरी : गाथा, एक प्रकारको लोकगीत, चाँचर
चाइन्या नाइँ : चाहिने हैन, आवश्यक छैन
चापट : चतुष्पट(सं.), चारै पाटा मिलेको, फराक, सम्मो, मैदान
चिन्डो : लौका, गुदी फाली पानी खान प्रयोग गरिने लौकाको भाँडो
चिफिल्लो : चिप्लो
चुन्ने : चानचुने
छतरी : छाता, बाँस-निगालाको चोयाले बुनेको र भर्लो,मालु आदिका पातले छापेको घामपानी ओत्न ओढिने स्याँखु वा सिउँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्घार : जँघार, जाँघसम्म पानी आउने घाट, घाटसाँघु
जडान : जाड बस्ने थलो
जर्म्यो : जन्म्यो
जलाहारी : जलारी, पानीमा खेलेर, जाल हानेर माछा मार्ने, घाट तार्ने स्वभावका
जाई : गई
जिउलो : फाँट, खेत
जेठासी : जेठा दाइले भाइबैनीहरूको हेरचाह गर्नुपर्ने/सो बापत पाउने अंश
जोई : पत्नी, स्वास्नी
झराला : बेतलवी, हाक पर्दा, उर्दी फिर्दा सित्तैमा झारा वा श्रम दिनु पर्ने हिसाबको
झरो : दियालो
झाँक्रो : कपाल, केशराशि, जगल्टा
टोँड्को : प्वाल, चर, दुलो
टोपीटाले : टोपी लाउने
ठौर्‍याउने : थन्क्याउने, राखन-धरन गर्ने
डाङ्ग्री : माडौँका पुजारी, धामीका सहयोगी, कुल पूजामा धामीझाँक्रीलाई सघाउने
डौँडारो :डुंड परेको खाडल, भ्वाङ, सुरुङ
ढाकर : जाले डोको, ढाक्रेले बोक्ने खोकनसितको दरो डोको
ढाकरे/ढाक्रे : ढाकर/जाले डोको बोकेर हाट खेप्ने भरिया, नुने हटारु
तर्बाल : तरबार
तल्लिमल्लि : तल्लो-माथिल्लोको सानो रूप
ताँकुल्लो : नदी तर्न तुइन बाबियाको लुठोमा झुन्डिएर तर्न प्रयोग हुने औजार
तिउन : तेमन(सं.), तरकारी
तुमी/तुम्मा : तिमी/तिम्रा
तेली : तेल बच्ने पेसेवर थर
तौँ : तँ
त्रिविष्टप् : तिब्बत
थरी : कुनै थर विशेषको अगुवा, मुखियापछिको परम्परागत पद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थर्पु : अस्थायी छाप्रो, वास
थानी : थानपति, थानका देवी-देउता, यौटा थर विशेष
थार : जंगली घोँडा, घोँडाको जस्तो मन्टो र मृगको जस्तो जिउ हुने जंगली जनावर
थुमा : भाले भेँडो
थुम्किलो : सानो थुम्को
दम्पट हुने : लुकाइने, हराइने
दे/दैबास : लौ/ओ हो !
द्वारे : दौवारिक(सं.), राज्यक्षेत्रको प्रवेश दूवारमा बस्ने रक्षक, रखवारे
देउला-देउली : देवल-देवली, देवल-देउराली
दोमै : दोमुख, दोभान(दुई मुहान)
धाउखानी : धाउ/धातु निकाल्ने खानी
धुलौटो : जोखना हेर्न ज्योतिषीले प्रयोग गर्ने धुलो राखेको पिर्का, चनौटो
नाउलो : पँधेरो, कुन्टो
निरह : नीलो रह, गहिरो जलराशि
निवारो : जङ्गली धान, जौ,कागुनु जस्तै पवित्र मानिने अन्न
निशाचर : रातमा डुल्ने जीवजन्तु
नुनथलो : नुन छरेको चरिचरन
पउल : प्रशस्त
पटाङ्गी : पटाङ्गिनी, घरको पेटी
पड्डो : पर्छ
पणिजन : व्यापारी वर्ग
पतुर्नु : जिउमा देउता उत्रेको भन्दै काँप्नु र बक्नु, फलाको सहित जिउ हल्लाउनु
पऱ्या : परेवा, प्रतिपदा
पहरी : भाले, कुखुरो
पाँजुल्लै : तेर्सै
पुँछ : पुच्छर
पुडा/पुडो : पर/तिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुन्यु : पुन्ही, पूर्णिमा

फयल्ल : प्रसारण

फलैँचा : बस्ने फल्याक, बेन्च

फुपूचेला : फुपूका छोरा

फेरे : च्याङ्ग्राका भुत्लाको दरी जस्तो बुनिएको ओछ्याउने साधन

बँदेल : वनेल, वनसुँगुर

बक्के : वाक्य, वचन, सम्बोधन

बचवा : बच्चा

बटारु : बाटा हिँड्नेवाल

बसेरो : वास

बर्जु : बज्जु, बज्यै

बान्नो : पर्खाल, बार

बिजुवा : तान्त्रिक धामी

बुके : सुकेको, सुख्खा

बेगार : राजा, मुखिया, तल्सिङ वा जिमिदारकहाँ सित्तैमा श्रम दिने दस्तुर

बेलो : बिरुवा, लहरो

बेसाउनु : अन्न किन्नु

बेसाहा : बेच्ने अन्न

बैकिनी : नारी, स्वास्नी

बोक्चो : पुस्तक, चिना, लुगा वा अन्य खिच्रीमिच्री राख्ने थैलो, बासाको ठूलो रूप

भलापञ्च : पञ्चभलाद्यमी

भलामान्स : असल मान्छे

भाँड : गाथा गाएर जीविकोपार्जन गर्ने कर्णाली प्रादेशिक एक जाति

भाउ : शिशु, बाबु

भाकल : इच्छा पुरा भएपछि बलि वा भागगुरो दिउँला भन्ने कबुल, प्रतिज्ञा

भागगुरो : अंश

भारदार : राजाका सल्लाहकार/सहयोगी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाविनी : छैंटीको राती भविष्य लेखिदिने भनिएकी देवी

भावर : तराईको गर्मी क्षेत्र

भिउसिङ : भीमसेन

भिम्मल : लट्ठ

भीमकाय : ठूलो जिउको

भुवा : हिमाली यायावर अथवा डुलुवा देउता

भुवो : पाखा बाली लाग्ने पाटो, सुर्को, गडो वा गरो

भैंसोल्या : भैंसीको

भैभलाद्मी : ठूलाठालु

भैयाद : भाइ-भतिजा, भाइ खलक, भाइ-भारदार, चौतरिया

भैरे/भैऱ्या : भैरवको ठाडो सम्बोधन

भोल : भोलि

मण्डली/मन्दली : माण्डलिक(सं.), मण्डलका देवदेवी

मनुवा : मानव, मान्छे

मन्त्रानी : मन्त्रीकी पत्नी

मरु(नेवा) : छैन, सकियो

मछुवार : माछा मार्ने

मारण : मर्ने गराउने

माल : खेत, फाँट, बेसी

राम धुलाइ : कडा पिटाइ

रिखीपुत्त : ऋषिपुत्र

रुप्स्या : रूपाली, सुन्दरी नारी

रैतान : रैती, प्रजा

रैथाने : सधै एक ठाउँमा बस्ने स्वभावका मानिस वा अन्य प्राणी

रैबारे : समाचार सम्प्रेषक, खबर पुऱ्याउने

रोँचे : बिर्को भएको र ताला लगाउन मिल्ने ठुलो गाग्री, भेम्पा

रोट : ठूलो रोटी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रौतेला रौतेली : राजकुमार राजकुमारी
ललित पट्टन : ललित पाटन, ललितपुर
लाग्नो : लेक
लाम्टा : झोल्लिएका स्तन
लालाबाला : साना केटाकेटी
लिउ : भेँडाका भुत्ला कातेर बुनेको दरी जस्तो ओढ्ने-ओछ्याउने लुगा
लुक्काल : थैला
ल्हासा : घोँडा बाँध्ने तबेला
वनकसी : वनकस, बाबियो
वाहीँ : उहीँ
विषय : राज्य, लिच्छवीकालीन जिल्ला
समाखान : टहल, सुसार
सराक : आकाश
सिर्तो : दस्तुर, कोसेली
सुपला : तामा निस्कँदा रक्षा कवचको रूपमा सँगै निस्कने बाँसका खोस्टा
सुमर्ने : प्रयोग गर्ने
हटारु : हाट गर्नेवाला
हाटक देश : हाटसिँजा राजधानी भएको खसदेश
हुड्के : डमरु जस्तो बाजो हुड्को बजाएर गाथा गाउँदै नाच्ने पेसेवर जाति

साक्षात्कार/स्रोत व्यक्ति

डा. आत्माराम आचार्य (२००४) कोलबोट, प्युठान, हालः मोतीपुर, कपिलवस्तु
काशीराम पन्थी (१९८९–२०६४) धुर्कोट, वाग्ला-मुख्यार, गुल्मी
कुन्ता शर्मा (२००३) धरान, सुनसरी
कुसुम मल्ल (२०१५) साबधारा, धुर्कोट, गुल्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पं. केशवराज खनाल (१९७७-२०६६) धुर्कोट(जैसीथोक-बर्बोट), गुल्मी
कृष्णकुमार रेग्मी (२०१५) रोल्पा
कृष्णप्रसाद कोइराला (२०००) पोखराथोक, पाल्पा
कृष्ण पोखरेल (२०२०) नयाँगाउँ-तोर्त, धुर्कोट, गुल्मी
खगा मरासिनी आचार्य (१९९०-२०२८) अत्रकाँडा/मरेङ, सान्ने, अर्घाखाँची
खम्बप्रसाद रोकाया (२००६) खलङ्गा, जाजरकोट
गोपालचन्द्र ज्ञवाली (२००६) लिम्घा, गुल्मी
गोविन्द चुँदाली (१९८६–२०७४) अर्घा-चप्रुङ, अर्घाखाँची
गणेश बोहोरा (२०२८) बझाङ
चूडामणि ज्ञवाली (२०१३) गुल्मी
जनकप्रसाद हुमागाईं (१९९४-२०६३) पनौती, काभ्रे
जनकप्रसाद बस्याल (२०२९) सन्धिखर्क, तुमकोट, अर्घाखाँची
जयप्रसाद आचार्य (२०३०) वीरेन्द्रनगर, सुर्खेत
टइटप्रसाद चौधरी (२०२५) शिव, मंगल र कपिलसहित भक्तहरू गढीमाईं, बारा
डिलकुमारी खनाल आचार्य (१९८९–२०७३) जुम्लादी/मरेङ-सान्ने, अर्घाखाँची
तिलकराम पोखरेल (२०१०, धामी) छत्रदेव(साविक मरेङ-निहुरे), अर्घाखाँची
दधिराम आचार्य (२०१४) मालारानी(साविक मरेङ-सान्ने), अर्घाखाँची
दधिराम ज्ञवाली (१९९८) चिदिका-ठुलाखर्क, अर्घाखाँची, हालः बुटवल
दिलीपकुमार आचार्य (२०२६) मालारानी(साविक मरेङ-सान्ने), अर्घाखाँची
देवी पन्थी (२०१५) विराटनगर, मोरङ
डा. नन्दबहादुर सिंह (२०२६) डिल्लीकोट, कालीकोट
नारायण लामा (२०१२) निबुआटार, मकवानपुर
पुरुषोत्तम पाण्डेय (२०३५ अस्लेवा, गुल्मी)
बगाले काजी गुरुङ, घान्द्रुक, कास्की
बालकृष्ण शर्मा (२०३०) सल्यान, हालः नेपालगन्ज, बाँके
बालबहादुर बुढा (२०१८) सल्यान
बोमा खनाल मरासिनी (१९६८-२०१६)बर्बोट/ रेसुङ्गा न.पा. लामडाँडा, गुल्मी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीम आचार्य (२०३५) भुर्ती, दैलेख
महादेव भट्ट (२००७) बैतडी
मानकुमारी पन्थी (१९८७) अङ्गुरीकोट, अर्घाखाँची
मोती खनाल (२०१२) सितापुर, हालः सन्धिखर्क, अर्घाखाँची
यमदग्नि मरासिनी (१९४६-२०३६) अत्रकाँडा, गुल्मी
यमबहादुर थापा (२०१३) सुर्खेत
रमानाथ आचार्य (२००६) आचार्यवाडा, जुम्ला
रमानाथ ज्ञवाली (१९९४) छत्रदेव(साविक चिदिका) ठुलाखर्क, अर्घाखाँची
रवीन्द्र श्रेष्ठ (२०२५) भीमफेँदी, मकवानपुर
रामचन्द्र गौतम (१९९४) काँडेवास, बाग्लुङ, हालः सैनामैना नपा, वनकट्टा
लीलाधर आचार्य (१९५८-२०३१) तत्कालीन अर्घातोस, मरेङ-सान्ने, अर्घाखाँची
विष्णु प्रभात (२००९) मदनपोखरा, पाल्पा
वीरेन्द्र शाह (२००१) खाँची, डिहीडाँडा
सम्झना आचार्य रेग्मी (२०४३) लिवाङ, रोल्पा, हालः सर्दी, नवलपुर
सरला घिमिरे (२०२१) फलेवास, पर्वत
सरस्वती सापकोटा (२०१०) निबुआटार, मकवानपुर
साइन्द्रप्रकाश ज्ञवाली (२०१४) लिम्घा, गुल्मी
सावित्रा श्रेष्ठ (२०११) घोपा, धरान
सीताराम हुमागाईं (२०१८) फुलबारी, काभ्रे
सोमप्रसाद ढुङ्गाना (२०१५) कास्की
स्वामी कृष्णानन्द परमहंश (१९९०-२०६१) पाणिनि तपोभूमि, अर्घाखाँची
हरि गोर्खाली (२०१०) भरतपोखरी, कास्की
हरिता आचार्य (२०११) पिपलधारा-सुफल, गुल्मी/मरेङ-सान्ने, अर्घाखाँची
हरिसिंह धामी (२०१०) खलङ्गा, दार्चुला
हरिहर अर्याल (२०१५) छत्रदेव(साविक चिदिका), अर्घाखाँची
हर्क याक्सो (२०११) ताप्लेजुङ
हरिहर गौतम(२००६) अस्लेवा, गुल्मी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्रोत-सामग्री

आचार्य, राजेन्द्रकुमार (२०६०) केन्द्रीय नेपाली शब्दकोश, विवेक सिर्जनशील प्रकाशन, काठमाडौं।

आत्रेय, प्रा.डा.विष्णुराज (२०६६) सिङ्गीघाट महाकाव्य, अवधि भाषा।

एभीन्युज टेलिभिजन, सांस्कृतिक स्थलहरूको परिचय।

कँडेल, ऋषिराम (ऋषिकेशव भारद्वाज, २०६७) वाणगंगा खण्डकाव्य।

कान्तिपुर कोसेली (विभिन्न अङ्कहरू)।

कोकिला, डा. लक्ष्मी पोखरेल (२०७१) लुम्बिनी अञ्चलका लोकगीतको समाजशास्त्र, त्रि.वि. शोध प्रबन्ध।

खत्री, डा. प्रेमकुमार (२०४४) नेपालको इतिहास र संस्कृति, साझा प्रकाशन

गर्गगोत्री आचार्य वंशावली (२०६१) गर्गगोत्री आचार्य समाज, नेपाल।

गिरी, प्रा.डा.गितु (२०४९) लुम्बिनी अञ्चलका सांस्कृतिक पर्यटकीय स्थलहरू।

गिरी, प्रा.डा. जीवेन्द्रदेव (२०५७) हाम्रा लोकगाथा, एकता प्रकाशन, थापाथली।

गिरी, मधुसूदन र ओझा, रामनाथ (२०५७) लोकसाहित्य, वाङ्मय प्रकाशन, काठमाडौं।

गोरखापत्र दैनिक (विभिन्न अंकहरू)।

धिमिरे, गणपति (२०६९) महाभारतमा यक्ष र युधिष्ठिरको प्रश्नोत्तर, मरेङ- १ मरेङ-रूपन्देही सम्पर्क समाज, बुटवल, रूपन्देही।

जयसवाल, जियालाल साह (२०४६) श्री गढीमाई माहात्म्य, बरियारपुर, बारा

जिज्ञासु, भीम राना (२०६८/१२/०८) गोरखापत्र।

जी.सी.,झपेन्द्र (२०६९) हिँड्दाहिँड्दै।

जोशी, सत्यमोहन (२०६७) नेपाली चाडपर्व, साझा प्रकाशन, ललितपुर।

ज्ञवाली वंशावली (२०६८)।

त्रिपाठी, पद्मनाभ (२०७२) हिमाल पञ्चाङ्ग, लेखनाथ, कास्की।

दाहाल, डा. पेशल (२०५७) नेपालको इतिहास र संस्कृति, एम्.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, भोटाहिटी, काठमाडौं।

दिवस, तुलसी (२०३२) नेपाली लोककथा, साझा प्रकाशन, ललितपुर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीक्षित, मदनमणि (२०६९) ऋग्वैदिक नारी चरित्र, साङ्ग्रिला प्रकाशन।
देवकोटा, रत्नाकर (२०५१) कर्णाली अञ्चलका प्रमुख धार्मिक र सांस्कृतिक स्थलहरू, नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौँ।
नागरिक दैनिकका विभिन्न अङ्कहरू।
नेपाल टेलिभिजन (देशदर्शन)।
पन्थी, डा. टीकाराम (२०४१) केही जनश्रुतिहरू, किरण पुस्तकालय, गुल्मी।
पराजुली, प्रा.डा. मोतीलाल (२०६१) नेपाली लोकगाथा.. मधुपर्क, पुस अङ्क।
प्रश्रित, मोदनाथ (२०४७) कस्तो थियो रामराज्य ? केही सांस्कृतिक निबन्धहरू।
पाण्डे, डम्बरराज (२०५७) त्रिपुरासुन्दरी, गरिमा पुस अङ्क।
पुनमगर, दानबहादुर (२०५२) मगर पुजारी र देवस्थलहरू।
पुरी, रवीन्द्र (२०६८) पौराणिक पनौती, नेपाल कात्तिक २० अङ्क।
पौडेल, डा. शिवप्रसाद (२०६१)- नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण।
बराल मगर, डा. केशरजङ्ग (२०५०)- पाल्पा, स्याङ्जा र तनहुँका मगरहरूको संस्कृति, नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौँ।
बन्धु, प्रा.डा. चूडामणि (२०५८) नेपाली लोकसाहित्य, एकता प्रकाशन।
बन्धु, प्रा.डा. चूडामणि (२०६०) नेपाली साहित्यको इतिहास, प्रज्ञा प्रतिष्ठान।
भट्टराई, डिल्लीराज स.(२०७३) गुल्मी दर्पण, गुल्मेली सम्पर्क समाज, भैरहवा।
मादेन, कमल (२०६८) सुनदह, नागरिक भाद्र २४ अङ्क।
मेचीदेखि महाकाली (भाग-३)।
यात्री, पूर्णप्रकाश नेपाल (२०४१) भेरी लोकसाहित्य, नेपाल प्रज्ञा प्रतिष्ठान।
योगी, नरहरिनाथ (२०३२) हाम्रो देशदर्शन।
राजोपाध्याय, विराजकाजी (२०७०) कसरी आइपुगे मच्छिन्द्रनाथ ? गोरखापत्र दैनिक जेठ ४ अङ्क।
रेग्मी, डा. जगदीशचन्द्र (२०६६) नेपालका जनजातिहरू, भृकुटी-६।
रोल्पा जिल्लाको वस्तुगत विवरण, २०६१।
लामिछाने, डा. कपिल (२०६६) हाम्रा गाउँखाने कथा।
लेवी, सिल्वाँ (सन्. २००५) नेपाल अधिराज्यको इतिहास, हिमाल किताब,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाटनढोका, ललितपुर।
लुम्बिनी दैनिक, शनिवासरीय पाहुर (विभिन्न अङ्क)।
विष्णु पुराण।
शर्मा, जनकलाल (२०३९) हाम्रो संस्कृतिः एक अध्ययन, साझा प्रकाशन।
शर्मा, प्रयागराज (२०२८) कर्णाली प्रदेशः एक बिटो अध्ययन।
शाक्य, देवेन्द्रराज (२०७०) बुद्धकालीन केही विहारहरू।
शास्त्री, लक्ष्मण (२०३७) पाण्डव गुप्तवास बसेको विराटनगर, मधुपर्क मंसिर
श्रीमद्भागवत पुराण।
श्रेष्ठ, शिवकुमार (२०४२) लिम्बुवान सम्पदाको ऐतिहासिक अध्ययन।
सयपत्री (२०५५) मैथिली विशेषांक-४, नेपाल प्रज्ञा प्रतिष्ठान।
सर्वहारी, कृष्णराज (२०६७) थारु लोककथा, विवेक सिर्जनशील प्रकाशन।
साहनी, दिल (२०६५) घुम्टेको सेरोफेरोमा, गोधूलि साहित्यिक, दरम-बडीगा साहित्य सङ्गम, बाग्लुङ।
सुब्बा, होमनाथ केदारनाथ (१९६८ ई.) रामायण।
सुवेदी, डा. राजाराम (२०५४) कर्णाली प्रदेशको मध्यकालीन इतिहास, साझा प्रकाशन, ललितपुर।
सुवेदी, डा. राजाराम (२०५५) गुल्मीको ऐतिहासिक झलक, किरण पुस्तकालय गुल्मी।
सेन, सूब र अन्यः सम्पा. (२०६२) गुल्मी परिचय।
संस्कृत-हिन्दीकोश।
स्कन्ध पुराण, मानसखण्ड।

—○○—

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



लेखक परिचय

नाम– राजेन्द्रकुमार आचार्य (सङ्क्षिप्त– राकुआ)

शैक्षिक योग्यता– स्नातकोत्तर, त्रिभुवन विश्व विद्यालय

जन्ममिति– २००८ साउन ३० मङ्गलबार, चतुर्दशी / १५ अगस्त, १९५१

जन्मथलो– जन्मँदा अर्घातोस, २०३४ मा मरेङ र २०७४ मा मालारानी– १ सान्ने, अर्घाखाँची

हालको ठेगाना– बुटवल– ११ कालिकानगर, होराइजनटोल, रूपन्देही

आमा/बा– खगा (१९९१ लामडाँडा - २०२८ सान्ने)/वे.लीलाधर आचार्य (१९५८ सान्ने - २०३१ ऐ.)

प्रथम प्रकाशित रचना– 'चरित्र' अनुष्टुप् कविता (२०२४) बिहानीपख अङ्क– ५ वाराणसी

प्रकाशित कृति (गैर साहित्यिक)

१. शैक्षणिक मूल्याङ्कन (२०५७) भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौँ

२.शिक्षण विधि (२०५७) निमा पुस्तक प्रकाशन, भृकुटीमण्डप, काठमाडौँ

प्रकाशित कृति (भाषा/साहित्य)

१. केन्द्रीय नेपाली शब्दकोश (२०६०) विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ

२. गर्गगोत्री आचार्य वंशावली (सहलेखन २०६१) गर्गगोत्री आचार्य समाज, नेपाल

३. पचहत्तर जिल्लाका लोककथा (२०७३) नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौँ

४. मच्छिन्द्रनाथको सवारी (२०७५) स्वयम्, बुटवल, रूपन्देही (तपाईंको हातमा)

प्रकाशोन्मुख कृतिहरू

१. सांस्कृतिक प्रबन्ध सङ्ग्रह (भाग– १), २. बाल लोककथा (भाग– १) ३. थर–जातिका लोककथा (भाग– १), ४. अर्घाखाँचीतिरका लोककथा, ५. अर्घाखाँचीको ऐतिहासिक अध्ययन, ६. अर्घाखाँचीको साहित्य र साहित्यकार : एक अध्ययन, ७. कवि अजम्बरध्वज खातीका समग्र कृतिहरूको समीक्षात्मक अध्ययन, ८. उलुक छत्रः एक ऐतिहासिक अध्ययन, ९. थर सङ्ग्रह, १०. नियात्रा आदि ।

978-9937-2-9613-7

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal